परिच्छेद : एक

# शोध परिचय

## १ विषय परिचय

माता कुमारी र पिता आइमान गुरुङका सन्तान तीर्थ गुरुङ (२०२९) मादी गाउँपालिका-१, सिक्लेस निवासी स्रष्टा हुन् । पृथ्वीनारायण क्याम्पसबाट स्नातक तह पूरा गरेका गुरुङ सङ्गीत सुन्न, गीत गुन्गुनाउन, पुस्तक तथा पत्रपत्रिका अध्ययनमा रुचि राख्ने व्यक्तित्व पनि हुन् । शिक्षण पेशामा आवद्ध गुरुङ पछिल्लो समय आफ्नो पहिलो कृति **पाठशाला** उपन्यास (२०७४) लिएर नेपाली उपन्यासका क्षेत्रमा उदाएका छन् । मृत्युसँग लुकामारी खेलेर नयाँ जीवन पाएका तीर्थ आफ्नो जिन्दगीलाई बोनसको जिन्दगी भन्छन् । जसका कारण अर्न्तमुखी स्वभावका गुरुङलाई पुस्तक लेख्ने प्रेरणा मिल्यो र पाठशाला जन्मन पुग्यो ।

पोखरेली युवा सांस्कृतिक परिवारको आँगनबाट साधनामा लागेका गुरुङ संरक्षण कविता आन्दोलनका एक यात्रीसमेत हुन् । गोर्की, फचोदोर, दोस्तोएभाकी, फ्रान्ज काफ्का, अल्वेयर कामु, जेडी सालिन्जर र ओर्हान पुस्तकका लेखकको प्रभाव उनमा भेटिन्छ भने नेपाली साहित्यमा वीपी कोइराला, भूपी शेरचन, पारिजात र सरुभक्तको प्रभाव उनमा परेको गुरुङ बताउँछन् ।

उपन्यासकार गुरुङले आफ्नो पहिलो कृति पाठशालामा एस.एल.सी. दिएर बसेको एक किशोरको मनोविज्ञानलाई कथानक बनाएका छन् । नीजिस्तरका शैक्षिक संस्था र परम्परागत शिक्षण पद्धतिका बारेमा पनि उनले चर्चा गरेका छन् । सबैभन्दा महत्त्वपूर्ण कुरा त, एउटा बालक योग्य, सक्षम र असल मस्तिष्कको नागरिक बन्नका लागि परिवार, समाज एवम् विद्यालयको योगदानको चर्चा उनको उपन्यासमा पाइन्छ । यसका साथै दोस्रो जनयुद्धका सन्दर्भलाई विषयवस्तुका रूपमा लिएर उपन्यासकार गुरुङले पाठशाला उपन्यासको कथानक तयार पारेका छन् । प्रस्तुत शोधपत्र सोही पाठशाला उपन्यासमा केन्द्रित रहेको छ ।

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **पाठशाला उपन्यासको विधापरक अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्र (५१०-१) को आवश्यकता पूरा गर्नु प्रस्तुत शोध कार्यको प्रयोजन रहेको छ ।

## १.३ समस्याको कथन

नेपाली उपन्यास विधाको विकासमा पाठशाला उपन्यासलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । २०७५ सालको मदन पुरस्कारका लागि उत्कृष्ट आठ पुस्तकको छनौटमा परेको कृति भए तापनि आजसम्म सो कृतिका बारेमा गहन अध्ययन, विश्लेषण र मूल्याङ्कन हुन सकेको छैन । यसर्थ प्रस्तुत शोध निम्न समस्यामा केन्द्रित रहेको छ :

१ तीर्थ गुरुङको जीवनी, व्यक्तित्व र कृतित्व के कस्तो रहेको छ ?

२ पाठशाला उपन्यासलाई तत्त्वगत आधारमा के कसरी अध्ययन गर्न सकिन्छ ?

३ तीर्थ गुरुङका औपन्यासिक प्रवृत्ति के कस्ता रहेका छन् ?

उल्लेखित बुँदामा देखिएका समस्या शोधका समस्या कथनका रूपमा रहेकाले यिनै समस्यामा केन्द्रित रहेर अध्ययन तथा विश्लेषण गर्नु शोधको समस्या रहेको छ ।

## १.४ शोधको उद्देश्य

समस्या कथनमा प्रस्तुत गरिएका समस्यामा केन्द्रित रहेर अध्ययन गरिनु नै प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । जसलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१ तीर्थ गुरुङको जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त चर्चा गर्नु,

२ पाठशाला उपन्यासलाई तत्त्वगत आधारमा अध्ययन तथा विश्लेषण गर्नु,

३ तीर्थ गुरुङका औपन्यासिक प्रवृत्तिको निरूपण गर्नु ।

प्रस्तुत विषयमै केन्द्रित रहेर उपन्यासकार तीर्थ गुरुङको औपन्यासकारिताको अध्ययन गर्नु प्रस्तुत शोध प्रस्तावको उद्देश्य रहेको छ ।

## १.५ पूर्वकार्यको विवरण

तीर्थ गुरुङको पाठशाला उपन्यास पहिलो औपन्यासिक कृति हो । वाङ्मयको क्षेत्रमा नवोदित स्रष्टाको पहिलो कृति भएकै कारण स्रष्टा र कृतिका बारेमा सामान्य टिकाटिप्पणी भए तापनि गहन अध्ययन अनुसन्धान भएको पाइँदैन । यहाँ उनको औपन्यासकारितालाई लिएर अग्रज, अनुज र समकालीन स्रष्टाले व्यक्त गरेका सङ्क्षिप्त टिप्पणीलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- पाठशालाका बारेमा लेखक स्वयम्ले नागरिक न्यूज (२०७५) मा भनेका छन्- 'पाठशालाहरूमा केटाकेटीहरू तथ्य घोकिरहेका हुँदैनन् । जहाँ शिक्षकहरू रोजीरोटीका लागि हैन मात्र गुरु हुन आएका हुन्छन् । तिनले सुरक्षित भविष्यका लागि कुनै थप काम गरिरहेका छैनन् । उसको कल्पनामा शिक्षक मात्र हैन सबै श्रमजीविको एउटै इज्जत छ; कुनै डाक्टर होस् वा कुनै पाइलट, कुनै कुल्ली होस् वा कुनै कलमजीवि' (गुरुङ, २०७५ : साउन १९) ।
- पाठशालाका बारेमा समीक्षा गर्दै ठाकुर मगरले **सामाजिक र मनोवैज्ञानिक विषय मिश्रित उपन्यास** शीर्षकमा भन्छन्- 'पाठशाला सामाजिक यथार्थवादी र मनोवैज्ञानिक उपन्यास हो । बालकको विकास र प्रगतिमा समाज, घर, परिवार र विद्यालयले सहयोग नगर्दा या भनौ उनीहरूका भावना नबुझ्दा बालकमा पर्ने मनोवैज्ञानिक असरलाई कलात्मक ढङ्गले व्याख्या र विश्लेषण गरिएको छ' (मगर, २०७५ : समालोचक डेस्क) ।
- राम लोहनीले पाठशाला उपन्यासका बारेमा अन्नपूर्ण पोष्टमा **२०७४ का आख्यान एक घोत्ल्याई** शीर्षकमा भन्छन्- 'तीर्थ गुरुङको पाठशाला विषयवस्तु र शैलीका दृष्टिले यो वर्षको पृथक उपन्यासका रूपमा रहेको छ । यसले परम्परागत शिक्षण पद्धतिप्रति ठूलो व्यङ्ग्य गरेको छ । एउटा बालक योग्य,

सक्षम र सन्तुलित मस्तिष्कको नागरिक बन्नका लागि परिवार, समाज र विद्यालयको उत्तिकै योगदान हुनुपर्दछ' (लोहनी, २०७४ : वैशाख १) ।

- लक्ष्मण श्रेष्ठले अन्नपूर्ण पोष्ट दैनिकमा **पाठशाला एक तीर्थयात्रा** शीर्षकमा लेख्छन्- 'पाठशाला एउटा स्कुले केटाको डायरी हो । जहाँ उसले परिवार, समाज र स्कुलको साँगोपाँगो तस्वीर कोरेको छ । नेपाली साहित्यमा यो नौलो कथा हो । किनभने किशोरको आँखाबाट देखिने सांसारिक दृश्य अहिलेसम्म कसैले लेखेको छैन' (श्रेष्ठ, २०७४ : असोज २१) ।

यसरी उपन्यासकार गुरुङको पाठशाला उपन्यासका बारेमा सङ्क्षिप्त अखवारी लेखन भएका छन् । प्रस्तुत टिप्पणीलाई हेर्दा यहाँ स्रष्टा गुरुङको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा चर्चा परिचर्चा भएको पाइँदैन । यो मात्रै होइन, न उपन्यासगत प्रवृत्ति, न पाठशाला उपन्यासले समेटेका विषयवस्तुका बारेमा अध्ययन र विश्लेषण हुन सकेको छ । सोही कारण स्रष्टा र कृति दुवैको अध्ययन र विश्लेषण गर्नु आवश्यक देखिएकाले यस विषयमा प्रस्तुत शोध गरिएको हो ।

## १.६ शोधकार्यको औचित्य

तीर्थ गुरुङको पाठशाला कृतिका बारेमा सामान्य टिकाटिप्पणी गरेका सन्दर्भलाई पूर्व कार्यको विवरणमा प्रस्ट पारिएको छ । उनको जीवनी, व्यक्तित्व, कृतित्व र पाठशाला उपन्यासको अध्ययन, अनुसन्धान र विश्लेषण भने हुन सकेको छैन । पाठशाला उपन्यास अध्ययनपछि प्रस्तुत उपन्यास समसामयिक र जीवन्त उपन्यास हो भन्न सकिने धेरै आधार रहेका छन् । यस सम्बन्धी हालसम्म अध्ययन नभएकाले कृतिको कृतिपरक अध्ययन गरी सभ्य र आदर्श समाजको परिकल्पना गर्नु नै शोधको मुख्य उद्देश्य रहेको छ । जसको अध्ययनपछि पाठशाला उपन्यासका बारेमा जान्न चाहने जो कोहीका लागि प्रस्तुत शोध उपयोगी बन्ने भएकाले शोधको औचित्य स्वतः प्रष्ट हुन्छ ।

## १.७ शोधको क्षेत्र र सीमा

शिक्षण पेशामा सङ्लग्न तीर्थ गुरुङले पाठचपुस्तक र विद्यालय प्रयोजनका लागि विभिन्न समयमा सामान्य लेख रचना प्रकाशन गर्दै आएका थिए । त्यसैको जगमा उभिएर गुरुङले आफ्नो पहिलो उपन्यास पाठशाला लिएर आएका हुन् । सोही कारण प्रस्तुत कृतिको विधापरक अध्ययन गर्नु अध्ययनको क्षेत्र र सीमा रहेको छ ।

## १.८ सामग्री सङ्कलन र शोधविधि

**पाठशाला उपन्यासको विधापरक अध्ययन** शीर्षकको प्रस्तुत शोध पूरा गर्नका लागि उपन्यास सिद्धान्तले विश्लेषण गर्न सक्ने विषयलाई आधार मान्दै पुस्तकालय विधि प्रयोग गरिएको छ । साथसाथै शोधका लागि आवश्यक जानकारी टिपोर्ट गर्न क्षेत्रीय विधिसमेत अवलम्बन गरिएको छ । आवश्यक परेको खण्डमा शीर्षकसँग सम्बद्ध लेखक, उनका समकालीन साथीसँगीसँग आवश्यकतानुसार भेटघाट र छलफल गरी सल्लाह, सुझाव सङ्कलन गरिएको छ । पाठशाला उपन्यासको विधापरक अध्ययनमा केन्द्रित शोधलाई विश्लेषणात्मक पद्धति अवलम्बन गरी तत्त्वगत आधारमा विश्लेषण गर्दै पूर्ण रूपमा प्रदान गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

**पाठशाला उपन्यासको विधापरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्रलाई सफल बनाउन विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । साथै आवश्यकतानुसार विभिन्न शीर्षक, उप-शीर्षकमा विभाजन गरी शोधलाई सुव्यवस्थित रूपमा सम्पन्न गरिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसारको रहेको छ :

परिच्छेद एक - शोधपत्रको परिचय,

परिच्छेद दुई - उपन्यासको सैद्धान्तिक चिनारी,

परिच्छेद तीन - आधुनिक नेपाली उपन्यासको विकासक्रम,

परिच्छेद चार - पाठशाला उपन्यासको विधापरक अध्ययन,

परिच्छेद पाँच - उपसंहार तथा निष्कर्ष ।

परिच्छेद : दुई

# उपन्यासको सैद्धान्तिक चिनारी

## २. उपन्यासको सैद्धान्तिक चिनारी

साहित्यको आख्यान विधा अन्तर्गत पर्ने उपन्यास एउटा लोकप्रिय विधा हो । साहित्यमा उपाख्यान विधाका दुई रूप कथा र उपन्यासमध्ये लामो स्वरूपको एक रूप उपन्यास हो । आजको सामाजिक जीवनको साङ्गोपाङ्गो उपस्थापन गरी लोकप्रियता कमाएको यसै उपन्यासको सैद्धान्तिक परिचय यहाँ निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१ उपन्यास शब्दको व्युत्पत्ति र अर्थ

समाजको समसामयिक यथार्थलाई प्रस्तुत गर्ने एक सशक्त साहित्यिक विधाका रूपमा उपन्यासलाई लिन सकिन्छ । साहित्यका विविध विधामध्ये उपन्यास सबैभन्दा पछाडि जन्मिएको विधा हो । "नयाँ साहित्यिक विधाको रूपमा उपन्यास देखिए तापनि उपन्यास शब्दको प्रयोग झण्डै २३ वर्ष अघि नै भरतमुनिको नाट्यशास्त्रमा प्रयोग भएको थियो" (प्रधान, २०६१ : १३) । उपन्यास शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'अ' प्रत्यय लागेर बनेको पाइन्छ । जसको अर्थ समीपमा राखिनु हुन्छ । यसरी पूर्वमा उपन्यास र पश्चिममा नोबेल भनी चिनिएको यस विधाको अध्ययन र विल्लेषण पाश्चात्य मान्यताका आधारमा गर्नु सान्दर्भिक देखिन्छ ।

पूर्वमा उपन्यासको सङ्केत पाइए तापनि वास्तवमा आजको उपन्यास विधा पश्चिमी साहित्यको देन हो । अङ्ग्रेजीमा यसलाई नोबल (Novel) भनिन्छ । यो ल्याटिन भाषाको नोबस (Novews) वा नोवेलस् (Novallows) फ्रान्सको नोवेल (Novella) र इटालीको नोबेल (Novelle) शब्दकै विकसित शब्दका रूपमा देखापर्छ । यसको सम्बन्ध मध्ययुगीन रोमान्ससँग पनि जोडिन्छ । थोरै यथार्थ प्रयोग गरिएको तथा रमाइला छोटा रूपमा रचना गरिएको गद्यलेखनलाई इटालेली भाषामा नोबेला (Novella) भनिन्थ्यो भने यसकै प्रभावमा फ्रान्सेली भाषामा पनि त्यस्तै प्रकारका रचनार्लाइ नोबेला (Novelle) भनियो । Novel शब्द प्रयोगमा आउनुभन्दा अघि जुनसुकै किसिमका कथालाई फिक्सन (Fiction) भनिन्थ्यो । जसको अर्थ आख्यान हुन्छ । अर्कातिर रोमन (Roman) बाट निस्केको रोमान्स

Romance ले पनि यस्तो आख्यानको अर्थ जाहेर गर्छ, धन असाधारण प्रेम कथाको हुन्छ । त्यसैले असम्भव, दुर्लभ, असामान्यार्थक, रोमान्स र कल्पनात्मक फिक्सन दुवै केही न केही मात्रामा उपन्यासमा देखिने हुनाले यी दुवैसँग उपन्यासको सम्बन्ध भएको मान्नुपर्छ । उपन्यासको प्रारूपलाई खोज्दै जाँदा यसको आदि बीज जापानी उपन्यासकार स्वरासकी सिकिबु (सन् ९६७-१०१६) द्वारा लिखित **गोन्जीका कथा** (The tale of genji) मा पाउन सकिन्छ । इटालियन कथाकार गिजोवानी बोकासियो (Giovanni Baccaccio) को **डेकामेराँ** कथाहरूको सङ्ग्रह रोचक, नवीन शैली र उपकर्षकले गर्दा उत्कृष्ट नोबेला (Novella) ठहरिन्छन् । यिनै इटालियन नोबेलबाट अङ्ग्रेजी नोबेल बनेको देखिन्छ (प्रधान, २०६१ : १५) । अङ्ग्रेजी नोबेल पश्चात् बिस्तारै अन्य क्षेत्रमा प्रचलित हुन थालेको हो ।

रेनेसा पूर्वका उपन्यास अलौकिक कल्पना र मनोविनोदपूर्ण पद्यात्मक रोमान्सहरूमा आधारित रहेका थिए (प्रधान, २०६१ : १७) । डानियल डिफोको सन् १७१९ मा प्रकाशित **रोविन्सन क्रुसो** नायक आख्यानात्मक कृति नै पहिलो आधुनिक यथार्थवादी उपन्यास ठहर्न आउँछ । यसरी विकसित भएको पाश्चात्य उपन्यास परम्परा बीसौं शताब्दीदेखि विभिन्न वादहरू हुँदै अगाडि बढेको देखिन्छ ।

## २.२ उपन्यासको परिभाषा

उपन्यास शब्दको प्रयोग पूर्वीय साहित्यमा भए पनि यसको विकसित स्वरूप भने पाश्चात्य साहित्यमा भएको पाइन्छ । अठारौं शताब्दीमा रविन्सन क्रुसोबाट उपन्यास भन्न सुहाउने खालको आख्यानात्मक कृतिले जन्म लियो । त्यसपछि विभिन्न साहित्यकारहरूले उपन्यास लेखेको पाइन्छ । सबैभन्दा पछाडि जन्मिएको उपन्यास अहिले सबैभन्दा लोकप्रिय विधाका रूपमा रहेको छ । उपन्यास मानव जीवनको यथार्थ चित्र प्रस्तुत गर्ने साहित्यिक विधा भएकाले यथार्थताको नजिक रहेर जीवनमा घटित घटना र वस्तुपात्रहरू प्रस्तुत गर्नुपर्ने र मानव स्वभाव परिवर्तनशील भएकोले त्यसैको चित्र प्रस्तुत गर्दा यसको स्वरूपमा पनि स्वतः परिवर्तन आउने भएकाले एउटै परिभाषामा समेटिन असजिलो हुन्छ । "उपन्यास विधा त झन् पछि जन्मिएकोले बन्धहीन भई परिवर्तनशील भएकाले यसलाई कुनै एक परिभाषाभित्र समेटेर परिभाषित गर्नु अझ कठिन हुन्छ" (प्रधान, २०६१ : २) । तैपनि पाश्चात्य तथा पूर्वीय विद्वान्हरूका केही परिभाषालाई देखाउन खोजिएको छ ।

उपन्यास जीवनको विस्तारपूर्वक बयान गरिएको आख्यानात्मक गद्य कृति हो । यसमा मान्छेका कार्य र भावनाको चित्रण गरिन्छ । उपन्यास कथात्मक गद्य विधा मात्र होइन, यो मानव जीवनको साङ्गो पाङ्गो चित्रण हो । उपन्यास कला नै पहिलो कला हो; जसले मानवको सम्पूर्ण जीवनलाई अभिव्यक्ति प्रदान गर्ने चेष्टा गर्छ (फाक्स, १९७९ : १०) । कविता, नाटक, कथा, निबन्ध आदि सबै विधालाई सजिलै आत्मसात गर्ने हुँदा यसले सबैभन्दा बढी नयाँ-नयाँ प्रयोगहरू बेहोरेको छ र अझैं यसमा नवीनभन्दा नवीन अन्य प्रयोगहरू थाम्ने सामर्थ्य एवम् सम्भावना पनि उत्तिकै छ । यसको स्वरूप निरन्तर फेरिँदो छ । यसका साथै सिमाना निरन्तर भत्किँदो छ (शर्मा, २०६० : ७४) । त्यसैले यो गतिशील र प्रयोगशील विधा हो । यसलाई सबैभन्दा मुक्त र विराट् साहित्यिक रूप पनि भनिन्छ । द अक्सफोर्ड इङ्लिस डिक्सनरीकानुसार ‘उपन्यास ठिक्कको लम्बाइ भएको काल्पनिक आख्यान वा कथा हो, जो एउटै मात्र वा धेरै मात्रामा बिस्तारित भएको छन्द; जहाँ चरित्रहरू र कार्यहरूले धेरै वा कम जटिलता भएको कथावस्तुको चित्रण भित्र वर्तमान वा विगत समयको वास्तविक जीवनको प्रतिनिधित्व गरेको हुन्छ (द, अक्सफोर्ड डिक्सनरी, १९३९ : १०३९) । गद्य विधामा उपन्यास कथाभन्दा ठूलो आयामको हुन्छ । जसमा पात्रहरूको काल्पनिक वा वास्तविक जीवनको प्रनिनिधित्व गरेको हुन्छ ।

उपन्यासको विश्लेषण गर्ने क्रममा भारतीय लेखक प्रेमचन्द्रले उपन्यासको परिभाषा दिँदै भनेका छन्- “म उपन्यासलाई मानवजीवनको चित्र मान्छु । मानव चरित्रमाथि प्रकाशन पार्नु र जीवनका रहस्यलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो” (सुवेदी, २०६४ : ११ मा उधृत) । साहित्य समाजको ऐना हो । यस भनाइलाई उपन्यासले पूर्णता दिने काम गरेको हुन्छ । समाजमा घटित घटनाहरूलाई आख्यानका माध्यमबाट रोचक तरिकाले प्रस्तुत गर्ने काम उपन्यासले गरेको हुन्छ ।

साहित्यका अनेक विधाहरूमध्ये एउटा उपन्यास पनि हो । आधुनिक साहित्यमा यसले महत्त्वपूर्ण ठाउँ ओगटेर सर्वाधिक लोकप्रियता कमाएको छ । यसको मुख्य कारण हो उपन्यासको रोचकता, बृहत् जीवनको परिचय र सत्याभास । यसले गर्दा उपन्यासको सर्वतोमुखी औचित्यमात्र स्वीकृत भएको होइन; जीवन तथा समाजलाई नजिकबाट हेर्ने; विश्लेषण गर्ने र सर्वाङ्गीण चित्र अङ्कित गर्ने भावाभिव्यक्तिको बाटोमा यो अपेक्षाकृत सशक्त र सक्षम सिद्ध भएको छ (प्रधान, २०६१ : १) । उपन्यासमा गद्यआख्यान प्रयोग गरिने हुनाले भाषाशैली सर्वसाधारण समक्ष सरल र रोचकपूर्ण हुन्छ । सानादेखि लिएर ठूलासम्म

पाठकले रुचाउने साहित्यमध्ये उपन्यास पनि एक हो । "बहुविधा संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परम्परा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ" (श्रेष्ठ र शर्मा, २०६९ : ९४) । उपन्यासमा एक घटना मात्र होइन, अनेक घटना प्रसङ्गहरू जोडिएका हुन्छन् । पाश्चात्य जगत्लाई उपन्यासको थलोको रूपमा चिनिन्छ । डब्लु एच हड्सनले उपन्यासको परिभाषा दिने क्रममा "नरनारीको जीवनको कार्य र भावनाको भव्य चित्रणलाई उपन्यास मानेको पाइन्छ" भनेका छन् (पौडेल, २०६८ : ५ मा उधृत) । यसैगरी विष्णुप्रसाद पौडेलका अनुसार उपन्यास वर्तमान युग जीवनका विविध रहस्यलाई अत्यन्त सहजताका साथ मुखर गर्ने यथार्थकेन्द्री कल्पनायुक्त र मानवतावादी त्यस्तो विस्तृत गद्याख्यान हो । जसमा सृजनात्मक कलाका अनेक रूपको उपयोग सम्भव छ (पौडेल, २०६८ : ६) ।

यस प्रकारले उपन्यासलाई जीवनको नवीन रस सृजना गर्ने वस्तुका रूपमा लिने गरिन्छ । जीवनका यथार्थ चित्रणका प्रस्तुतिहरू; जीवनका क्रियाकलापहरूलाई प्रतिपादन गरिएको हुन्छ । वस्तु र घटनाको प्रयोग गरिएको हुन्छ । पात्रहरूको यथार्थ जीवन पनि प्रस्तुत गरिएको हुन्छ । संरचनाका दृष्टिले कथा झैं उपन्यासको पनि आफ्नै स्थापत्य कला हुन्छ । जसभित्र पात्रको मानसिक जीवनको चित्रण हुन्छ । क्रियाव्यापार, प्रतीक तथा बिम्ब भावपरिमण्डल, रूपविन्यास, कथायोजना आदि सबै पर्दछन् भने समय र स्थानको सीमामा नबाँधिएको र व्यापक परिवेश, पात्र, भावभूमि आदि समेटिएको हुन्छ ।

समग्रमा उपन्यास साहित्यिक विधाहरूमध्ये विस्तृत कथानक भएको एउटा गद्याख्यान हो, जसमा बृहत् जीवन जगत्को चित्रण गरिएको हुन्छ । स्वयम्मा पूर्णरचना भएका चरित्रहरूको यथार्थ चित्रण गरिने यथार्थ र कल्पनाको सुन्दर समायोजन गरिएको महाकाव्यको समकक्षी विधा हो । उल्लिखित पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका परिभाषालाई हेर्दा एकरूपता देखिदैन फरक-फरक समयमा दिएको उपन्यासको परिभाषाले समग्र उपन्यासको स्वरूपलाई समेट्न नसकेको देखिन्छ ।

## २.३ उपन्यासका उपकरणहरू

उपन्यास एक गद्य साहित्य हो । सिङ्गो उपन्यास बन्नका निम्ति विभिन्न तत्त्व तथा उपकरणहरूको आवश्यक पर्दछ । उपन्यास रचनाका आधारभूत संरचकका बारेमा

विद्वान्हरूले आ-आफ्नै ढङ्गले विचार प्रस्तुत गरे तापनि अधिकांशले कथानक, चरित्रचित्रण, दृष्टिबिन्दु, परिवेश, उद्देश्य, जीवनदर्शन र भाषाशैली पर्दछन् भन्ने कुरामा सहमत देखाएका छन् । जसलाई निम्नानुसार चर्चा गरिएको छ ।

**२.३.१ कथानक**

उपन्यासमा कथानकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । घटना र पात्रका बीच कार्यकारण सम्बन्धका आधारमा विकास भएको योजनाबद्ध ढाँचा नै कथानक हो । "उपन्यास आख्यान भित्र पर्ने भएकाले यसमा कुनै न कुनै रूपमा उपाख्यान तत्त्व रहेको हुन्छ ( सिवाकोटी, २०६२ : २५) । कथानक उपन्यासको आधारवस्तु हो, जसको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ । अर्को शब्दमा भन्ने हो भने घटनाहरूलाई एक अर्कासित उनेर सम्बन्ध जोड्ने र सुसंगठितता प्रदान गर्ने काम कथानकले गर्दछ । यसलाई कार्यकारणहरूको तारतम्यपूर्ण सूत्रबद्धस्वरूप अथवा घटनाहरूको आकृति खडा हुन्छ (प्रधान, २०६१ : ७) । "कथालाई मेरुदण्ड मानेर जीवित रहने विधा भएकाले यसमा आख्यान पक्ष अनिवार्य रहन्छ यसकारण कथाले जस्तै उपन्यासले पनि कथानक पक्षको अपेक्षा गर्दछ" ( सुवेदी, २०६४ : १८) । हुन त हिजोआज मनोवैज्ञानिक र मनोविश्लेषणको बढ्दो स्थितिले गर्दा उपन्यासलाई अकथात्मक वा चरित्रलाई विशेष जोड दिन खोजेको पाइन्छ । तर उपन्यास उपाख्यानधर्मी विधा भएकाले कथावस्तुलाई त्याग्न भने सकिँदैन । किनकि सक्षम कथानक भएको उपन्यासले सो स्थिति प्राप्त गर्न सक्ला भन्ने ठहर गर्न सकिँदैन । यसर्थ कथावस्तुको प्रयोग उपन्यासमा प्रत्यक्ष वा परोक्ष रूपमा महत्त्वपूर्ण पर्दछ ।

अङ्ग्रेजी शब्दको 'प्लट' को पर्यायका रूपमा नेपाली भाषामा कथानक आएको छ । यसको सङ्गठन पनि विविध किसिमको हुन्छ । उपन्यास आदि, मध्य र अन्त्यको क्रममा देखिए रैखिक कथानक भनिन्छ भने पछि सोभन्दा भिन्न क्रममा आएको खण्डमा व्यक्तिक्रम भनिन्छ । कथानकीय स्रोतहरूको उल्लेख गर्दा ऐतिहासिक यथार्थ, मिथक, स्वैरकल्पना र रागात्मक सौन्दर्यलाई आधार बनाइएको छ (बराल र एटम, २०५६ : २४) । कथानकमा घटना, कार्यव्यापार, परिवेश र परिस्थितिको सङ्घर्ष ह्रास र उपसंहार जस्ता कुरा कथानकका आदि मध्य र अन्त्य क्रममा आएका हुन्छन् । कथानकमा सामाजिक, ऐतिहासिक, पौराणिक, राजनीतिक, सांस्कृतिक आदि वर्णन सन्दर्भ रहेको पाइन्छ (पौडेल, २०६८ : ८) । कथानक प्रधान वा कथानकलाई मुख्य बनाएर लेखिएको आख्यानलाई घटना प्रधान भनिएको

पाइन्छ । उपन्यासमा कथानक अनिवार्य तत्त्व हो । विभिन्न स्रोतबाट यसको निर्माण गरिएको हुन्छ ।

### २.३.२ चरित्र चित्रण

उपन्यासको कथानकलाई अगाडि बढाउने मानवीय वा मानवेतर प्राणीलाई चरित्र भनिन्छ । चरित्र-चित्रणले गर्दा आधुनिक उपन्यास जीवनको भाष्य झैं वर्णित छ र यसकारण उपन्यासमा चरित्रको महत्ता सर्वोपरि मानिन्छ । चरित्र व्यक्ति र जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासित संबद्ध हुने हुनाले यसको चित्रणमा व्यक्तिले जीवन स्वयं मनुष्य र उसको बृहत्तर सत्य हो, जसको अध्ययन गर्नु उपन्यासको अशिष्ट ठहरिन्छ (प्रधान, २०६१ : ८) ।

उपन्यासको घटना तथा पात्रहरू सामाजिक हुन्छन् र उपन्यासले समसामयिक घटनाहरूलाई प्रस्तुत गर्दै सामाजिक यथार्थहरूलाई प्रतिनिधित्व गर्ने खालका पात्रहरूको चयन गर्दछ । अङ्ग्रेजी 'क्यारेक्टर' शब्दले जुन अर्थ बुझाउँछ; यसलाई नेपालीमा चरित्र (पात्र) क्रियाकलाप, कार्यकलाप आदिले चिनाउने प्रयास गरिएको छ । उपन्यासमा मानवीय वा मानवेत्तर चरित्र जुनसुकै प्रयोग गरे पनि त्यसले समाज र जीवनको प्रतिबिम्बन गरेको हुनुपर्दछ । पात्र वा चरित्रका माध्यमबाट नै उपन्यासकारले आफ्ना विचार वा चिन्तनलाई प्रस्तुत गर्ने काम गरेका हुन्छन् । उपन्यासमा चरित्रचित्रण कथानक र नाटकीय शैली अपनाइन्छ । मान्छेका शाश्वत सत्यलाई उद्घाटन गर्ने पक्षहरू पनि मान्छेका चरित्रमै उद्घाटित भएका हुन्छन् । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याएको वस्तु चरित्र हो ।

यसरी पाठकसम्म सम्प्रेषण गर्ने जाँगर देखाउने वस्तु पनि उपन्यासभित्र चरित्र नै प्रमुख भएर रहेको हुन्छ । औपन्यासिक चरित्रको विश्लेषण गर्दा विभिन्न आधार लिइन्छ । चरित्रचित्रणका सन्दर्भलाई लिएर मोहनराज शर्माले विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

लिङ्गका आधारमा : पुलिङ्ग/स्त्रीलिङ्ग

कार्यका आधारमा : प्रमुख/सहायक/गौण

प्रवृत्तिका आधारमा : अनुकूल/प्रतिकूल

स्वभावका आधारमा : गतिशील/प्रतिकूल

जीवन चेतनाका आधारमा : वर्गगत/व्यक्तिगत

आसन्नताका आधारमा : नेपथ्य/मञ्चीय

आबद्धताका आधारमा : बद्ध/मुक्त (शर्मा, २०६६ : १६५) ।

यसरी उपन्यासका पात्र वा चरित्रलाई वर्गीकरणका आधार बनाइएको पाइन्छ । कथानकलाई अगाडि बढाउन पात्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासमा साधारण तथा प्रत्यक्ष, वर्णनात्मक र नाटकीय पद्धतिबाट चरित्र चित्रण गरिन्छ । प्रत्यक्ष वा वर्णनात्मक पद्धतिबाट चरित्र चित्रण गर्दा उपन्यासकारले आदिबाट चरित्रको स्थिति, सोचाइ, विचार, अनुभव जस्ता कुरामा आफ्नो दृष्टिकोण वर्णन गर्दछ । त्यस्तो वर्णन मनोवैज्ञानिक उपन्यासमा हुन्छ । नाटकीय पद्धतिबाट चरित्र चित्रण गर्दा उपन्यासकार टाढा बस्छ । यस्ता उपन्यासमा केन्द्रित घटना, मनोवाद र संवादको प्रयोग गरी उपन्यासकारले चरित्रचित्रण गर्छ (बराल र एटम, २०५८ : ३५) । लेखकले उपन्यासमा जुटाएका सामग्रीहरूको उपयोग पात्रहरूले गर्दछन् । चरित्र चित्रणका कारणले उपन्यास विधा जीवनको यथार्थ चित्रणमा समर्थ हुन्छ भने चरित्र पनि उपन्यासको महत्त्वपूर्ण उपकरण हो ।

### २.३.३ परिवेश

उपन्यासमा पात्र वा चरित्रको कार्य व्यापार गर्ने स्थान, समय, वातावरण अथवा घटनाहरू घटित हुने जगत्लाई परिवेश भनिन्छ । यसलाई अर्को शब्दमा देशकाल वा वातावरण अथवा घटनाहरू घटित हुने जगत्लाई परिवेश भनिन्छ । आख्यानमा कार्यव्यापार हुने र घटना घटित हुने स्थान, समय आदि वस्तुजगत्लाई परिवेश भनिन्छ (शर्मा, २०६६ : १४८) । चरित्रले कार्य गरेको स्थानलाई देश, समयलाई काल र वरपरको आन्तरिक वा बाह्य स्थितिलाई परिवेश भन्ने गरिन्छ ।

देश कालको तात्पर्य वातावरणको कुनै सीमा हो । जसको परिवेशअन्तर्गत उपन्यासले आफ्नो संसार दृष्टि गर्छ । यसले देशको सामाजिक, धार्मिक र राजनीतिक परिस्थितिलाई सम्झाउँछ । आचारविचार, रीतिथिति, चालचलनलाई बुझाउँछ । समाजका असल-खराब, व्यवहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्छ (प्रधान, २०६१ : १०) । परिवेशले उपन्यासको कथावस्तु र चरित्रमा स्वभाविकता तथा यथार्थताको निर्वाह गरेको देखिन्छ । भौगोलिक विशेषताले कतिपय संस्कारहरू पनि बोकेका हुन्छन् किनभने मान्छेले बाह्य संसार र आन्तरिक संसारका बीच समन्वय गरिरहेको हुन्छ । "स्थानीय विशिष्टता वा

स्थान विशेष माटोको गन्ध दिन सक्नु परिवेश प्रधान वा आञ्चलिक उपन्यासको खूबी मानिन्छ" (पौडेल, २०६४ : १०) । परिवेशले देश, सामाजिक, धार्मिक, राजनीतिक परिस्थितिलाई बुझाउँछ । समाजका असल-खराब व्यवहारिक र वैचारिक पक्षलाई सङ्केत गरेको हुन्छ । परिवेश बिना उपन्यासकारले कथानकलाई विश्वसनीय बनाउन सक्दैन पात्रहरूलाई यथार्थ देखाउन पनि वातावरणको आवश्यक पर्दछ भने ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न पनि परिवेश आवश्यक रहेको छ भन्ने कुरा स्पष्ट देखिन्छ । परिवेशको निर्माण देशकालमा घट्ने घटना, दृश्य वा चरित्रका कार्यबाट हुन्छ । देशकाल, स्थानिक र कालिक हुन्छ भने वातावरण मानसिक पनि हुन्छ । परिवेशको प्रस्तुतिले औपन्यासिक कथानक विश्वसनीय बनाउन चारित्रिक यथार्थताको पुष्टि गर्न र औपन्यासिक प्रभाव सिर्जना गर्न सहयोग गरेको हुन्छ ।

### २.३.४ भाषाशैली

साहित्यको माध्यम नै भाषा हो । भाषाशैली उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । कुनै पनि उपन्यासलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका निम्ति भाषाशैलीको महत्त्वपूर्ण भूमिका हुन्छ । साहित्यको माध्यम नै भाषा हो । भाषिक कलाले उपन्यासको कथानक तथा संवादमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट भएको हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैँले प्रयोग गरेको हुन्छ र यो लेखकीय स्तरअनुरूप बढी कलात्मक र औपचारिक हुन्छ भने दोस्रो प्रकारको भाषा पात्रका स्तर अनुरूप बढी कलात्मक र अनौपचारिक अर्थात् बोलचालको भाषा प्रयोग गरिएको हुन्छ । उपन्यासका पात्र पात्रका बीचमा आफ्ना विचार, भावना र हर्षविवाद, उल्लासविष्मय, करुणा, क्रोध आदि मनोरोगलाई व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालाप गरिएको हुन्छ ।

उपन्यासमा भाषा जनबोली निकटको प्रयोग गरिन्छ । आञ्चलिक उपन्यासमा सोही स्थानको व्यक्तिबोली तथा भाषाको प्रयोग भएको पाइन्छ । औपन्यासिक भाषाको वर्णन गर्ने क्रममा ईश्वरीप्रसाद गैरेले विभिन्न आधारमा चर्चा गरेको पाइन्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**उच्च भाषा :** नेपाली उपन्यासको सन्दर्भमा भन्दा जुन उपन्यासमा संस्कृत तत्सम शब्द र समासात्मक शब्द प्रयुक्त छन् त्यो उच्च भाषा वा परिनिवठित भाषा हुन जान्छ ।

**सामान्य भाषा :** यस खालका भाषामा संस्कृतका साथै अरबी, फारसी हिन्दी आदिका झर्रा शब्दहरूको प्रयोग हुन्छ ।

**आञ्चलिक भाषा :** यस खालका भाषामा स्थानीय भाषिकाको प्रयोग गरिएको हुन्छ । जस्तै : शंकर कोइरालाको खैरेनीघाट ।

**बोलचालको भाषा :** सरल, स्पष्ट र बोधगम्य प्रकारको भाषा हो । यसै भाषामा नै उपन्यास लेखिनु राम्रो हो भनेर भनिन्छ तापनि विभिन्न उपन्यासमा यी चारै प्रकारको भाषाको प्रयोग गरिएको हुन्छ । यिनै आधारमा उपन्यासको भाषाको मूल्याङ्कन गर्न सकिन्छ (गैरे, २०७१ : १८४) । प्राचीन कालमा परिनिवठित भाषाको महत्त्व धेरै थियो । आधुनिक कालमा यथार्थवाद आएपछि बोलचालको भाषा नै बढी प्रयोग हुन थाल्यो । “आख्यान अभिव्यक्ति गर्ने ढङ्गलाई शैली भनिन्छ” (शर्मा, २०६६ : १४८) । आफूले अभिव्यक्त गर्न खोजेको कुरालाई लेखकले आफ्नो कला र सीपको भाषालाई सुन्दरता प्रदान गर्दछन् । भाषाको त्यही सुन्दरतालाई नै शैली भनिन्छ । सबै उपन्यास एउटै शैलीमा रचना गरिएको पाइँदैन । उपन्यासमा वर्णनात्मक, नाटकीय, विश्लेषणात्मक, आलोचनात्मक शैली प्रयोग गरेको देखिन्छ । शैलीले कथावस्तुलाई रोचक, आकर्षक र रागात्मक सम्बन्ध स्थापित गर्न सहयोग गरेको पाइन्छ ।

### २.३.५ दृष्टिबिन्दु

आख्यान विषयमा कसले प्रस्तुत छ वा उसको भूमिका कस्तो छ भनी खोज्नु नै दृष्टिबिन्दु हो । “आख्यानको कथानकलाई दृष्टिबिन्दु भनिन्छ” (पौडेल, २०६८ : १३) । उपन्यासमा कथयिताले कथा वाचनका लागि उभिन वा बस्न रोजेको ठाउँ दृष्टिबिन्दु हो । यसलाई आख्यान संरचनाको मूल आधार मान्न सकिन्छ । दृष्टिबिन्दुलाई तत्त्वका रूपमा मात्र नभई शैलीका रूपमा स्वीकार गरिनु हुँदैन र अन्य उपकरणहरू चलायमान नहुने हुँदा दृष्टिबिन्दु पनि उपन्यासको उपकरण वा प्रथम पुरुष गरी दुई प्रकारका हुन्छन् ।

**प्रथम पुरुष :** प्रथम पुरुष दृष्टिबिन्दुमा म, हामी शब्दको प्रयोग हुन्छ । लेखकद्वारा म, हामी पात्रलाई उपन्यासमा उभ्याएर कथा भनिएको हुन्छ । त्यसलाई प्रथम पुरुष दृष्टिबिन्दु भनिन्छ ।

**तृतीय पुरुष :** तृतीय पुरुषका रूपमा आउने ऊ, त्यो, यो वा विभिन्न व्यक्तिवाचक नामलाई बाह्य दृष्टिबिन्दु भनिन्छ । यस तृतीय पुरुष दृष्टिबिन्दु अन्तर्गत सर्वदर्शी दृष्टिबिन्दुमा उपन्यासकारले प्रायः सबै पात्रका भावना प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिन्छन् । सीमित दृष्टिबिन्दुमा केबल एकमात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ ।

### २.३.६ उद्देश्य

कुनै पनि सचेत मानिसका क्रियाहरू उद्देश्यमूलक हुन्छन् । साहित्यकार वा उपन्यासकार पनि समाजको सचेत मानिस हो । उसका रचनात्मक कार्यको कुनै न कुनै रचनात्मक उद्देश्य रहेको हुन्छ (पौडेल, २०६८ : १२) । उपन्यासकारले उपन्यासको रचना गर्दा कुनै एउटा उद्देश्य लिने भएकाले जीवनजगत् सम्बन्धी गहन चिन्तन गर्ने व्यक्तिले मात्र रचना गर्न सक्दछ । “आख्यान रचना गर्ने प्रयोजनलाई उद्देश्य भनिन्छ” (शर्मा, २०६६ : १४८) । कुनै पनि कार्य गर्नुको उद्देश्य निर्धारण गरिएको हुन्छ । साहित्यका अन्य विधाहरूमा जस्तै उपन्यासमा पनि उद्देश्यको महत्त्व अति आवश्यक हुन्छ । प्राचीनकालमा उद्देश्यको किटान गरिएको हुन्थ्यो भने वर्तमानका उपन्यासमा किटान गरिएको हुँदैन र कही-कही हुन्छ पनि । पहिले पहिलेका उपन्यासको उद्देश्य मनोरञ्जन, नीतिप्रधान र धार्मिक सन्देश हुन्थ्यो भने आज त्यसमा सीमित नरही जीवन र जगत्प्रति व्यापक चिन्तन तथा प्रक्षेपण गरिएको हुन्छ । खासगरि कथानकको अन्तिम परिणतिलाई नै औपन्यासिक उद्देश्य भनिन्छ । वर्तमान समयमा कथानकको घटना प्रसङ्ग, चरित्र, परिवेश आदिको कार्यव्यापारका माध्यमबाट अप्रत्यक्ष शैलीमा व्यक्त गर्ने गरेको पाइन्छ । जसमा समाज र जीवनका विविध असङ्गति, कुरीति, कुसंस्कार, अन्धविश्वास, बेमेल, बेथिति तथा विभिन्न प्रयोग गर्दै उन्नति वा समृद्धिको कामना गर्ने उद्देश्य नै भेटिन्छ । उपन्यासका विचार र व्याख्यान प्रवचन, भाषण र ठाडो अर्ती उपदेश एवम् नाराका रूपमा नआई स्वभाविक रूपमा अप्रत्यक्ष रूपले आएको हुनुपर्दछ । उपन्यासकारले आफूलाई कलाकार र सौन्दर्यस्रष्टाका रूपमा लिनुपर्दछ । त्यसैले उपन्यासकारले विचार एवम् उद्देश्यहरू प्रस्तुत गर्ने क्रममा निकै सजग र सचेत हुनुपर्दछ ।

समग्रमा उपन्यासका मुख्य उपकरण कथानक, चरित्र परिवेश, दृष्टिबिन्दु, उद्देश्य र भाषाशैली छन् । यिनै उपकरणको उपयोग गरी ‘पाठशाला’ उपन्यासको विधापरक अध्ययन गरिएको छ ।

परिच्छेद : तीन

# आधुनिक नेपाली उपन्यासको विकासक्रम

## ३. आधुनिक नेपाली उपन्यासको विकासक्रम

१८२७ सालको शक्तिबल्लभ अर्ज्यालको महाभारत विराटपर्वबाट नेपाली आख्यानको इतिहास आरम्भ भएको पाइन्छ । नेपालको इतिहासमा पृथ्वीनारायण शाहको शासनकालको प्रारम्भ भएपछि मात्र नेपाली भाषामा लामा आख्यानहरू लिपिबद्ध हुन थाले । आधुनिक समीक्षाशास्त्र अनुसार कथा र उपन्यास दुवै आख्यान अन्तर्गत पर्ने हुनाले नेपाली कथा झैं उपन्यासको ऐतिहासिकता पनि अर्ज्यालको महाभारत विराट पर्वबाट सुरुआत हुन्छ । नेपाली उपन्यासको प्रथम चरणमा देखिएका संस्कृतबाट अनुदित कृतिहरू उपन्यास होइनन् मात्र पूर्व उपन्यास रूपका कृति छन् ।

नेपाली उपन्यासको माध्यमिक काल वि.सं. १९४६ सालदेखि १९९० सालसम्मको अवधिलाई मानिन्छ । हरिकृष्णचरित शिवदत्त शर्मा अनुवादित **वीरसिक्का**को अनुमानित प्रकाशन समय १९४६ देखि यस चरणको प्रारम्भ भएको मानिन्छ । वि.सं. १९६० मा **वीरचरित्र**, गीरिशवल्लभ जोशीले पहिलो भाग प्रकाशन गरेका छन् । यसैगरी जोशीकै **बहादुर चरित्र** (१९५६), द्वारिकानाथ उपाध्यायको **यमपञ्चक प्रपञ्च** (१९६३), ऋद्धिबहादुर मल्लको **शर्मिष्ठा** (१९८५) आदि रहेका छन् ।

माध्यमिक काल मूलतः मनोरञ्जन एवम् तिलस्मी उपन्यासको समय मानिन्छ किनकि त्यस समयमा पनि सचेत उपन्यास लेखनको अशात र अनुकरणको अधिकतम् प्रयोग पाइन्छ । यस समयमा धार्मिक, नैतिक, अद्भूत एवम् रोमाञ्चक तत्त्व र जासुसी अभिरुचि स्वप्निल संसारको समावेश, रति रागात्मक तत्त्वको अतिशय प्रयोग गरी उपन्यास रचना गरिएका छन् । त्यसबेलाका उपन्यासहरूमा साहित्यको मूल्यका दृष्टिले त्यति स्तरीय र उल्लेखनीय नभए पनि आधुनिक नेपाली उपन्यासको प्रतिस्थापनमा यस कालको महत्त्वपूर्ण योगदान छ । नेपाली उपन्यासमा आधुनिकताको सुत्रपात गर्ने श्रेय रुद्रराज पाण्डेको **रूपमती** (१९९१) लाई जान्छ । यस उपन्यासले नेपाली उपन्यासको प्राथमिक र माध्यमिक उपन्यास परम्परामा प्रचलित धार्मिक, पौराणिक अतिरञ्जनात्मक प्रवृत्तिलाई त्यागेर सामाजिक जीवनको यथार्थ चित्रण उपन्यासको मूल स्वरूपको प्रतिष्ठा, मानवीय

सचित्रणको शैली सामाजिक र सामान्य घटनाको संयोजन, बोलीचालीको भाषाको प्रयोग, औपन्यासिक रोचकता र मानवीय रागात्मकताको प्रतिष्ठापन गरेको पाइन्छ ।

## ३.१ आधुनिक नेपाली उपन्यासका मोडहरू

रूपमतीको प्रकाशन १९९१ सालबाट हालसम्म नेपाली उपन्यासमा विभिन्न प्रवृत्तिहरू भेटिएका छन् । तिनलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :

१) पहिलो मोड (वि.सं. १९९१-२०२०)

२) दोस्रो मोड (वि.सं. २०२१-२०४०)

३) तेस्रो मोड (वि.सं. २०४० देखि हालसम्म)

### ३.१.१ पहिलो मोड (वि.सं. १९९१-२०२०)

१९९१ सालमा रूपमती उपन्यासको जन्मसँगै आधुनिक नेपाली उपन्यासको पहिलो चरण सुरु भएको भएको मानिन्छ । यस मोड अन्तर्गत विभिन्न धारामा आबद्ध भएर उपन्यासहरू सिर्जना गरिएका छन् । त्यसैले यस चरण अन्तर्गत देखा परेका धारा र त्यसै अनुसार लेखिएका उपन्यासको चर्चा गर्न सकिन्छ ।

#### क) आदर्शोन्मुख यथार्थवादी धारा

यसलाई आधुनिक नेपाली उपन्यासको पहिलो धारा मानिन्छ । रूपमतीको प्रकाशनदेखि २००३ सालसम्मको करिब १२ वर्षको अवधिसम्मका उपन्यासमा मूल प्रवृत्ति आदर्शोन्मुख यथार्थवादी धारा रहेको छ (श्रेष्ठ र शर्मा, २०६३ : १०५-१०६) । आदर्शवाद र यथार्थवादको सम्मिश्रण भई आदर्शतिर उन्मुख भएका कृतिलाई आदर्शोन्मुख उपन्यास भनिन्छ । यस मोडका उपन्यासकार र तिनका प्रमुख कृतिहरूमा रुद्रराज पाण्डेकै **चम्पाकाजी** (१९९३), **प्रायश्चित** (१९९५) र **प्रेम** (२००५) काशीबहादुर श्रेष्ठका **उषा** (१९९५) र **वचन** (२००१) टुकराज पद्यराज मिश्रको **रजबन्धकी** (१९९६) रामकृष्ण कुँवरको **राणा** (१९९९), शोभाचन्द्र उपाध्यायको **पाटली पुत्र** (२००३), मोहनबहादुर मल्लको **समयको हुरी** (२०१५), **भूमरी** (२०१६) आदि मानिन्छन् । यस धारा अन्तर्गत रहेर लेखिएका उपन्यासमा विशेषतः सत्यको दुर्गति देखाइएको पाइन्छ । कुनै महान् आदर्शको स्थापना गर्ने लक्ष्य राख्नु,

पात्रहरूले दैवी चमत्कार वा नियतिमाथि भर परेर कार्य गर्नु र सरल बोलीचालीको भाषा प्रयोग गर्नु आदि जस्ता विशेषता देखिन्छन् ।

**ख) स्वच्छन्दतावादी धारा**

आधुनिक नेपाली उपन्यास परम्परामा वैयक्तिक अनुभवलाई प्राथमिकता दिएर लेखिएका उपन्यास स्वच्छन्दतावादी उपन्यास छन् । यस धाराको सूत्रपात रूपनारायण सिंहको **भ्रमर** (१९९३) बाट भएको हो । यसै धारामा देखा परेका अन्य उपन्यासमा **बिजुली** (२००६) अपूर्ण; **उजेली छायाँ** (२००८), **लगन** (२०१२) **डाँक बँगला** (२०१३), **निर्दोष कैदी** ( २०५४) आदि हुन् । यस धारामा परम्परागत मूल्य र मान्यतालाई मुक्त हुने आग्रह अभिव्यक्तमा तीव्रता, प्रेम प्रणयले प्रस्तुति, प्राकृतिक सौन्दर्य चित्रण मानवतावादी दृष्टिकोण जस्ता प्रकृति पाइन्छ ।

**ग) सामाजिक यथार्थवादी धारा**

नेपाली उपन्यास सामाजिक यथार्थवादी धाराको प्रारम्भ लैनसिंह बाङ्देलको **मुलुकबाहिर** (२००४) उपन्यासदेखि भएको हो । सामाजिक यथार्थवादी उपन्यासले समकालीन घटना र परिस्थितिको चित्रणमा जोडदिएका तथा आदर्शको विपरित नभई मानवीय नियतलाई तटस्थ रूपमा कलामा ढालेर व्यक्त गरिएको हुन्छ । यसै उपन्यासको प्रवृत्तिलाई पछ्याउँदै आएका अन्य उपन्यासहरू निम्नानुसार देखाउन सकिन्छ **माइतघर** ( २००६), **बसाइँ** (२०१४), **अतृप्त** (२०२६), **ब्रह्मपुत्रको छेउछाउ** (२०४३), **मन** (२०१५) **एक पालुवा अनेक याम** (२०३६) यस्तै उन्नती बोहराका **सिक्काका दुई पाटा** र **तृष्णा**लाई पनि यसै धारा अन्तर्गतका उपन्यासका रूपमा देख्न सकिन्छ ।

**घ) ऐतिहासिक यथार्थवादी धारा**

आधुनिक नेपाली उपन्यासको इतिहासमा डायमन शमशेर राणाको **वसन्ती** (२००६) उपन्यासको प्रकाशनसँगै ऐतिहासिक यथार्थवादी धाराको सुरुआत हुन्छ । यस धारामा लेखिएका उपन्यासमा ऐतिहासिक कथावस्तु र तदनुरूपका पात्रको प्रयोग गरिन्छ । डायमन शमशेर राणाकै **सेतोबाघ** (२०३०) **प्रतिबद्ध** (२०३४), **सत्प्रयास** (२०३८), **अनिता** (२०४३)

महत्त्वपूर्ण ऐतिहासिक उपन्यास छन् । अन्य उपन्यासमा **एकादेशकी महारानी** (२०३८), **आनदान** (२०३५), **जंगबहादुर** (२०५०), **कुहिरो** (२०१५) आदि जस्ता उपन्यास रहेका छन् ।

**ङ) आलोचनात्मक यथार्थवादी धारा**

समाजमा देखिएका कुरीति, शोषण र अन्य विसङ्गत तत्त्वहरूलाई औंल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नुपर्ने आकाङ्क्षा राख्ने लेखन पद्धतिलाई आलोचनात्मक यथार्थवाद भनिन्छ (बराल र एटम, २०५८ : ११७) । यथास्थितिबाट मुक्तिको मार्ग खोज्ने साहित्य लेखन नै आलोचनात्मक यथार्थवादी लेखन भनेर मान्न सकिन्छ (सुवेदी, २०६४ : १८३) । नेपाली उपन्यासमा आलोचनात्मक यथार्थवादको प्रारम्भिक झल्को लैनसिंह बाङ्देलको **लङ्गडाको साथी** (२००८) उपन्यासमा पाइए पनि त्यस रूपमा हृदयचन्द्र सिंह प्रधानको **स्वास्नीमान्छे** (२०११) उपन्यासबाट यस धाराको आरम्भ भएको मानिन्छ ।

आधुनिक नेपाली उपन्यासको विकासमा समाजमा विद्यमान कुसंस्कार सामाजिक कुरीति र शोषण प्रवृत्तिको विरुद्धमा संलग्न भई उपन्यास लेख्ने परिपाटी यस धारामा भएको पाइन्छ । यस धारामा लेखिएका अन्य उपन्यासमा **एकचिहान** (२०१७), **मञ्जरी** (२०१६), **एक पालुवा अनेक याम** (२०२६), **बिग्रिएको बाटो** (२०३३), **थाकेको आकाश** (२०३४), **कालो सूर्य** (२०२६), **मेरो कथा** (२०२६), **कसिंगर चारु** (२०५४) आदि रहेका छन् ।

**च) मनोवैज्ञानिक मनोविश्लेषणवादी धारा**

अमूर्त तत्त्वहरूको अध्ययन र विश्लेषणका माध्यमबाट मूर्त वस्तु र कार्यात्मक रूप उद्घाटन गर्ने विज्ञानलाई मनोविज्ञान भनिन्छ । मान्छेका अन्तर्मनका अपरिभाष्य र अदृश्य अनेकतम् पात्रहरू कोण र तत्त्वहरूमा सुषुप्त अवस्थामा रहेका अतृप्त र संवेगजन्य उत्सुकताका अभिसाप्साहरूको प्रस्तुति गर्ने काम मनोविज्ञान वा मनोविश्लेषणले गर्दछ (सुवेदी, २०६४ : २४५) । नेपाली उपन्यासका क्षेत्रमा मनोवैज्ञानिक धारा वा आत्मपरक यथार्थवादको थालनी गर्ने श्रेय गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (२०१६) लाई जान्छ (बराल र एटम, २०५८ : १३९) । यस प्रकारका उपन्यासमा बाह्य जगत्भन्दा व्यक्तिका मनको अन्तरजगतको चित्रण गर्ने गरिन्छ ।

मनोविश्लेषणवाद मूलत : फ्रायडिय मनोविज्ञानसँग सम्बन्धित छ । मानव मनका विभिन्न पक्षहरू जस्तै यौवनजन्य आवेग, मानसिक कुण्ठा, यौन अतृप्ति, विक्षिप्त मनोदशा,

दमित कामवासना र नियन्त्रित आकाङ्क्षाहरूको प्रस्तुति मनोविश्लेषणात्मक उपन्यासमा हुने गर्दछ यस्तै अन्य उपन्यासहरूमा **अनुराधा** (२०१८), **कुमारी शोभा** (२०३९) **तीन घुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२७), **सुम्निमा** (२०२७), **सर्पदंश** (२०२५), **फूल ओइल्याएपछि** (२०३९), **शोकेश भित्रको जिन्दगी** (२०२५), **अतृप्त** (२०२६), **कारागार** (२०३५), **चपाइएका अनुहारहरू** आदि महत्त्वपूर्ण रहेका छन् ।

### ३.१.२ दोस्रो मोड (वि.सं. २०२१-२०४० सम्म)

२०२१ सालमा प्रकाशित इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासबाट आधुनिक नेपाली उपन्यासमा दोस्रो चरणको सुरुआत भएको हो । यस चरणमा नयाँ मूल्य मान्यता, नयाँ र नवीन शैली एवम् विषयको खोजीमा उपन्यासकार लागेका छन् । यस चरणका उपन्यासमा नवीन विषय, नवीन औपन्यासिक शिल्प र संरचना प्रस्तुत भएको पाइन्छ । यस मोडमा विभिन्न धाराहरू देखापरेका छन् । जुन यस प्रकार उल्लेख गर्न सकिन्छ :

#### क) विसङ्गतिवादी धारा

मानव जीवनका मूल्य मान्यता, संस्कार, व्यवस्था र धर्मप्रति व्यङ्ग्य गर्दै जीवनका निस्सारता, असङ्लग्नता तथा शून्यताको अभिव्यक्ति दिनु नै विसङ्गतिवादी प्रवृत्ति मानिन्छ । जीवनलाई दिइने कुनै पनि मूल्यको कुनै अर्थ नभएकाले जीवनजगत् व्याख्येय छैन भन्ने कुरा नै बिसङ्गतिवादको मर्म हो (बराल र एटम, २०५८ : १४४) । नेपाली उपन्यास परम्परामा विसङ्गति धाराको शूरुआत इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) बाट भएको हो । यसपछि यो धारालाई अगाडि बढाउने अन्य उपन्यासहरूमा **शिरीषको फूल** (२०२२), **महत्ताहीन** (२०२५), **अन्त्यपछि** (२०२४), **बालुवामाथि** (२०२८), **डापी** (२०३३), दौलत विक्रम विष्टको **चपाइएका अनुहार** (२०३०) जस्ता उपन्यासले गरेका छन् । साथै, सरुभक्त श्रेष्ठको **पागल बस्ती** (२०४८) उपन्यासमा पनि विसङ्गतिवादको प्रभाव पाइन्छ ।

#### ख) अस्तित्ववादी धारा

नेपाली उपन्यासमा अस्तित्ववादलाई प्रवेश गराउने प्रथम श्रेय पारिजातको **शिरीषको फूल** (२०२२), उपन्यासलाई छ । मानवको जन्म, मृत्यु, कुण्ठा, सन्त्रासभित्र जीवनको सही अर्थ खोज्ने साहित्यिक मान्यतामा आधारित उपन्यास लेखन नै अस्तित्ववादी परम्परा हो ।

मानव स्वतन्त्र प्राणी हो । तसर्थ उसले आफ्नो भविश्यको निर्णय आफैँ निर्धारण गर्छ र त्यसको उत्तरदायित्व पनि स्वयम्ले बहन गर्नुपर्दछ भन्ने चिन्तन यस धाराका उपन्यासमा पाइन्छ (बराल र एटम, २०५८ : ९७) । जीवनमा विसङ्गतिबोध भएपछि पनि मानिस विसङ्गतिका बीचमा सङ्गीतको खोजी गरेर बाँच्ने कोसिस गरेको कुरा अस्तित्वलाई उपन्यासमा देखाइएको हुन्छ । त्यसैले अस्तिवादी धारा विसङ्गतिवादको पृष्ठभूमिमा विकसित भएको पाइछ ।

**शिरीषको फूल** (२०२२) उपन्यासमार्फत् स्थापना भएको अस्तित्ववादी धारामा देखा परेका उपन्यासहरू छन् । पारिजातकै **महत्ताहीन** (२०२८), **अन्तर्मुखी** (२०३५), ध्रूवचन्द्र गौतमका **बालुवामाथि** (२०२८), **डापी** (२०३३), विश्वेश्वरप्रसाद कोइरालाका **तीन घुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२७), **सुम्निमा** (२०२७), **मोदिआइन्** (२०३६), **हिटलर र यहूदी** (२०४०), **बाबु, आमा र छोरा** (२०४५), सरुभक्तका **पागलबस्ती** (२०४८), **तरुनी खेती** (२०५४), **समय त्रासदी** (२०५०), **चुली** (२०६०) आदि ।

### ग) समाजवादी यथार्थवादी धारा

समाजवादी यथार्थवाद कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवादी दर्शनबाट प्रभावित गतिशील दृष्टिकोण हो । यसले समाजमा हुने परिवर्तन र विकासका चित्रण उच्चतम सामाजिक अवस्था निर्माण गर्न व्यक्तिलाई प्रेरित गर्दछ । नेपाली उपन्यास परम्परामा डी.पी. अधिकारीको **आसमाया** (२०२५) यस धाराको पहिलो उपन्यास मानिन्छ ।

यही उपन्यास लेख्न परम्पराका अन्य उपन्यासहरूमा **धर्ती अझ बोल्दैछ** (२०२७), **वैंशको मान्छे** (२०२९) **तोरीबारी, बाटा र सपनाहरू** (२०३३), **आशाको छट्पटी** (२०३४), **सुनौलो** (२०३१), **अविरल बग्दछ इन्द्रावती** (२०४०), **आरम्भ** (२०३९), **नओइलाउने फूल** (२)४३), **देउमाइको किनार** (२०४७), उपेन्द्र कार्कीको **सक्किदै गएको विश्वास** (२०३८), **टल्कीरहने मोती** (२०३९), ऋषिराज बरालको **कमरेड हुतराजको राजधानी प्रस्थान** (२०४८), आहुतिका **नयाँघर** (२०५२), **स्खलन** (२०५७), घनश्याम ढकालका **गाउँभित्र** (२०४७) **कालो आकाश** (२०५०) उल्लेख्य छन् ।

### घ) प्रयोगवादी धारा

समयको परिवर्तनसँगै नेपाली उपन्यास परम्परामा पनि नयाँ-नयाँ मूल्य, मान्यता र शैलीको विकास हुँदै आएको पाइन्छ । यसै सन्दर्भमा प्रयोगवादको जन्म भएको हो । प्रयोगवादको उद्देश्य प्रयोगका माध्यमद्वारा आजका जटिल एवम् अस्तव्यस्त संवेदनाको अभिव्यक्ति दिनु हो ।

साहित्यका विविध विधामा देखा परेका कथ्य, स्वर, शिल्प, भाषाशैली सम्बन्धी नवीन भन्दा नवीन प्रयोगलाई प्रयोगवादी साहित्यका रूपमा हेर्ने चलन रहेको छ । कविता-अकविता, नाटक-अनाटक, कथा-अकथा, उपन्यास-अउपन्यास भैरहेको देखिन्छ । यस प्रकारको सूक्ष्म प्रयोग गरेर लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** (२००८), मनोविश्लेषणको प्रयोग गरेर गोविन्दबहादुर मल्ल गोठालेको **पल्लोघरको झ्याल** (२०१६), इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) ले सूक्ष्म अङ्कन गरेर प्रयोगधर्मिताको सूत्रपात गरेका छन् । यसको विशिष्ट प्रयोगको रूप धूव्रचन्द्र गौतमको **अन्त्यपछि** (२०२४), उपन्यासबाट देखिएको मानिन्छ । अन्य उपन्यासहरूमा बालुवामाथि (२०२८), **डापी** (२०३३), **अलिखित** (२०४०), **उपसंहार अर्थात चौथो अन्त्य** (२०४८), **अग्निदत्त +अग्निदत्त** (२०५३), **शरणार्थी** (२०५६), आदि उपन्यासले नेपाली साहित्यको उपन्यास विधामा नवीनतम् प्रयोगका क्षेत्रहरू चहारिरहेको देखिन्छ ।

### ३.१.३ तेस्रो मोड (वि.सं. २०४० देखि हालसम्म)

नेपाली उपन्यासको क्षेत्रमा २०४० सालपछिको समयलाई आधुनिकतावादी चेतनाले प्रवेश पाएको मोडका रूपमा देखाउन सकिन्छ । यसको आरम्भविन्दुका रूपमा ध्रुवचन्द्र गौतमको **अलिखित** (२०४०) उपन्यासलाई लिन सकिन्छ । प्रयोगवादको उत्तरार्द्ध संस्करण एवम् नयाँ प्रयोगवाद पनि भन्न सकिने उत्तरआधुनिकतावादको नेपाली साहित्यको सन्दर्भमा सूव्यवस्थित व्याख्या हुन बाँकी छ । आधुनिककालको उत्तर भागको रूपमा हेरिने गरेको यस वादलाई समकालीन जीवनको समसामयिक लेखन पनि विकासवाद, अस्तित्ववाद, बिसङ्गतिवादलगायतका धेरै चिन्तनको संयुक्त प्रभावबाट बनेको चेतना हो । जो आधुनिक कालकै गर्भबाट विकसित भएका प्रवृत्तिहरूको नयाँ संस्करणसहित निरन्तरता हो । उत्तर आधुनिकतावाद परम्पराको विरोध नयाँ प्रयोग र लेखनमा निर्वाध स्वतन्त्रता जस्ता प्रवृत्ति पाइन्छन् । उत्तरआधुनिक काल यिनै रचनागत प्रवृत्तिलाई दिईको नाम हो । तर यही

सीमाबाट उत्तरआधुनिकतावादी धाराको सुरुआत भन्ने कुरा किटान गर्न गाह्रो हुन्छ । यस मोडमा विभिन्न धाराहरू देखा परेका छन् :

### ३.१.४ समकालीन नेपाली उपन्यासका प्रवृत्ति

समकालीन नेपाली उपन्यासमा मानवीय कुण्ठा, निराशा प्रस्तुत गरिएको पाइन्छ । युग जीवनले बेहोरेका पीडा र तिनका कारक तत्वका रूपमा रहेको तत्कालीन राजनीतिक व्यवस्था र तिनप्रतिको व्यङ्ग्य विद्रोह पनि देखिन्छ । मूलतः २०४६ सालको जनआन्दोलनपछि देशमा बहुदलीय प्रजातन्त्रको स्थापना हुन पुग्यो । नयाँ व्यवस्थामा जनताका आशा अपेक्षा ह्वात्तै बढ्न थाले । तर जनताको बलिदानीपूर्ण सङ्घर्षले ल्याएको व्यवस्थामा पनि सीमित व्यक्तिको मात्रै पहूँच पुगेको पाइन्छ । आफ्नै व्यक्तिगत स्वार्थमा राजनीतिक ढल र तिनका नाइके केन्द्रित हुँदा संसदीय व्यवस्था फोहोरी खेलका रूपमा स्थापित भएको बुझिन्छ । गरीब दिनप्रतिदिन गरीब बन्दै जाने र सीमित वर्ग मोटाउँदै जाने प्रवृत्तिले जनतामा निराशा पैदा गरायो । समसामयिक राजनीतिक चेतना, प्रजातान्त्रिक मूल्य र मान्यताको विघटनबाट उत्पन्न पीडाबोध, वैचारिक चेतना एवम् भूत र अनभूत यथार्थको अभिव्यक्ति नेपाली उपन्यासमा मूलरूपमा प्रवेश पाएको देखिन्छ ।

समाजमा देखिने अराजकता, विकृति र विसङ्गतिलाई व्यङ्ग्यपूर्ण दृष्टिकोणबाट प्रस्तुत गर्ने प्रवृत्ति तीव्र गतिमा भइरहेको देखिन्छ । दोषपूर्ण शिक्षा प्रणालीका कारण शैक्षिक बेरोजगारको अवस्था देशमा बढ्दै गयो । युवाहरूलाई आत्मनिर्भरताको बाटोमा लैजाने प्राविधिक शिक्षाको प्रर्याप्त विकास नगरिँदा त्यसले विभिन्न खाले समस्याहरू सिर्जना गरेको बुझिन्छ । बेरोजगारीका कारण नेपाली युवाहरू कामको खोजीमा भौतारिँदै जीवनलाई निराशमय तुल्याइरहेको अहिले राष्ट्रवाद नारामा मात्र सीमित भएको तीतो यथार्थको प्रस्तुति पनि उपन्यासमा पाइन्छ ।

परम्पराप्रतिको मूल्य विघटन, अराजकता, अस्तव्यस्तता र त्यसले मनमा उब्जाएको तीब्र आक्रोशलाई उपन्यासमा प्रस्तुत गर्न थालियो । जसका कारण भाषा नाङ्गो बन्न पुग्यो । त्यस्ता विषयवस्तुलाई परम्परित ढङ्गले व्यक्त गर्न सक्ने स्थिति उपन्यासमा देखा परेन जसले उपन्यासको स्वर, शैली, शिल्प पनि समसामयिक यथार्थकै धरातलमा विकास गर्दै लगेको पाइन्छ । किनकि वर्तमानको लेखन समसामयिक लेखन हो तर अहिले लेखिएका सबै रचना समकालिन समयमा घटित राजनीतिक आर्थिक सामाजिक साहित्यिक सांस्कृतिक

जस्ता अनेक घटना प्रसङ्गहरूले निर्धारण गरेका हुन्छन् । त्यसैले यो देश कला र संस्कृतिको सापेक्ष पनि हुन्छ (पौडेल, २०६८ : ७) । नेपाली उपन्यासको २०४० सालपछिको अवस्थामा उत्तरआधुनिक चेतनाले प्रवेश पाएको देखिन्छ । उत्तरआधुनिकताका बारेमा नेपाली साहित्यमा एकै खालको धारणा पाइदैन यसबारे यसको खुलेर पक्षमा लागेका देखिन्छन् ।

उत्तरआधुनिकताले आधुनिकता भन्दा पछिको स्थितिलाई बुझाउँछ । बीसौं शताब्दीको प्रारम्भ भएदेखिको साहित्य, संस्कृतिलाई आधुनिक भनिए झैं आधुनिकले जनाएका प्रवृत्तिहरू, विशेषताहरू व गुणहरू देखिन छोडेपछिको कालखण्डलाई उत्तरआधुनिक मानिएको हो । आधुनिकताले ल्याएका नवीन प्रयोग र शैलीसँगै असन्तुष्ट रही परस्परित मूल्य, मान्यता, शैली वा स्थापित केन्द्रलाई भत्काउने कामसँगै उत्तरआधुनिकता अभियानका रूपमा प्रकट हुन थालेको देखिन्छ । आजसम्म आएका कयौं मान्यहरूको बिखण्डन, पूराना स्थापनाको अन्त्य मुक्तताको खोजी, नयाँ केन्द्रहरूको स्थापना, इतिहासको अध्ययन र वर्तमानको खोज यसका विशेषता हुन् ।

उत्तरआधुनिक उत्तर संरचना विनिर्माण, नारीवाद, नवइतिहासवाद, नवव्यवहारवाद, नवमार्क्सवाद, नवमनोविश्लेषणवाद पाठकीय अनुक्रिया सिद्धान्त उत्तर फोर्डवाद, उत्तरऔपनिवेशवाद समलिङ्गवाद सबैलाई समेट्छ (पौडेल, २०६४ : १४) । कुनै विचार वा धारणा सिद्धान्तलाई पूर्ण र स्थिर गरेका मूल्य, मान्यता, तर्कवितर्क आदिलाई नकार्दै वर्तमानका युगचेतना वैयक्तिक स्वतन्त्रता स्वअस्तित्वको खोजी र नव शिल्पप्रविधिको आविष्कार गर्न थालेको भेटिन्छ । उत्तरआधुनिक धारणा मूलतः दोस्रो विश्वयुद्धपछि थालनी र विकास भएको देखिन्छ ।

नेपाली साहित्यका सन्दर्भमा पनि पश्चिमको प्रभावबाट नै यसको विकास भएको वा प्रवेश भएको बुझिन्छ । उत्तरआधुनिक लेखनले खासगरी प्रयोगलाई प्रोत्साहित गरेको छ । यसले परम्परासँग सम्बन्ध बिच्छेद भएको देखाउँछ र अनेक नयाँ सम्भावनालाई स्वीकार गरेको पाइन्छ । उत्तरआधुनिक लेखनका महत्त्वपूर्ण तत्वका रूपमा साइबर संस्कृतिको प्रयोग पूर्वलेखन, विधाहीनता बहुलता, तथ्य र स्वैरकल्पना अराजकता, नवकेन्द्रको स्थापना आदि देखिन्छन् । यिनै तत्त्वहरूको सामान्य परिचय र तिनका आधारमा समसामयिक नेपाली उपन्यासलाई छोटो चर्चा गर्न सकिन्छ :

**(क) साइबर संस्कृतिको प्रयोग**

वर्तमान सन्दर्भमा संस्कृतिको अन्तर्राष्ट्रियकरण हुन थालेको पाइन्छ । सञ्चारका क्षेत्रमा भएका नयाँ आविश्कारले विश्वलाई नै एउटा कोणमा सीमित बनाएको पाइन्छ । इन्टरनेटले पारेको प्रभाव विश्वका सबै मुलुकमा भेटिन्छन् । ज्ञान, विज्ञान, कला, साहित्यका क्षेत्रमा आएका नवीन चेतनासँग इलेक्ट्रोनिक प्रविधिले समाजलाई प्रभावित बनाउँदै लगेको पाइन्छ । यसले समाजलाई एक सूत्रमा बाँधेको छ । त्यसैको प्रभावले सबको यस युगलाई प्राविधिक संस्कृतिको साइबर युग भनेको पाइन्छ (शर्मा र लुइटेल, २०६१ : ३५४) । यस्ता प्राविधिक कुराको प्रभाव नेपाली उपन्यासमा तीव्र रूपमा पर्दै गएको पाइन्छ । शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** (२०५८) साइबर संस्कृतिको प्रयोग गरिएको एक उत्कृष्ट उपन्यास हो । त्यस्तै अन्य उपन्यासमा मनुजबाबु मिश्रको **स्वाप्न सम्मेलन** (२०५६), ध्रुवचन्द्र गौतमका **दुविधा** (२०५२), **फूलको आतङ्क** (२०५५) **तथाकथित** (२०५९) नारायण वाग्लेको **पल्पसा क्याफे** (२०६१) आदि प्रमुख मानिन्छन् ।

**(ख) पुर्नलेखन**

उत्तरआधुनिक चेतनाको अर्को प्रवृत्तिका रूपमा पुर्नलेखनलाई लिइन्छ । पुर्नलेखन एक किसिमको प्रतिस्थापन हो । एउटा कृतिबाट अन्य कृतिको पनि निर्माण गर्न सकिने मान्यता राखेर साहित्यमा पुर्नलेखनको विकास भएको मानिन्छ । नेपाली उपन्यासमा ध्रुवचन्द्र गौतमको **अग्निदत्त+अग्निदत्त** (२०५३), इन्दिरा प्रसाइको **विश्वामित्र** (२०५५), मदनमणि दीक्षितको **माधवी** (२०२९) प्रदीप नेपालको **एक्काइसौं शताब्दीकी सुम्निमा** (२०५८) आदि पुर्नलेखन गरिएका कृति मानिन्छन् ।

**(ग) विधाहीनता**

उत्तर आधुनिकतावादले विधाहरूको फरक समाप्त पारेर विधाहीनताको स्थिति सिर्जना गर्दछ । प्रयोगगत नवीनता यसको खास पहिचान हो साहित्यमा कथा, उपन्यास, नाटक, निबन्ध जस्ता विधाहरू आफ्नै मौलिक लक्षणले युक्त हुन्छन् भन्ने कुरा उत्तर आधुनिकतावादले अस्वीकार गर्दछ । साहित्यमा अकथा, अकविता, अनाटक, अउपन्यास आदिको रचना हुन थालेको देखिन्छ । नेपाली उपन्यासमा बानिरा गिरीको **शब्दातीत शाब्तनु** (२०५६), विधागत मान्यताको परिधिभन्दा भिन्न देखिएको प्रथम उपन्यास मानिन्छ ।

मदनमणि दीक्षितको **भूमिसुक्त** (२०५८), कृष्ण धरावासीको **आधाबाटो** (२०६९), मनिषा गौचनको **बनलीको डायरी** (२०६३) आदिमा बिधाहीनताको प्रवृत्ति पाइन्छ ।

**(घ) तथ्य र स्वैरकल्पना**

अवास्तविक जगत्को काल्पनिक सिर्जना सौरकल्पना हो । उत्तरआधुनिकता अर्थात् समसामयिक युगमा समाजको यथार्थ पात्र र काल्पनिक पात्र सबै ठाउँमा भेला भई कुनै कार्यमा साझेदारी भूमिका निर्वाह गर्नु उत्तर आधुनिकतावादी साहित्यको नवीन प्रयोग हो । यस प्रवृत्तिको उत्कृष्ट उपन्यास मनुजबाबु मिश्रको **स्वप्न सम्मेलन** (२०५६) लाई मानिन्छ । यसमा दिवङ्गत कवि तथा कलाकार सजीव पात्रझैं भेट हुन्छन् । खरानी भएर उठिसकेका मृत एकै ठाउँमा भेला हुनु तर्कसङ्गत हुँदैन । बलबाहु र लक्ष्मीप्रसाद देवकोटाको एकै ठाउँमा उपस्थिति असम्भाव्य हो । लेखक, कलाकार जुन मुलुकको भए पनि एउटै विचार र भावले भरिएको हुन्छ भन्ने देखाउन यस्तो कल्पना गरिएको हो (भट्टराई, २०६१ : १८७) । यस्तै ध्रुवचन्द्र गौतमको **अग्निदत्त+अग्निदत्त** (२०५३) सरुभक्तको **पागलबस्ती** (२०४८) आदि यसका नमुना हुन् ।

**(ङ) नवकेन्द्रको स्थापना**

हिजोको समयमा केन्द्रमा रहेका नायक नायिकालाई अस्तीकार गर्दै आज विश्व समाजमा देखिएका शोषितपीडित, समलिङ्गी, दलित, अल्पसंख्यक आदिको वकालत गरेको देखिन्छ । उपन्यासमा नयाँ मूल्य र नवीन केन्द्रको स्थापना भएको पाइन्छ । उत्तर आधुनिकतावादमा बढी सहरमुखि चेत छ भने अर्कातिर बिर्सिएका टाढा रहेका देखिएका तथा गौण मानिएका पनि केन्द्र तत्त्व भएर आएका पाइन्छन् (सुवेदी, २०६४ : ३३) । खगेन्द्र सङ्ग्रौलाको **जूनकीरीको सङ्गीत** (२०५६) प्रदीप नेपालको **२१ औं शताब्दीकी सुग्निमा** (२०५८), सरुभक्तका **पागलबस्ती** (२०४८), **तरुनीखेती** (२०५२) जस्ता उपन्यासमा नवकेन्द्रको स्थापना गरिएको पाइन्छ । यसरी समसामयिक धारामा उत्तर आधुनिकतावादी चेत पाइन्छ ।

२०५२ सालदेखि सुरु भएको माओवादी सशस्त्र द्वन्द्वले देशको सामाजिक, आर्थिक, राजनीतिक आदि सबै जसो क्षेत्रमा प्रभाव पारेको पाइन्छ । यसबाट साहित्य पनि अछुत रहेको देखिँदैन । नेपाली उपन्यासहरूमा पनि क्रमश : द्वन्द्वचेतले प्रवेश पाएको बुझिन्छ ।

द्वन्द्वकालीन परिवेशमा मानवीय जीवनको निस्सारता, अर्थहीनता, नैराश्य त्रास र आतङ्कपूर्ण स्थितिको चित्रण उपन्यासमा देखिन्छ । २०६१ सालको मदन पुरस्कार प्राप्त गर्न सफल नारायण वाग्लेको **पल्पसा कपाफे** (२०६१) समकालीन द्वन्द्वग्रस्त नेपाली समाजमा आधारित भएर लेखिएको कृति हो । जसमा नेपालको गाउँदेखि शहरसम्म दिनप्रतिदिन गाढा बनिरहेको द्वन्द्वकालीन त्रासदीलाई जीवन्त ढंगले प्रस्तुत गरिएको छ । यस्तै कृष्ण अविरलको **जल्लादको मन** (२०६६), उपन्यास मानिससितको निष्ठुरता, क्रुरता वा यान्त्रिकताको चरम प्रस्तुति पाइन्छ । २०५२ सालतिर सुरु भएको सशक्त विद्रोहका क्रममा सरकारी सेना तथा विद्रोही लडाकुहरूबाट निर्दोष जनताहरू मथि भएका चरम यातना र निर्मम हत्याको कहालीलाग्दो चित्रण पनि उपन्यासमा भेटिन्छ ।

समसामयिक नेपाली उपन्यासमा पछिल्लो चरणतिर नारीस्वर तीव्र देखिन्छ । यस हिसाबले कृष्ण धराबासीको **राधा** (२०६२) विशेष महत्त्वको देखिन्छ । २०६२) सालको मदन पुरस्कार प्राप्त यस कृतिको पौराणिक पात्र राधालाई लिएर कृष्णद्वारा गरिएको अवमूल्यनप्रति प्रश्न चिन्ह उठाएको देखिन्छ । पद्मावती सिंहको **समानान्तर आकाश** (२०६२) महिला लेखकबाट महिला समस्यामै केन्द्रित र महिला उस्थानकै निम्ति सिर्जना गरिएको उपन्यास मध्ये विशेष महत्वको देखिन्छ । लैंगिक दृष्टिले नारीलाई अवला ठान्ने र भोग्या सम्झने पुरातन नेपाली परम्पराको झलक उपन्यासले प्रस्तुत गरेको देखिन्छ ।

सांस्कृतिक मनोविज्ञानलाई लेखन सन्दर्भ बनाएर नारीस्वर, राष्ट्रप्रेम, सांस्कृतिक चिन्तन र यौनलाई हेर्ने नवीन दृष्टिकोणसहित नेपाली उपन्यासका फाँटमा एक नवीन कृतिको रूपमा कृष्ण धरावासीको टुँडाल र तिनमा कुँदिएका विभिन्न किसिमका यौनजन्य क्रियाकलापलाई प्रस्तुत गर्दै त्यसको ऐतिहासिकता र सांस्कृतिकतालाई खोतल्ने अनुसन्धान मूलक कृतिका रूपमा **टुँडाल** उपन्यास प्रकाशित भएको देखिन्छ (सुवेदी, २०६७ : ३५) । समसामयिक नेपाली समाजमा पारिवारिक जीवनमा आएको विघटन पुस्तागत द्वन्द्व, लैङ्गिक समस्या र त्यसबाट मुक्तिको प्रयास, साहित्यिक चिन्तनमा देखिएको विरोधाभास यौनलाई हेर्ने उदार आँखा र लीलामयी जीवन चेतना आदि जस्ता प्रवृत्तिलाई वैचारिक बहसको रूपमा उक्त कृतिले प्रस्तुत गरेको पाइन्छ । त्यस्तै प्रवृत्तिमा नवीनता थप्दै २०७० सालमा कृष्ण धरावासीले **गेस्टापो** उपन्यास रचना गरेको देखिन्छ । यात्रा र आख्यानलाई समावेश गरिएको यस उपन्यासमा दोस्रो विश्वयुद्धको कहाली लाग्दो नरसंहारलाई प्रस्तुत गरेको पाइन्छ ।

यसैगरी तीर्थ गुरुङको **पाठशाला** उपन्यासलाई आजसम्मको नेपाली साहित्यको इतिहासमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेका सम्पूर्ण विद्यार्थीहरूलाई तिनको विद्यालय र विद्यार्थी जीवनमा फर्काउने प्ररणादायी पुस्तकको रूपमा लिन सकिन्छ । यस उपन्यासमा सिजोफ्रेनिक किशोर यानेकी गगन थापाको दृष्टिकोणबाट राजनीतिक र सामाजिक विकृतिहरूमाथि व्यङ्ग्य प्रहार गरिएको छ । **पाठशाला** सामाजिक यथार्थवादी र मनोवैज्ञानिक उपन्यास हो । यस उपन्यासमा समसामयिक परिवेशलाई समेट्दै सामान्य भन्दा भिन्न किसिमको पात्रको प्रवृत्तिलाई केलाउन खोजिएको छ । **पाठशाला** उनको पहिलो कृति हो र यसका साथसाथै उनले कविता विधामा पनि कलम चलाएका छन् ।

परिच्छेद चार

# पाठशाला उपन्यासको विधापरक अध्ययन

## ४.१ तीर्थ गुरुङको जीवनी र कृति

तीर्थ गुरुङ मृत्युसँग नजिकैबाट भेट गरी मृत्युसँगै लुकामारी खेलेर नयाँ जीवन लिएर आएका स्रष्टा हुन् । उनी आफ्नो जीवनलाई बोनसको जिन्दगी ठान्दछन् । कास्की जिल्लाको पूर्वोतर पर्ने सिक्लेस गाउँमा २०२९ सालमा कोदो रोप्दै गर्दा खेतमै जन्मिएका तीर्थ गुरुङको पिताको नाम आइमन गुरुङ र माताको नाम कुमारी गुरुङ हो । उनको घरमा साक्षर भनेका उनका बाबा मात्र थिए । उनले भारतीय सेनामा गएर रोमन लेख्न र पढ्न सिकेका थिए । घरमा पुस्तक त थिएनन् नै, विद्यालयमा पनि गैर गुरुङ शिक्षकसमेत गुरुङ भाषालाई माध्यम बनाएर पढाउँथे । त्यसबेलाको समयमा कापी कलम त थिएन, उनी धुलो माटोलाई सम्याएर त्यसमा बाह्रखरी लेखेर पढ्दथे ।

अन्नपूर्ण नि.मा.वि.बाट चार कक्षा अध्ययन गर्दै गर्दा उनका ठूलाबाबा र ठूलीआमाले उत्तरपूर्वी भारतमा लिएर गए जहाँ उनको भेट नेपाली, हिन्दी र अङ्ग्रेजीसँग भयो । करीब दुई वर्षको भारत बसाइँले उनलाई हिन्दी फिल्मको लती बनाइदियो र त्यहाँ रिक्रुटहरूले गर्ने तालिम र उनीहरूप्रति गरिने निर्दयी व्यवहारले आफ्नो पूर्ख्यौली पेसाप्रति सधैंका लागि घृणा विकसित गराइदियो । पोखरा कुँडहरस्थित भद्रकाली प्रस्तावित मा.वि.बाट एस.एल.सी. दिएपछि बाहिरी पुस्तक पढ्न थालेका गुरुङले इच्छा नहुँदा नहुँदै पनि विज्ञान सङ्कायमा भर्ना भए र बडो मुस्किलले आइ एस्सी पास गरे । कक्षा हाप्दै पुस्तकालय छिरेर साहित्य पढ्ने गरेको उनका मित्र साहित्यकार भूपिन बताउँछन् ।

अङ्ग्रेजी साहित्यमा स्नातक तह पढ्ने इच्छा भए पनि उनी विज्ञान सङ्कायमै भर्ना भए । त्यो भन्दा अघि नै बोर्डिङमा पढाउन थालिसकेका गुरुङको जीवनको तराजुको सन्तुलन ठिक नभएपछि औपचारिक अध्यापन बीचमै छोडे । केही धन कमाउने आशामा खाडी मुलुक कतार पुगे त्यहाँको प्रचण्ड गर्मी र हावापानीका कारणले गर्दा नेपाल फर्कदा मृगौलाको रोगलाई साथी बनाएर ल्याए (लोहनी, २०७४ : वैशाख १) ।

उपन्यासकार तीर्थ गुरुङ सानै उमेरबाट पढ्न र लेख्न रुचाउँथे उनको अन्तर्मुखी स्वभावका कारणले उनलाई किताबको अम्मली बनायो । गण्डकी भेकको गुरुङ भइकन पनि भर्ती नहुनु वा भर्तीका लागि प्रयास नगर्नु गुरुङको पृथक विशेषता हो । पश्चिम भेगका

मगर र गुरुङलाई राज्य संयन्त्रले बेलायती वा भारतीय गोर्खा फौजमा भर्ती हुनु प्रारब्ध.जस्तो बनाइदिएको थियो । युवापुस्ताहरू अङ्ग्रेज तथा भारतीय सेनामा भर्ती हुने प्रचलन नै थियो । नसा-नसामा लाहुरे हुने नस बसाइएको समयमा पनि तीर्थ गुरुङ लाहुरे हुने चाहनाबाट परै रहनु अपवादजस्तै थियो । यो अपवादको बीउ रोपिएको थियो १० वर्षे उमेरमै स्कुलका अब्बल विद्यार्थी थिए । नेपाली पढाउने गुरु रामचन्द्र पोखरेलका प्रिय विद्यार्थी तीर्थ गुरुङलाई उनले नेपाली भाषाको मिठास चखाए । अर्न्तमुखी स्वभावका गुरुङ बाहिरी दुनियाँसँग बाचाल नभएपछि किताबसँग संवाद सुरु गरे । उनले भन्छन्- 'युधीर थापा र प्रकाश कोविदका उपन्यास पढेर म बिग्रिएँ' (श्रेष्ठ, २०७४ : असोज २१) । आफ्नो पठन अनुभव बताउँछन् । रुसी साहित्य खास गरी गोर्कीका आत्मकथाले थापा र कोविदले बिगारेको पाठकलाई सही बाटोमा ल्याइदिए । बी.पी. कोइरालाको कथा तथा उपन्यासले उनलाई साहित्यको दुनियाँमा हराउन मद्दत गरेको छ ।

पारिजातको **शिरिषको फूल**, सरुभक्तको **पागल बस्ती** ओर्वेलको १९८४, मार्केजको **सय वर्षको एकान्तबास** दोस्तोएब्स्कीको **अपराध र दण्ड**, कामुको **आउटसाइडर** र काफ्काको **मेटामफोर्सिस** आदिको प्रभावले उनमा लेखकको ढोकामा घच्घच्याउने काम गऱ्यो । उनको स्कुले जीवन एकदम साधारण र सरल रेखामा गयो । गुरुङ स्कुलमा राम्रो विद्यार्थीमा गनिन्थे । पोखरेली साहित्यकारले चलाएको **संरक्षण कविता आन्दोलन** (२०७५) का एक सदस्य थिए गुरुङ, त्यसकै एक सहयात्री थिइन् उनकी साथी सरिता । जसले उनलाई धेरै सहयोग र हौसला प्रदान गरेकी थिइन् । गाउँगाउँ पुगेर कविता लेख्ने सुनाउने उनीहरूको यात्राले गुरुङलाई केही हदसम्म मुखर बनाएको थियो । त्यही उजागर भएको थियो उनको व्यक्तित्व । गुरुङ असाध्यै गम्भीर पाठक हुन् । उनले बताए अनुसार थाहा लाग्दछ उनलाई **पागलबस्ती**ले हप्तौसम्म रन्थन्याएको थियो र **वान हन्ड्रेड इयर्स अफ सलिच्युड** पढिसकेपछि त उनलाई केही दिन त खाना पनि पचेको थिएन ।

सङ्गीत उनको अर्को सोख हो । मोजार्ट विथोविनबाट सुरु हुने उनको सङ्गीत पारख अब मार्लीदेखि हिन्दी गीत र नारायणगोपाल, अरुण थापा, अमृत गुरुङ, सुरेश कुमारसम्म जान्छ । यसका साथै उनी चिनियाँ, जापनिज धुन र सङ्गीत पनि सुन्दछन् । स्लो रक ब्लूज, केनी रोयर, इरिक क्याप्टन, जन लेनन मन पर्नै सूचीमा पर्दछन् भने घुमफिर अर्को रुचि हो । चाहेजति ठाउँ घुम्न नपाएका कारण पुस्तक संसार घुम्ने अर्को माध्यम बनाएका छन् । आम साहित्यकार जस्तै तीर्थको आरम्भ पनि कविता हो । पोखरेली

युवा सांस्कृतिक परिवार र संरक्षण कविता आन्दोलनमा उनको कविताले स्थान पायो । **गाउँको स्वास्थ्य चौकी, ए लाहूरे, आशामार चूरुट** जस्ता चोटिला कविताहरू लेखे । यसका साथै केही कथाहरू पनि छन् अप्रकाशित । उनी आत्मसमीक्षा र भाषामा लालित्य विकास गर्न डायरी लेख्दछन् ।

तीस महिनाको खाडीको बसोबासले बिगारेको उनको दुवै मृगौलालाई उपचार गर्ने उनको आर्थिक क्षमता थिएन । त्यसपश्चात उनका साथीहरू कवि तथा लेखकहरू, निस्प्रज सजीले अस्ट्रेलियाबाट रकम जम्मा गरे, बहराइन र अमेरिकाबाट कवि भूपिन, चितवनबाट सरिता तिवारी, पोखरेली कवि लेखकहरूको सहयोग अझ साहित्यकार सरुभक्त उनलाई भेट्न महाराजगन्ज शिक्षण अस्पतालमासमेत पुगेका थिए । सबैजनाको आर्थिक सहयोग र उनको बाबाको मृगौला दानले गर्दा उनले नयाँ जीवन पाए । मृत्युसँगको लुकामारीमा मृत्युलाई नै उनी जित्न सफल भए ।

सन् २०१३ को पहिलो बिहान उदाइरहेको सूर्यलाई हेरेर भने “म यो वर्ष उपन्यास लेख्नेछु” तर लेखेनन् । बरु वार एण्ड पिस, माधवी र अन्ना करेनीना जस्ता जटिल किताब पढिरहे । एक वर्षपछि पनि लेख्ने प्रयत्न गरे तर लेखेनन् । त्यसपश्चात् सन् २०१५ मा पहिलो पटक कागजमा ‘फलामे ढोका’ नामकरण गरे । एउटा लामो कापी लिएर लेख्न सुरु गरे उनको हात काम्ने समस्याले गर्दा अक्षर बुझिएन । त्यसपछि ल्यापटपको सहायताले लेखन कार्य अगाडि बढाए । यसै समयमा २०७२ सालमा ७.८ म्याग्निच्युडको महाभूकम्प गयो । ठूलो धनजनको क्षति भयो । लेखन कार्य बीचमै ठप्प भयो । उपन्यासका पात्रहरू धेरै भएका कारण उनले आफ्ना स्कुले साथीहरूको नामबाट नामाकरण गरे । उनको साथी भूपिन र रोशन शेरचनको सल्लाह अनुसार फलामे ढोका परिवर्तन गरेर **पाठशाला** नामाकरण गरे । बुकहिल पब्लिकेसनबाट २०७४ साल साउनमा **पाठशाला**को प्रकाशन भयो । उनका लेखक साथीहरू रोशन शेरचन, भूपिन, भूपेन्द्र खड्का, लक्ष्मण श्रेष्ठहरूका बीचमा अनौपचारिक लोकार्पण गरे ।

आफ्नै कार्यव्यस्तताका कारण **पाठशाला**ले पत्रकार सम्मेलन विमोचन कार्यक्रम र न कुनै पपुलर पत्रिकामा प्रकाशित हुने मौका पायो । पछिल्लो समयमा मदन पुरस्कार छनोटमा **पाठशाला** पऱ्यो । उपन्यासकार गुरुङले आफ्नो पहिलो कृतिमा एस.एल.सी. दिएर बसेको एक किशोर जो सिजोफ्रेनिक रोगको सिकार भएको छ । उसको मनोविज्ञान, नीजीस्तरका शैक्षिक संस्था, परम्परागत शिक्षण पद्धति, एउटा बालक योग्य सक्षम र असल मस्तिष्कको

नागरिक बन्नका लागि परिवार समाज र विद्यालयको योगदानको चर्चाका साथै दोस्रो जनयुद्धका सन्दर्भलाई विषयवस्तुका रूपमा लिएर पाठशालाको कथानक तयार पारेका छन् ।

नेपाली साहित्यको श्रीवृद्धिका निम्ति क्रियाशील र मिहेनेती गुरुङको प्रतिभा र योगदानको कदर गर्दै उनलाई गुरुङ आदिकवि हर्कबहादुर गुरुङ स्मृति पुरस्कारबाट सम्मानित र गुरुङ साहित्यिक मञ्च नेपालबाट रु एक लाख एक हजार एक सय एघार रूपैयाँ नगदसहित सम्मान गरेको पाइन्छ । पाठशाला उपन्यास लिएर पाठक माझमा छाएर सुरुमै आफ्नो विशिष्ट स्थान बनाउन सफल तीर्थ गुरुङको यो नै एकमात्र पहिलो उपन्यास हो । कविता लेखनबाट सुरु भएको उनको लेखनी विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाबाट माँझिदै आएको पाइन्छ । सही परिष्कारको स्वरूप यो 'पाठशाला'को जन्म भएको पाइन्छ । समग्रमा भन्नुपर्दा गुरुङ समकालीन उदीयमान स्रष्टाका रूपमा देखिएका छन् ।

नेपाली समाजमा हिजोदेखि नै शिक्षाप्रणाली धरासयी बनेको हाम्रो समाजमा विद्यमान मध्यम वर्गीय समाजको कष्टकर जिन्दगी र त्यससँग जुट्ने आर्थिक समस्याको जल्दोबल्दो चित्रण गरेका छन् । पाठशाला उपन्यासमा गुरुङले एउटा बालकको विकास र प्रगतिमा समाज, घरपरिवार र विद्यालयले सहयोग नगर्दा, उनीहरूका भावना नबुझ्दा बालकमा पर्ने मनोवैज्ञानिक असरलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । तसर्थ उनलाई सामाजिक यथार्थवादी र मनोवैज्ञानिक उपन्यासकार हुन् भन्न सकिन्छ ।

### ४.२ 'पाठशाला' उपन्यासको विधापरक अध्ययन

**पाठशाला** उपन्यासको विधापरक अध्ययन र कुनै पनि रचनाको विधापरक अध्ययन गर्दा यसका आधारभूत संरचकहरूको परीक्षण गरिन्छ । उपन्यास निर्माणका लागि आवश्यक पर्ने संरचक भनेका त्यसका तत्त्व वा उपकरण नै हुन् । उपन्यासका मुख्य उपकरण कथानक, चरित्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र उद्देश्यका आधारमा उपन्यासको अध्ययन गरिएको छ

### ४.२.१ पाठशाला उपन्यासको कथानक

तीर्थ गुरुङको **पाठशाला** उपन्यास डिमाई साइजमा संरचित उपन्यास हो । यो उपन्यास सर्वप्रथम फाइन प्रिन्ट बुकहिल पब्लिकेसन अनामनगर काठमाडौंले २०७४ साउनमा प्रकाशन गरेको हो । उपन्यासमा २६ खण्ड रहेका छन् । यसको आइ.एस.वि.एन.

नं. (९७८-९९३७-९१०१-५-६) हो । उपन्यासमा जम्मा २४७ पृष्ठ रहेका छन् । पहिलो खण्ड ६ पृष्ठ, दोस्रो १५, तेस्रो १४, चौथो १४, पाँचौं १४, छैठौं ७, सातौं १२, आठौं ५, नवौं १२, दसौं ११, एघारौं ११ पृष्ठ बाह्रौं १२, तेह्रौं ७, चौधौं ६, पन्धौं ५ पृष्ठ सोह्रौं ५ पृष्ठ, सत्रौं ६ पृष्ठ, अठारौ ६ पृष्ठ, उन्नाइसौं १२, बिसौं ९, एक्काइसौं ६, बाइसौं १२, तेइसौं २०, चौबिसौं ६, पच्चीसौं ५ र छब्बीसौं वा अन्तिम खण्ड ८ पृष्ठमा संरचित देखिन्छन् ।

उपन्यासको बृहत् खण्ड तेइसौं खण्ड र सबैभन्दा साना खण्डहरू आठौं, पन्धौं, सोह्रौं र पच्चीसौं देखा परेका छन् । यसका प्रत्येक खण्डमा उपशीर्षक दिइएको छ । 'नीलो नोटबुक' शीर्षकबाट सुरु भएको कथानक मानसिक वार्डमा गएर टुङ्गिएको छ । किताबको बाहिरी आवरण कालो रङ्गको रहेको छ । किताबको अगाडि पृष्ठमा अङ्ग्रेजी र नेपाली शब्दहरूले सजाइएको छ भने पछाडि भागमा विद्यालयको सूचना लेखिएको छ । कालो भुँइमा सेतो अक्षरले उपन्यासको नामाकरण गरिएको छ ।

उपन्यासको परिच्छेद एकमा 'म' पात्र र मुख्य पात्र गगनको बसमा भेट भएपछि उसले छोडेको नीलो नोटबुकका हरिया अक्षरहरू पढेपछि यसको कथानक सुरु भएको छ । उपन्यासमा एक किशोरको १० कक्षा अध्यापनरत र एस.एल.सी. दिए पश्चात्को समयलाई विषयवस्तुको रूपमा उतारिएको छ ।  पोखराको अमरसिंह चोकमा बसभित्र बस्ने बित्तिकै एकजना गोरो, अग्लो र दुब्लो युवकसँग लेखकको भेट हुन्छ । जसले त्यस्तो गर्मीमा पनि बाक्लो नीलो हुट लगाएको थियो । उसको दाहिने हातमा स्केचबुक र कमिजको खल्तीमा नौ दश वटा कलम, डट्पेन र जेलपेनहरू छन् र यही स्केचबुकसँगै एउटा डायरी जस्तो नोटबुक पनि बोकेको थियो । उसको अवस्था सामान्य भन्दा बेग्लै थियो । जसलाई नियन्त्रणमा उसको आमा, मामा र भाइले लिइरहेको थिए । ऊ एक्लै वा आफैसँग अङ्ग्रेजीमा बोलिरहने बसमा रहेका मानिसहरूलाई घुरेर हेर्ने जस्ता असामान्य क्रियाकलापहरू गरिरहेको थियो । यसै क्रममा उसले अचानक उठ्यो र करायो "ए गुरुजी गाडी रोकौं, गाडी रोकौं न, ऊ त्यहाँ पहिरो गै'रा छ" (पृष्ठ २) । तर बाहिर कतै पनि पहिरो गएको थिएन । लेखक पनि आफ्नो उपचारका निम्ति काठमाडौं जान लागेका हुन्छन् र बसमा असामान्य क्रियाकलाप देखाइरहेको गगनको व्यवहार असह्य भएपछि बसबाट निकाल्न बाध्य हुन्छन् । त्यसैक्रममा उसको नीलो नोटबुक बसमा छुट्छ । लेखकले काठमाडौंमा पुगेपछि फिर्ता गरिदिउँला भनेर राख्दछन् । लेखकले नीलो नोटबुकका हरिया अक्षरहरू पढेपछि यस उपन्यासको कथानक अघि बढ्दछ ।

उपन्यासको परिच्छेद दुईमा गगनले निर्मलाको (auto graph) डायरीमा आत्मवर्णन भरेको, आफ्नो नाम, ठेगाना, मनपर्ने चिज मन, नपर्ने चिजहरूको उल्लेख गरेको छ । उसलाई गीत सुन्न कथा लेख्न, अभिनय गर्न, चित्र कोर्न मन पर्छ । उसको सबैभन्दा मन नपर्ने रङ्ग पहेलो हो भने, मनपर्ने रङ्ग शान्तिको प्रतीक नीलो र हरियो हो । अचम्म लाग्दो कुरा के लेखेछ भने शिक्षकको ठाउँमा "Go to Hell" यो शब्दले नै थाहा हुन्छ कि उसको शिक्षक र विद्यालयप्रतिको दृष्टिकोण कस्तो छ । गगनका बाबा ईश्वर थापा र आमा चन्द्रकला गुरुङबीच सङ्घर्षपूर्ण प्रेम विवाह भएको थियो । ईश्वर थापा राजनीतिक क्षेत्रमा सक्रिय व्यक्ति हुन् । उनलाई बाहिरी किताबहरू पढ्न मन पर्दछ । नेपाली गोर्की बन्ने इच्छालाई पूर्ती गर्नका निम्ति छोराको नाम गोर्की राखे । चैत २६ गते बहुदल घोषणा भएको दिन गगन थापाको ‘प्रिम्याच्युअर स्टिलबर्थ’ भएको थियो । उसलाई जन्माएपश्चात् आमालाई स्वास्थ्य समस्या देखिएपछि गगनले छिमेकी आन्टी सीता परिवारको दूध खाएर हुर्कियो भने सीतको छोरा लिली बाउन्ने र पात जस्तो हलुका भयो । युकेजीसम्म पुग्दा पनि डब्लुलाई डब्नु भनेको हुनाले उसको नाम डब्बु रहन गयो ।

पोखराको माटेमानीस्थित न्यू हार्फोर्ड मोर्डन इङ्ग्लिस स्कुल रहेको छ । यसै विद्यालयको छात्र हो गगन । हार्फोर्ड स्कुलमा बाहिरबाट हेर्दा आकर्षित रङ्ग लगाइएको, ठूला-ठूला पोष्टरमा विद्यार्थीहरू शिक्षकहरूको फोटो टाँसिएको, साइन्स ल्याब, कम्प्युटर कोर्ष लाइब्रेरी, अफिस, खेलकुद मैदान, होस्टेल आदि इत्यादि छन् । यसै विद्यालयमा दश कक्षामा अध्यनरत छ गगन । एस.एल.सी. यानेकी फलामे गेट पार गर्नका लागि कडा मेहेनत गर्नुपर्दछ भन्दै प्रिन्सिपलदेखि लिएर अन्य शिक्षकहरूले पनि बारम्बार सम्झाइरहन्छ । अनिवार्य कक्षामा पढेको भरले पास गर्न सकिँदैन भनेर शिक्षकहरूले भनेपछि कक्षाका हरिश, समीर र गगन बाहेक सबै होस्टेल बसिसक्दछन् । होस्टेल गएको दुई-चार दिनमै अन्य साथीहरू आफूभन्दा जान्ने भए जस्तो गगनलाई लाग्यो । शिक्षकहरू तथा होस्टेल जाने साथीहरूले गगनलाई फरक व्यवहार गर्न लागे । गगनको ममी बाबासँग होस्टेल राख्ने हैसियत थिएन । हार्फोर्ड स्कुलमा विभिन्न प्रकारका कार्यक्रमहरू भइरहन्छ । सदन छुट्याएर विद्यार्थीलाई कार्यक्रममा भाग लिन लगाइन्छ । पहिला रङ्गबाट छुट्याइन्थ्यो भनेपछि । प्रख्यात व्यक्तिहरू जस्तै गान्धी, सेक्सपियर आदि ।

हार्फोर्ड विद्यालयमा वार्षिकोत्सव कार्यक्रम हुन्छ । सम्पूर्ण विद्यार्थीहरूले नाचेर गाएर कोहीले कवितावाचन गरेर आ-आफ्नो प्रतीभा देखाउँछन् । प्रध्यानाध्यापक तथा अन्य

शिक्षकहरूले भाषण गर्दछन् र हार्फोर्डको शिक्षा प्रणाली गुणस्तर छ र यही विद्यालयमा नै विद्यार्थीहरूको भविष्य उज्ज्वल छ भन्ने कुरामा जोड दिन्छन् । विज्ञान र हेन्डीक्राफ्टको प्रदर्शनी पनि गरियो । दश कक्षाका होनहार विद्यार्थीहरू राजन र प्रतिभाले कार्यक्रम उद्घोषण गरे । सबैका अभिभावकहरू उपस्थित थिए । गगन र उसको भाइको अभिभावक ममी बाबाको कुइरे साथी बोइलन आएको थियो । कार्यक्रमको अन्त्यमा शिक्षकहरू रक्सीले मातेर तथानाम बोल्दै कहिलेदेखि मनमा गुम्सिएर रहेको कुण्ठाहरू बाहिर निकाल्दै झगडा गरे । गगन र उसका साथीहरू पनि नजिकैको पसलमा रक्सी पिएर घरतिर लागे ।

गगनका बाबाले ऋण गरेर बल्लतल्ल एउटा घर बनाउँछन् । त्यसभन्दा अगाडि भाडामै बसेर आएका हुन् । ईश्वर थापालाई अर्को सन्तानका रूपमा छोरी चाहिएको थियो । २०५२ साल फाल्गुण १ गतेका दिन कान्छा सन्तानका रूपमा प्रणय जन्मियो । उसको जन्मले ईश्वर थापा खुसी थिएन । दिन-रात लोग्ने स्वास्नी बीच झगडा भइरहन्थ्यो । अनि बाहिर-बाहिर काम गर्न हिँडे । घरमा कम आउँदथे । प्रणय जसको नाकबाट सिँगान बाह्रैमास बगिरहन्थ्यो । ऊ साह्रै घमण्डी थियो । उसलाई नाकले त गन्ध पाउँदैनथ्यो तर कानले सुनेको र आँखाले देखेको सबै कुरा चाहिन्थ्यो । एक दिन महेन्द्रपुलमा गगन त आज्ञाकारी छोरा थियो तर भाइले ब्याट्रीबाट चल्ने महङ्गो गाडी किन्नका लागि झगडा गर्‍यो । आमासँग किन्ने पैसा थिएन त्यसैबखत एकजना अङ्कल आएर किनिदियो, सो अङ्कल गगनको बाबा नभएको समयमा प्रायः आइरहन्थ्यो ।

गगनका बाबा मदन भण्डारीबाट प्रभावित थिए । भित्ताभरी ती नेताको फोटा टाँसेका थिए । बाहिरी किताब तथा राजनीतिका किताबहरू पढिरहन्थे, मानिसहरूसँग कम बोल्दथे । मध्यमवर्गीय परिवारिक आर्थिक समस्या र प्रणयको झगडालु स्वभावले गर्दा पनि उनीहरूलाई डेरा सरिरहनु परेको थियो । ईश्वर थापाले प्रणयलाई गगनलाई जस्तो मन पराउँदैनथ्यो र कहिल्यै बाहिर घुमाउन पनि लैजादैनथ्यो । प्रणय पनि कहिल्यै अगाडि पर्दैनथ्यो बरु पछाडि चाहिँ ड्याडी भन्थ्यो ।

गगनको साथी ध्रुवसँग हिँडेको गगनको बालाई मन पर्दैनथ्यो । गगनले विद्यालयमा गर्ने एक-एक क्रियाकलापहरूको खबर बाबालाई पुर्‍याइहाल्थ्यो । एकदिन गगन र गगनका साथीहरू भएर फिल्म हेर्न गए । फिल्म हलभित्र कतै बा आउने त होइन भनेर डराइरहृयो । तर विद्यालयमा सरहरूले थाहा पाएपछि सबैले सजाय पाए । गगनको बुबाको मिल्ने साथी भूपति भट्टराई नेपाली विषयका शिक्षक थिए । हार्फोर्ड स्कुलका प्रायः शिक्षकहरूले आफ्ना

व्यक्तिगत समस्याबाट उठेको रिस विद्यार्थी कुटेर शान्त पार्दछन् । तर विद्यार्थीले शिक्षकलाई कुट्न नमिल्ने एकदिन गगन लालीगुँरास टोलमा हिँड्दै गयो । त्यही गुरुको घर थियो । थोत्रो घरमा थोत्रो सोफा राखिएको बैठक कोठामा भूपति गुरु बसिरहेका थिए । गुरुका ६ वटा छोरी-छोरी मात्र थिए । आफ्नी श्रीमतीलाई तैले छोरी मात्र दिइस मलाई भन्दछन् । रक्सी खाने, ठूलो खसीको मासु खाने, चुरोट खाने गुरुले विद्यार्थीलाई भने भाषण दिन्छन् । गुरुले गगनलाई पनि राम्रो साथीको सङ्गत गर । 'अल्पहार स्वप्न निद्रा, काक चेष्टा, बको ध्यान' । परिश्रमी हुनुपर्दछ । शरीरलाई हानी गर्ने अम्मलको सेवन गर्नु हुँदैन । रुढी परम्परा र अरु अन्धविश्वासले समाजलाई जर्जर बनाएको यो देशमा तिमीजस्ता नौजवानहरूले क्रान्ति ल्याउनुपर्छ भनी प्रवचन दिन्छन् । गुरुको प्रवचन र गुलियो चियाको स्वादले वाक्क मानेको गगन एकजना मान्छे आएको बेलामा त्यहाँबाट उठेर गइहाल्छ ।

भ्याकेसनपछि स्कुल जाँदा डिस्पिलिन सरले सबैको ड्रेस चेक गऱ्यो र विद्यालयको नियम पालना नगर्नेलाई सजाय दियो । विद्यालयको पहिलो त्रैमासिक परीक्षा भयो । शिक्षकहरू होस्टेल बसेको विद्यार्थीको आडैमा गएर हिजो बेलुका छलफल गरेको हैन भन्दछन् । गगनको बाबाले कहिल्यै गाली गरेनन् । बरु नराम्रो साथीको सङ्गत नगर राम्रोसँग पढ् । घोडा चढ्ने मान्छे लड्छ भनेर सम्झाउँथे । होस्टेल बस्नेहरू पास भए भने नबस्नेहरू फेल भए । हरिश र समीर पनि डे बोर्डस बसेपछि गगन एक्लो पऱ्यो । भूपति गुरुबाट कुरा पुगेर होला गगनको बुबाले एउटा थोत्रो टिनको बाकस दिएर होस्टेल पठाए । होस्टेलको पहिलो दिन त भव्य स्वागत् भयो गगनको तर दोस्रो दिनबाट होस्टेलको असली रूप देखिन सुरु भयो । दालमा तीन मुरी पानी हालेको, सोडा हालेर फुलाएको भात, जाली पर्न लागेको घिरौलाको तरकारी त्यसमा पनि गुलियो आलु मिसिएको तरकारी, खाजा पनि त्यस्तै झारा टार्ने अझ प्रिन्सिपलले आएर खाना भनेको न्यूट्रियस हुनुपर्दछ भन्दै भाषण दिन्थ्यो । बिहान ५ बजे कक्षाकोठामा उपस्थित हुनु पर्दथ्यो । अनि बेलुका ११ बजे बत्तीको स्वीच अफ हुन्थ्यो । धुन पठाएको नयाँ-नयाँ कपडाहरू हराउँथे होस्टेलमा पानी नआएर कत्ति दिनसम्म गन्हाएर बसी साध्य हुँदैनथ्यो । गगनले होस्टेलमा प्रिन्स पुन, रोल्पाली, राजेश जस्ता साथीहरूसँग रमाइला दिनहरू बितायो ।

बिहान बेलुका होस्टेलमा र दिउँसो कक्षाकोठामा पढ्दै गगनको दिनचर्या राम्रै चलिरहेको थियो । शनिबार विदाको दिनमा खेलकुद कार्यक्रम हुन्थ्यो । होस्टेल वार्डेन जसलाई हिप्पो भन्दथे । उसले एउटा सानो केटासँग अनैतिक क्रियाकलाप गरेर गोदाइसहित

स्कुलबाट निस्कासन गरियो । त्यसपश्चात् अगम लिम्बु सर आयो वार्डेनको रूपमा । विद्यार्थीहरूप्रति उसको व्यवहार राम्रो थियो ।

कक्षा तीनमा पढ्दा केटाकेटी दुवै विद्यार्थीहरू मिसिएर बस्दथे । मिना दुरा भन्ने केटीलाई गगनले एकतर्फी मन पराउँथ्यो । तर त्यो प्रेम धेरै दिन टिकेन । गगन मध्यम वर्गीय परिवारको केटो थियो । उसको टिफिनमा सधैं भुटेको भात हुन्थ्यो । त्यसैले त मोती सर पनि अरुको टिफिन खादा खुसी हुन्थ्यो र गगनको खाँदा मुख बिगार्दथ्यो । मोती सर विद्यार्थीहरूको खाजा मागेर खान्थ्यो । विद्यार्थीहरूसँग राम्रो व्यवहार गर्ने, कक्षामा हसाउने, रमाइला कथा चुट्किला सुनाउने गर्दथ्यो । यही सरको पिरियडमा होला कुनै विद्यार्थीले पिटाइ नखाने । एक दिन मोती र एकजना मोटी मिस लाइब्रेरीमा आपत्तिजनक अवस्थामा देखेपछि विद्यालयबाट निस्कासन भए । कुरा फेरि होस्टेलकै आयो । लिम्बु सरले आफ्नो पालो पुऱ्याएपछि घर्ती सर आयो वार्डेनको रूपमा । विद्यार्थीलाई कुटेर हल्दार पद पाएको घर्ती सर अप्सनल म्याथ पढाउथ्यो । एउटा हिसाब गराउने, अर्को गर्न लगाउने फर्मुला कण्ठ गर्न लगाउने र सोध्ने पिट्नु पऱ्यो भने आँखै नहेरी पिट्ने गर्दथ्यो । 'स्पुन फिडिङ' शिक्षालाई नमान्ने आफैँ मेहेनत गरेर पढ्यो भने होस्टेलको आवश्यक पर्दैन भन्दथ्यो । प्रिन्सिपल सर होस्टेलको खाना खेर जान्छ भनेर साह्रै डराउथ्यो यति मात्र हो र परीक्षामा थप कापीको पनि सदुपयोग गर्नुपर्दथ्यो ।

यसै क्रममा दसैं तिहार चाडवाडको लहर आउँछ । यता विद्यालयमा भने शैक्षिक भ्रमण जाने कुरा चल्दछ । सबै जना जान तयार हुन्छन् । गगन भने फजुल खर्चको अभावले गर्दा पेट दुख्यो भनेर अभिनय गरेर जाँदैन । विद्यालयबाट बाहिर लैजादा गगनलाई प्रायः पेट दुखिराख्छ । सबै जना शैक्षिक भ्रमण गएर आएपछि फोटो हेर्न व्यस्त थिए र आफ्नै कुरा मात्र गर्दथे । गगनलाई कसैले पेट दुखेको सन्चो भयो भनेर पनि सोधेनन् । दशैं सकियो, तिहार सकियो, विद्यालयको शैक्षिक भ्रमण पनि सकियो ।

दसैं तिहारपछिको विदा पछि विद्यालय खुल्दा बिरालो यानकी प्रिन्सिपल थाइल्याण्ड गएर घुमेर आएको र फेरिएको हुन्छ । उसको पहिरनदेखि लिएर बोलिचाली पनि अर्कै भएको छ । प्रायः बोडिङ स्कुलका प्रिन्सिपल तथा फाउण्डरहरू लिएर अभिभावकलाई मर्कामा पारेर शिक्षकहरूलाई शोषण गरेर ठगी गर्ने त निजी विद्यालयहरूको प्रचलन नै हो । नत्र त थोरै समयमा धेरै उपलब्धी कसरी हासिल गर्न सकिन्छ ? होस्टेल वार्डेनको रूपमा फेरि नयाँ सर ट्रिपल आर सर, दुब्लो, पातलो ख्याउटे सर रक्सी खान्थ्यो । सोसियल पढाउने

सरको इङ्ग्लिस कमजोर भएको हुनाले नेपाली मै पढाउँथ्यो । रेग्मी सर र केटाहरू मिलेर पार्टी मनाएर आ-आफ्नो वेदना सुनाए ।

दोस्रो त्रैमासिक परीक्षा आयो गगनलगायत बाह्र जना विद्यार्थीहरूले शुल्क नबुझाएका कारणले गर्दा प्रिन्सिपलले सबैले देख्ने गरेर कुखुरा भाले बनायो । त्यही पनि अरु विद्यालयको प्रिन्सिपलको सल्लाह अनुसार दिएको सजाय पालना गरिएको समयमा गगन एक्कासी उठेर भाग्यो । उसको पछाडि घर्ती सर दौडिरहेको थियो तर भेट्टाएन । घरमा पुगेपछि गगनले ममीको पैसा झिकेर बजारतिर आयो । बाटोमा सोच्दै गर्दा उसलाई आफ्नो बाप्रति साह्रै रिस उठ्यो । आफ्नो दयनीय आर्थिक अवस्था देखेर घृणा लाग्यो । मानिसहरूलाई जुन चिजको आवश्यक छ र जुन चिजको अभावमा बसिएछ त्यसैको धेरै सपना देखिन्छ । गगन पनि बेला-बेलामा दिउँसै सपना देख्छ, धनी भएको, जे मन लाग्छ त्यही खाएको, हार्फोर्ड स्कुलमा गएर गरीब विद्यार्थीहरूको सेवा गरेको । कल्पनामा डुब्दै गर्दा बेलुकी भयो । दिमागभन्दा मनले बढी जितेपछि गगन घर गयो ममीबाट नराम्रो प्रतिक्रिया आएन । आइन्दा यस्तो नगर्नु भन्दै फि तिरिसकेको कुरा गरिन् ।

अर्को दिन गगन विद्यालय पुग्दा सबैले सामान्य व्यवहार गरे । उसको मनमा चाहिँ वाह ! डब्बु तैले त प्रिन्सिपलको पञ्जाबाट फुत्कने साहसीपूर्ण काम गरिस् भनेर प्रशंसा गर्दछन्, तर त्यस्तो भएन । डाइरेक्टर सर विद्यार्थीहरूको भाषामा डबल सरले गगनलाई आफ्नो कोठामा बोलाएर तिमीले चालेको कदम सही हो, तिमीले विद्रोहको झिल्का उठाएर क्रान्तिको ज्वाला सल्काउनुपर्दछ भनेर ढाँडमा धाँप मार्‍यो तर भने अप्रत्यक्ष रूपमा प्रिन्सिपलको विरोधमा कान फुकिरहेको थियो । यस्तै हो जताततै राजनीति-राजनीति हुन्छ ।

गगनका छिमेकी एकजना प्रेम अङ्कल थिए । उनले ईश्वर थापा जस्तै थुप्रै बाहिरी किताबहरू पढ्दथे । उसकी छोरी रोजासँग गगनको राम्रो मित्रता गाँसिएको थियो । गगनका बाबा राजनीतिक पार्टीका सक्रिय सदस्य भएका कारण उनलाई भेट्न शाही सेना, हवल्दार र अन्य मानिस पनि बेलाबेलामा आइरहन्थे । पहिले क्याम्पस पढ्ने समयका गफहरू अनि राजनीति पार्टी सम्बन्धीको गफ गर्दथे । उनीहरू गएपश्चात् एक दिन ईश्वर थापाले पेटभित्रको ग्यास पति बेस्सरी निकायो कि तल चेक पोष्टका मानिसहरूसमेत डराए । उता प्रेम अङ्कललाई केही मुकुटधारी मानिसहरू आएर राति-राति समातेर लैजान्छन् । प्रेम अङ्कल, माओवादी पक्षको थियो भने ती मानिसहरू आर्मीका थिए । सुन बरामद गरेको हुनाले समात्न लागेका थिए । त्यसपश्चात गगनका बाबालेसमेत डराएर आफ्ना राजनीति

सम्बन्धी किताबहरू जलाएर फाले र गगनको अर्को नाम गोर्की पनि बाबाको त्यो दिनको पाढसँगै उड्यो ।

गगन सानैदेखि होनहार विद्यार्थी थियो । उसले विद्यालय जानु अगावै ए, बी, सी, क, ख, ग, एक, दुई, तीन सयसम्म जानेको थियो । आफ्नो भन्दा ठूलो कक्षाका दाइदिदीहरूले नजानेको अर्थमेटिकको स्पेलिङ भनेर सबैको प्यारो भएको थियो । एकदिन उसको बाबा र ममीको ठूलो झगडा भएको थियो । गालीका वर्षात् र हात हालाहालसमेत भयो । त्यस झगडाको प्रत्यक्षदर्शी गगन थियो । त्यसपछि बिस्तारै गगनको आत्मबल कम हुँदै गयो । जतिबेला पनि आमा र बुबाको झगडा, आर्थिक समस्याको चिन्तनमा डुब्न थाल्यो । बिस्तारै उसको पढाइको गुणस्तर घट्दै गयो ।

हार्फोर्डमा जाडोको बेलामा स्पोर्टस मिट हुन्छ । अभिभावहरू पनि आउँछन् । अभिभावकहरूलाई राम्रो सत्कार गरिन्छ । छात्र-छात्रा दुवैले आ-आफ्नो प्रतिभा देखाउँछन् । यसै क्रममा वाइवाइ फूटबल टुनामेन्ट हुन्छ । एसएचबीएस र हार्फोर्ड बीच फुटबल म्याच हुन्छ । तर के गर्ने त्यहाँका जवान केटाहरूले हार्फोर्डको सोडा हालेको भात र गुच्चा जत्रो अण्डा खाएर फुटबलको तयारी गरेका केटाहरूलाई हराउन बेरै लागेन । १२ गोल खाएर हिनताबोध भई प्रिन्सिपलले अब अर्को पटक राम्रोसँग खेल, अब परीक्षाको राम्रो तयारी गर भन्यो ।

हार्फोर्डको म्यागेजिन कभरमा साइन्स ल्याबमा प्रयोगात्मक क्रियाकलापमा सरिक भएको फोटो छ । ल्याबका भित्रका सामानहरू कहिल्यै प्रयोगमा आउँदैनन् बरु लाइब्रेरी भने राम्रो र धेरै किताबहरू छन् । गगन पनि कहिलेकाहीँ कथाहरू पढ्न मन पराउँछ । उसको बाबाका किताबहरू सङ्कलन गर्दा सानोतिनो लाइब्रेरी नै बन्छ । बाबा नभएका बेलामा लुकिलुकी बाबाका किताबहरू पढ्छ । कोही बुझेर, कोही नबुझेर भूपी शेरचनको **घुम्ने मेचमाथि अन्धो मान्छे, मुनामदन** र अङ्ग्रेजीका किताबहरू टु **किल अ मकिङबर्ड, एनिमल फार्म** आदि । बोइलन एकजना विदेशी नागरिक उसको बाबाको साथी जो बाबासँग भन्दा बढी ममीसँग झ्याम्मिएको थियो उसले गगनलाई किताब पनि उपहार दिएको थियो ।

छिमेकी सीता परियारको दूध खाएर गगन हुर्कियो । तसर्थ थमन यादव यानेकी लिली बाउन्ने भयो । ऊ यति सानो थियो तरकारीको झोलामै अटाउथ्यो । एकदिन गगनले उक्साएर फिल्म बनाउने मान्छेहरूले दिएको चङ्गामा चढ्छ । भूँइमा बजारिएर उसको मृत्यु

हुन्छ । ५ वर्षको उमेरमा लिलीको मृत्यु हुन्छ । उसकी आमा पागल जस्ती हुन्छे । किनभने कोख रित्तिएको वर्ष दिन नपुग्दै सिन्दुर पनि पुँछिन्छ ।

सेन्ट अप टेस्टको तयारी सबै जनाले गरिरहेका थिए । गगनको कक्षाको साथी निर्मलाले आफ्नो अटोग्राफ भरिदिन आग्रह गर्दछे । जहाँ पहिले नै अन्य साथीहरूले भरिसकेका हुन्छन् । अचानक गगनको सबैभन्दा नजिकको साथी उसको मामाको चिनो उसको आइपड हरायो । चारैतिर खोज्यो पाएन । उता भने घर्ती सर र प्रिन्सिपल सरको कक्षामा अनुमति बिना प्रवेश गऱ्यो भनेर चर्काचर्की झगडा हुन्छ । गगनको आइपड खोज्न सब साथीहरूले सहयोग गर्दछन् । अनेक जुक्ति निकाल्छन् । हेराउन जाऊ कि जस्तो लाग्यो तर गएन । अन्तमा केटीहरूको ट्वाइलेटमा छानविन गर्न पुग्दछ ।

गर्ल्स ट्वाइलेटमा आइपड खोज्न जाँदा त्यहाँ अश्लील शब्द र चित्रहरू देख्छ । त्यही शब्दहरू मेट्दै गर्दा टुँगन घर्ती मगर सरले नराम्रोसँग गोद्छ । कसैको कुरै नसुनीकन एकोहोरो पिट्छ । अन्तमा गगन हस्पिटलको बेडमा पुग्छ । अनि उसको एपेन्डिक्सको तुरुन्त अपरेशन गर्नुपर्ने हुन्छ । अगम सरले अक्षरको परीक्षण गरेपछि त्यो अक्षर गगनको हुँदैन । विद्यार्थीलाई विना अपराध निर्घात रूपमा पिटेकाले घर्ती सरले राजीनामा दिन्छ ।

टेष्ट दिइसकेपछि गगनका कान्छा मामा यूकेबाट आउँछ । आफन्तकोमा खाना खान जाँदा वा घुम्दा गगनलाई आफ्नो पल्सर बाइकमा लैजान्छ । नातेदारहरू केटी देखाउन तम्सिन्छन् । मामाको बिहे हुन्छ । बिहेमा चारैतिरबाट आफन्तहरू सुनैसुनले पहेलपुर भएर आउँछन् । तर गगनको ममीको साडी पुरानो, गहना घाँटी र हातमै बिलाउने, बाबाको बाह्र वर्ष अगाडिको पुरानो कोट हुन्छ । बिहेपश्चात् मामाश्रीबाट मामा र गगन भान्जेबाट भाञ्जा भयो । पल्सर बाइक बर्थ डे गिफ्ट दिन्छु भनेको मामाले खबरै नगरिकन यूके जान्छ ।

एल.एल.सी.नजिकिँदै गरेको हुनाले सरहरू थप सिरिएस थिए । घर्ती सरले राजीनामा दिएपछि अप्सनल म्याथ प्रिन्सिपल आफैँ पढाउन थाल्यो । गाह्रो भएपछि ओम सरले पढाउन थाले । तारा मिसले स्वास्थ्य शिक्षा पढाउथिन् । केटाहरू राम्री मिसको क्रेजी थिए । कक्षामा केही न केही बहाना बनाएर जिस्काइरहन्थे । विद्यार्थीहरू कडा मेहेनत गरेर परीक्षाको तयारी गरिरहेका थिए । विद्यार्थीहरूलाई विदाइ भोज खुवाइयो । सबैजनालाई मासु भात अघाउन्जेल दिइयो । सरहरू पनि ब्यागपाइपर र कोक मिसाएर पिएँ । परीक्षाको शुभकामना दिँदै सुखद र सफल भविष्यको कामना दिए । परीक्षामा विशिष्ट श्रेणी, डिस्टिङ्सन तथा प्रथम श्रेणीमा पास हुने विद्यार्थीलाई पहिले नै प्राक्टिकलको नम्बर

पठाइएको थियो । सबैको नाम लिँदा प्रिन्सिपलले एक पटक पनि गगनको नाम लिन मन गरेन । गगनको कारणले गर्दा हुन परेको अपमान, घर्ती सरको राजीनामा आदिका कारणले गर्दा खुसी थिएन ।

एस.एल.सी. परीक्षा सुरु भयो । बिहानै प्रिन्सिपल र डाइरेक्टरले विजयी भव भन्दै टीका लगाएर सम्पूर्ण विद्यार्थीलाई आशीर्वाद दिन्छन् । भद्रकाली उच्च मा.वि.मा परीक्षा केन्द्र परेको थियो । एउटा कक्षामा १० जनाका दरले विद्यार्थीको सिट प्लानिङ गरिएको थियो । गार्डहरू कडा थिए । यताउता फर्कन पनि दिँदैनथे । पहिलो दिनको परीक्षा सबैले राम्रै गरे । नेपालीको परीक्षा गगनले राम्रो दियो । कम्पलसरी म्याथको त झन छ्यानब्बेको आशा गऱ्यो । किशोरावस्थामा विपरित लिङ्गप्रतिको आकर्षण स्वाभाविक नै हो । गगनलाई पनि बेलाबेलामा एकतर्फी प्रेम भइरहन्छ । परीक्षा हलमा एउटी केटीसँग आकर्षित भएको छ । हरेक दिन कडाभन्दा कडा इन्भिजिलेटर परेका छन् । त्यही पनि विद्यार्थीहरूले परीक्षा राम्रोसँग दिएका छन् । आठौं दिनमा अप्सनल म्याथ थियो । परीक्षा हलमा कडा नभएको हुनाले सबैले एकअर्काको हेर्दै सारे । सबै विद्यार्थीको परीक्षा राम्रो भयो आन्दोलनका कारणले गर्दा भोलिपल्ट हुने प्राक्टिकल अगाडि नै भयो । एक अर्काको सर्टमा सिक्नेचर गरेर आ-आफ्ना सामान प्याक गरे । बिदाई पार्टीमा सबै शिक्षकहरू र विद्यार्थीहरू नाँचेर, गाएर रमाइलो गरे । स्कुल लाइफ सकियो भनेर केटीहरू त रुन लागे । सबैजना आ-आफ्नो घरतिर लागे । गगनलाई परीक्षा राम्रो भएको हुनाले डिस्टिङसन आउने आशा छ ।

गगनको जन्मदिन सामान्य रूपले घरमै मीठो खाना पकाएर मनाइन्छ । एकाबिहानै जन्मदिनको उपहार स्वरूप एउटा **नीलो नोटबुक** आउँछ । जसमा 'म तिमीलाई आन्दोलनको अग्रभागमा भेट्न चाहन्छु' भनेर लेखेको हुन्छ । जनआन्दोलनले चर्को रूप लिँदै थियो । विभिन्न दलका कार्यकर्ता झण्डाहरू बोकेर नाराजुलुस गर्दै हिँडिरहेका छन् । गगनको आँखा अगाडि एउटा मान्छेको गोली लागेर मृत्यु भयो । अर्कोदिन गगन आन्दोलन भइरहेको महेन्द्रपुलमा पुग्यो । मानिसहरू पुलिसले लैजादासमेत गणतन्त्र जिन्दावाद भन्न छोडेका छैनन् । दोस्रो जनआन्दोलनमा कैयौं मानिस बेपत्ता भए, कैयौंको ज्यान गयो । प्रतिगमनको विरोधमा गणतन्त्र ल्याउने आशमा सर्वसाधारण जनता पिल्सिएका छन् । गगन पनि त्यो १९ दिने आन्दोलनमा सहभागी हुन्छ । त्यो आन्दोलन सकिएपछि देशमा लोकतन्त्र आउँछ । यो रहस्यमय नोटमा आफ्ना कथा लेख्दै गर्दा गगनलाई केही अनौठो भैरहेको जस्तो लागेछ तर उसले कसैलाई भनेको छैन ।

असार २१ गते रिजल्ट भयो । गगनको अलिकतिले डिस्टिङ्सन आएन । उसको सबै सारेकी जुलियटको अप्सनल म्याथमा ९६ आयो तर गगनको झन ६९ आयो । राजनले स्कुल टप्यो । यस्तै प्रतिभा विशालले पनि डिस्टिङ्सन ल्याए । अन्य सबै विद्यार्थीहरू चित्त बुझ्दो तरिकाले पास भए । गगन खुसी थिएन । तर उसको बाबुले सान्त्वना दिँदै 'धेरै डुङ्गामा एकैचोटी यात्रा नगर मात्र एउटा राम्रो सपनालाई आफ्नो बनाऊ र त्यसलाई पछ्याऊ' (पृ.२३८) । मानिसहरूले डब्बुको व्यवहार अर्कै छ भनेर अनौठो मानेर हेर्दछन् । एकदिन महेन्द्रपुलको बहुदल मःम रेष्टुरेन्टमा मःम खाएर निस्कँदा अचानक कसैले बोलाए जस्तो लाग्छ । फर्केर हेर्दा **राजेश हमाल** हुन्छ । राजेश हमालसँग हिँड्दै गर्दा सबै मानिसहरू घुरेर हेर्दछन् । तर यस्ता अचम्म लाग्दा कुराहरू गगनले आफ्नो बाबा र ममी कसैलाई पनि भनेको छैन । सायद चिन्ता लिनुहुन्छ भनेर होला ! र नोटबुकको अन्त्यमा गगनले आफ्ना साथीहरूलाई बाहिर ल्याउन नहुने आफ्ना कुराहरू पनि पर्दाफास गरेकोमा क्षमा पनि मागेको छ ।

समाख्याताले नोटबुक पढेर भ्याएपछि फिर्ता गर्नका लागि गगनलाई राखेको मानसिक वार्डमा पुगे । गगनको अवस्था सामान्य थिएन । भूइँमा कतै पनि रगत थिएन तर ऊ रगत तह लगाउँदै थियो । एम्बुसमा परेर १७ हजार जना मारिए, प्रेम अङ्कल, तरकारी भइँया लिलीसँग गफ गरेका कुराहरू यस्तै क्रियाकलाप देखाइरहेको थियो । 'हा हा हा बहुलाह संसारमा भेजा मान्छेहरू मात्र छन्' (पृ.२४३) । भन्दै एक सुर बोलिरहेको हुन्छ । गगनको यस्तो अवस्था एस.एल.सी.मा डिस्टिङ्सन नआएबाट शुरु भएको हुन्छ । अमूर्त चित्रहरू कोरेको थियो । समाख्याताको पनि मृगौला प्रत्यारोपण सफल हुन्छ । पाँच छ दिनपछि मानसिक वार्डमा गएर गगनको बारेमा सोध्दा गगनलाई सुई हालेकी परिचारिकाले यस्तो नाम गरेको बिरामी अहिलेसम्म यहाँ भर्ना भएकै छैन भन्छे र समाख्याता अचम्म मान्दै फर्किएपछि यस उपन्यासको कथानक अन्त्य हुन्छ ।

गुरुङको पाठशाला उपन्यास मध्यम वर्गीय परिवारको कमजोर आर्थिकस्थिति, निजी विद्यालयका धरासयी शिक्षा तथा देशको राजनीतिकस्थितिको चित्रण गर्न कथानकको उपयोग गरिएको छ । एस.एल.सी दिएर बसेको एक किशोर सामान्यबाट कसरी सिजोफ्रेनिक रोगको शिकार हुन पुग्यो भन्ने अवस्थालाई चित्रण, मध्यम वर्गीय समाज र निजी विद्यालयका भित्री वातातरणलाई जस्ताको त्यस्तै उतार्ने प्रयत्न उपन्यासमा भएको छ । यसका साथसाथै सामान्य रूपमा द्वन्द्वको सन्दर्भलाई पनि जोडिएको छ । पारिवारिक साथै

विद्यालयको वातावरणले गर्दा कसरी एक सामान्य किशोर मानसिक रोगको शिकार भयो भन्ने कुराको कारुणिक चित्रण गर्दै एक बालकको स्वस्थ मानसिक अवस्थाको लागि घर-परिवार साथै विद्यालयले पनि सहयोग गर्नुपर्दछ भन्ने सन्देश उपन्यासको कथानकले दिएको छ ।

गुरुङको पाठशाला उपन्यासमा 'भूत बङ्गला' बाट कथानकले गति लिएको छ । यसको कथानक व्यक्तिक्रमिक ढाँचामा छ । आदि भाग होस्टेल बसोबास, मध्य भाग विस्तार एस.एल.सी. दिएर बसेपछि र अन्त्य भाग मानसिक वार्डमा टुङ्ग्याइएको छ । कथानकको स्रोत कल्पनात्मक हो, स्वैरकल्पनाको प्रयोग गरिएको छ । जस्तै लिलीलाई चङ्गाले उडाउनु, गगन प्रायःजसो कल्पनामै डुब्नु, प्रत्यक्ष रूपमा पूरा हुन नसकेका इच्छाहरू कल्पनाको माध्यमबाट पूरा गर्दछ ।

### ४.२.२ चरित्र चित्रण

'पाठशाला' उपन्यास बहुपात्र प्रयोग भएको उपन्यास हो । यसमा निजी विद्यालयका शिक्षकहरू, विद्यार्थीहरू र मुख्य पात्र गगनको परिवार, आफन्त, शिक्षक र साथीहरूलाई पात्रका रूपमा वर्णन् गरिएको छ । यस उपन्यासको समाख्याताका रूपमा लेखक स्वयं र नीलो नोटबुकको समाख्याताको रूपमा गगन आएको छ । ईश्वर थापा, चन्द्रकला थापा, भूपति गुरु, प्रणय, सीता परियार र उसका साथीहरू सकारात्मक भूमिकामा देखिएका छन् । यस्तै उपन्यासमा निजी विद्यालय सञ्चालन गरेर भित्र खोक्रो, बाहिर बोक्रो भनेझैं सोझा-साझा अभिभावकबाट चर्को शुल्क लिएर आफू थाइल्याण्ड घुम्न जाने मोजमस्ती गर्ने, आर्थिकस्थितिका आधारमा विद्यार्थीहरूलाई व्यवहार गर्ने पात्रका रूपमा हार्फोर्ड स्कुलको प्रिन्सिपल विजयराज लोहनी र विना गल्ती सोच्दै नसोचिकन विद्यार्थीलाई निर्घात पिट्ने घर्ती सर नकारात्मक पात्रका रूपमा आएका छन् ।

उपन्यासको प्रमुख पात्र गगनले विद्यालयमा राजनीति गर्ने, खोक्रो शिक्षा प्रणालीको विरोध गर्नुपर्दछ भन्ने भावना व्यक्त गरेर समाजमा परिवर्तनको चाहना राखेको छ । गगनकै स्कुले जीवनमा उपन्यास अगाडि बढेको छ । उपन्यासमा अन्य पात्र भाइस प्रिन्सिपल, लिम्बु सर, डि.एन सर, ओम सर, तारा मिस, डबल सर, डिस्पिलिन सर, ट्रिपल आर सर, होस्टेल वार्डेन, होस्टेल सिस्टर, राजा, राजन, प्रतिभा निर्मला, शान्ति, चाँदनी, गंगा, हरिश, पदम, पूनम, भरत, ध्रुव, विमल, गगनको मामा, हजुरबा, हजुरआमा, माइजु, जुलियट, रोजा,

प्रेमअङ्कल, लिली, तरकारी भैंया, बोइलन र गगन मितज्यु आदि उपन्यासमा सहयोगी पात्रका रूपमा आएका छन् । मानवीय पात्रसँगै मानवेत्तर पात्रको प्रयोग उपन्यासमा भएको छ । उपन्यासका केही महत्त्वपूर्ण पात्रको चरित्रचित्रण निम्नानुसार गर्न सकिन्छ :

**(क) गगन**

गुरुङको प्रस्तुत पाठशाला उपन्यासको मुख्य पात्र गगन हो । पोखराको एक मध्यम वर्गीय परिवारमा हुर्केको घरको जेठो छोरो हो । ऊ बाबाको प्यारो छोरा हो । गगन पहिला सामान्य अवस्थामै थियो तर बिस्तारै उसको मानसिक स्थिति असामान्य हुँदै गयो । थाहा पाउने गरी प्रिन्सिपलप्रति आक्रोश बाबाआमाको सम्बन्ध र पारिवारिकस्थितिप्रति असन्तोष नदेखिए पनि अचेतनमा ऊ असन्तोष थियो । भित्र-भित्र मनको अज्ञात गहिराइमा दविरहेको केही सुषुप्त आक्रोश थियो, जुन स्कुलमा फि नतिरेको निहुँमा प्रिन्सिपलले कुखुरा भाले बनाउँदा भागेर घर गएको थियो, त्यसबेला प्रकट हुन्छ । हल्का प्रवाह, अतृप्त अनुभूति, परियोजित विवशता र कमजोर मनोबलको ओतमा यसको बालमनोविज्ञान सक्रिय रहेको छ । यस उपन्यासमा गगन मनोविश्लेषणात्मक दृष्टिबाट सबभन्दा सक्रिय व्यवहार भएको पात्रको रूपमा देखा पर्दछ । उसको व्यवहार र चाहना विचार तथा धारणाबीच सङ्गति मिलेको देखिदैन ।

गगन कल्पनामा मात्र डुबिरहन्छ । ऊ आफूले चाहेको गर्न सक्दैन तसर्थ भित्र-भित्र स्वैरकल्पनामा डुबेर इच्छा पूर्ति गर्दछ होस्टेल बसाइले उसको जीवनमा भिन्नता आएको देखिन्छ । कसैले नदेखेको कुरा उसले मात्र देख्दछ । एस.एल.सीपश्चात् घरमै बस्दा गगन आन्दोलनमा गएको हुन्छ । “मान्छेहरूलाई लागेको होला, म पनि हत्केलामा ज्यान राखेर वा यस्तै केही गरेर आन्दोलनमा होमिएको थिएँ र मेरो नशानशामा लोकतन्त्रको रगत बगिरहेको छ । तर, रगत त मैले त्यो सडकमै देखेँ लोकतन्त्र जिन्दावाद ! भनेर चोकमै ठूलो अक्षरमा लेखिएको थियो । ती अक्षरहरू बिस्तारै राता रङ्का भए र सडकमा बग्न थाले” (पृ.१०) । गगन डराएर त्यहाँबाट भाग्यो । गगनको “प्रिम्याचुअर स्टिलवर्थ” भएको हुन्छ । आफ्नो आमाको दूध नपाएका कारणले गर्दा सिजोफ्रेनियाको असर बिस्तारै देखिएको छ । सिजोफ्रेनिया एक गम्भीर मानसिक रोग हो । यस रोगको शिकार भएका मानिसहरूले नभएको आवाज सुन्ने र नभएको दृश्य देख्ने गर्छन् । उनीहरूले आफूलाई अरुले दुःख दिन खोजेको महसुस गरिरहन्छन् । यो रोग सामान्यतया १३-३० वर्षका व्यक्तिमा हुने गरेको

पाइन्छ । आनुवांशिक कारण, मस्तिष्कमा भएको रासायनिक असन्तुलन, पारिवारिक सम्बन्ध, बाह्य कारण, औषधिको दुरूपयोग आदिका कारण यो रोगले आक्रमण गर्दछ ।

गगन थापा पनि सानो हुँदा एकदमै पढ्ने विद्यार्थी थियो । सानो कक्षाको विद्यार्थी भएर पनि ठूलो कक्षाको विद्यार्थीले समाधान गर्न नसकेको हिसाब समाधान गर्दथ्यो । पछि गगनको पढाइ बिग्रदै जान्छ । प्रथमदेखि पास अनि पासदेखि झुण्डिएर पास हुन थाल्छ । उसको बाबा र आमाबीच धेरै जसो झगडा पनि भइरहन्थ्यो र उसलाई ठूलो असर पर्दथ्यो । गगनलाई स्कुलबाट होस्टेल बस्न बाध्य बनाइन्छ । जहिले खाजाको टिफिनमा भुटेको भात हुने भएकाले शिक्षक-शिक्षिकाको कहिल्यै प्यारो भएन । खाजा खाने ठाउँमा पैसा तिर्न कहिल्यै पाउथेन । केटीहरूले त झन् मन पराउने कुरै भएन । अलिअलि मन परेको केटीको बारेमा स्वैरकल्पनामा डुबिहाल्थ्यो ।

गगन अर्न्तमुखी पात्रको रूपमा आएको छ । आफ्ना दमित कुण्ठाहरूलाई पूर्ति गर्नका निमित्त स्वैरकल्पनामा डुब्दछ । समयमा शुल्क बुझाउन नसक्नाका कारण प्रिन्सिपलले सधैं घृणाले हेर्दथ्यो । शैक्षिक भ्रमण जाँदा पकेट मनीको समस्याले गर्दा पेट दुखेको नाटक गरेर जाँदैन । उसलाई राम्रोसँग थाहा थियो ऊ भ्रमण नगए त्यो पैसाले दसैं मनाउन पुग्दथ्यो । गगनको आत्मबल पहिलेदेखि नै कमजोर देखिन्छ । ध्रुवहरूसँग स्कुल हापेर फिल्म हेर्न जाँदा आफ्नो बाबाले उसलाई हेरे झैं लाग्छ अनि झस्याङ्ग भएर तर्सिन्छ । भने सबै साथीहरू मिलेर होस्टेलमा रक्सी पिउँदा तारा मिस आएर बोलेको जस्तो लाग्छ र उसलाई लाज लाग्छ । जनआन्दोलनको समयमा जुलुसमा हिँड्दै गर्दा राजेश हमाल (नायक) सँग भेट गरी गफ गर्दै घरतिर लाग्छ । सामान्य देखिएको गगनको व्यवहार एस.एल.सी. दिएर बसेको बिदामा खलबलिदै गएको देखिएको छ । उसको जन्मदिनमा एउटा नीलो नोटबुकमा आन्दोलनको अग्र भागमा भेट्न भनी लेखिएको हुन्छ । तर त्यो कसले पठाएको भन्ने गगनले पत्ता लगाउन सकेको छैन ।

गगनलाई कसैले महत्त्व दिँदैनन् विद्यालय, घर, परिवार, साथीहरू माझमा उसको सबैको अगाडि महान् बन्ने इच्छा कुण्ठा बनेर भित्र-भित्र दमित भएको छ । ऊ अध्ययन गर्ने हार्फ्रोड स्कुलमा शिक्षाको गुणस्तर झरेको छ । शिक्षणभन्दा बढी राजनीति भएको छ । देशको राजनीति र हार्फ्रोड स्कुलको राजनीति उस्तै-उस्तै छ । उसले आफ्नो व्यथा लेख्दै जाँदा बीचमा भनेको छ कृपया माफ गर्नुहोला, "नालीमा हुर्केको कीरासँग त्यही गन्हाउने नालीको कथा नै हुन्छ । स्वर्गको बगैंचाको त उसले कल्पना पनि गऱ्या हुँदैन, हैन र !

कल्पना गरिहाले पनि त्यो छेऊ न टुप्पाको हुनेछ, अवास्तविक !" (पृ.१८१) । गगनको मनमा हीनताबोधको भावना छ । आफ्नो स्थान सधैं तल ठान्दछ ।

गगनले परम्परागत शिक्षण पद्धतिप्रति व्यङ्ग्य गरेको छ । विद्यार्थी जीवनमा भोगेका दुःख पीडाहरू मार्मीक रूपमा उतारेको छ । मध्यमवर्गीय परिवारमा जन्मिएको गगन वर्गीय पात्रको रूपमा उपन्यासमा रहेको छ । बालकको विकास र प्रगतिमा समाज, घर परिवार र विद्यालयले सहयोग नगर्दा बालकमा पर्ने मनोवैज्ञानिक असरको ज्वलन्त उदाहरण मुख्य पात्र गगन हो । पहिला सामान्य र पछि असामान्य हुँदै गएको छ । उपन्यासमा गगनको चरित्र गतिशील छ भने स्वभाव अर्न्तमुखी रहेको छ ।

**(ख) ईश्वर थापा**

ईश्वर थापा गगनको बाबा हो । आफ्नो डायरीमा गगनले व्यक्त गरे अनुसार ईश्वर थापा राजनीतिमा संलग्न कार्यकर्ता हो । ऊ प्राय बाहिर हिँडिरहन्छ । चन्द्रकला गुरुङसँग सङ्घर्षपूर्ण अन्तरजातीय प्रेम विवाह गरेका ईश्वर थापाको पहिलो सन्तान गगन हो । दोस्रो सन्तान छोरी चाहिएको थियो तर प्रणय जन्मियो । त्यसपश्चात् प्रायः बाहिर नै बस्दछन् । आफ्नी श्रीमती र बच्चाहरूलाई धेरै माया गर्दछन् । गगनको मामा घरतिर धनी छन् भने बाबा घरतिर आर्थिकस्थिति कमजोर छ । थोरोको "पुरानो कोट लगाऊ, नयाँ पुस्तक किन" सिद्धान्तलाई अबलम्बन गर्ने ईश्वर थापा अरुको सहयोग अपेक्षा हैन आफू मेहेनत गर्नुपर्दछ भन्ने मान्यता राख्दछन् ।

किताब पढ्न रुचाउने थापा नेपाली लेखकदेखि लिएर विदेशी लेखक म्याक्सिम गोर्की, सालिन्जर, काफ्का, मार्केज जस्ता व्यक्तिहरूको लेख पढ्दछन् । म्याक्सिम गोर्की बन्ने सपनाले गर्दा होला आफ्नो छोराको नाम गोर्की राखेका थिए पछि राजनीतिक द्वन्द्व सुरु भएपछि त्यो नाम हटाए । आफ्नी श्रीमतीलाई भन्दै 'तिमी नै रोज यसको अर्को नाम, स्कुलमा गएर चेन्ज गराऊ नत्र बेकारमा फसिएला नामले गर्दा' । ईश्वर थापाको परिवार मध्यमवर्गीय परिवारको छ । आर्थिक समस्याका कारण घरमा झगडा हुनु, श्रीमान्-श्रीमती बीच हात हालहालसमेत भएपछि गगनको दिमागमा असर परेको छ । ससूराली पक्षमा धनी थिए । सहयोग गर्न खोज्दा पनि कहिल्यै ग्रहण गरेनन् । एकमात्र प्यारो साला बिहेमा पनि बाह्र वर्ष पुरानो कोट लगाएर गए, गगन, गगनको ममी, प्रणय पनि साधारण भएर गए ।

आफ्नो कान्छो सन्तान प्रणयलाई कहिल्यै काखमा लिएनन् । बाहिर घुमाउन लिएर जानु त परै जाओस् । यही सन्तान जन्मिएपछि श्रीमतीसँग पनि टाढा भएका छन् । एक दिन गगन र प्रणय लडिरहेका बेलामा अचानक ढोकाबाट हेरिरहेका ईश्वर थापाले 'गोक्स ए गोक्स ! त्यसलाई गोद् !' भनेर भन्छन् । 'हान् न यसलाई, ठीक पार्' (पृ.२३५) । नाक हान्दिएपछि रगत बग्दछ । ममी आत्तिदै छुट्टाउन खोज्छिन् तर ईश्वर थापा 'तेरो भाइ हैन त्यो ! जोरले हान्' (पृ.२३६) भन्दछन् । प्रणयले पनि कहिल्यै बाबा भनेर बोलाएन बरु ड्याडी भन्दथ्यो । गगनलाई पढाइमा जोड देऊ, गलत सङ्गत नगर, सादा जीवन उच्च विचार राख्नुपर्दछ भन्दै सम्झाउँछन् । गगन बिरामी हुँदा ईश्वर थापा एकदम पीर मानेका छन् । छोरालाई नकारात्मक वचनले पिराउन सक्दैनन् । यस्तो गर्न हुँदैन र यस्तो नगर्दा राम्रो हुन्छ भनेर सम्झाउँछन् । गगनको परीक्षाफल सोचे जस्तो आउँदैन र गगन चिन्तित हुन्छ । 'धेरै डुङ्गामा एकै चोटी यात्रा नगर मात्र एउटा राम्रो सपनालाई आफ्नो बनाऊ त्यसलाई पछ्याऊ' (पृ.२३८) । भन्दै गगनलाई ईश्वर थापाले सम्झाएका छन् ।

ईश्वर थापा आदर्शवादलाई पन्छ्याउने पात्रका रूपमा आएका छन् । आफ्नो परिवारप्रति गैरजिम्मेवार देखिएका थापा प्रायः बाहिर बस्ने, छोराको स्थिति कस्तो छ भनेर बेलैमा वास्ता नगर्ने, प्रणयलाई आफ्नो छोराको रूपमा स्वीकार नगर्ने, आफ्नो साथी बोइलन श्रीमतीसँग नजिकिदा पनि त्यति मतलब नराख्ने जस्ता केही नकारात्मक कुराहरू पनि ईश्वर थापाको चरित्रमा देखा परेका छन् । ईश्वर थापा शिक्षित, राजनीतिमा सक्रिय सादा जीवन उच्च विचार राख्ने, उदार मानवतावादी स्वावलम्बी पुरुष पात्र हो । आफ्नो पाखुरामा विश्वास गर्ने, चेतनशील तथा संवेदनशील सामाजिक पात्र हो । ईश्वर थापा उपन्यासमा यथार्थवादी पात्रका रूपमा प्रतिबिम्बित छ ।

### (ग) विजयराज लोहनी

पोखराको कुँडहरस्थित रहेको न्यू हार्फोर्ड मोर्डन बोडिङ स्कुलको प्रधानाध्यापक (प्रिन्सिपल) विजयराज लोहनी जसलाई विद्यार्थीहरू छोटो अर्थमा बिरालो भन्दछन् । पहिला अर्को बोडिङ स्कुलमा पढाउथ्यो पछि भाइस प्रिन्सिपल र डि.एन सरसँग मिलेर हार्फोर्ड स्कुल र होस्टेल खोलेको छ । ठूलो विल्डिङमा राम्रा र आकर्षित गर्ने पोष्टरहरू टाँसेको छ । कुरा भने आफ्नो विद्यालयलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने गर्दछ । तर शुल्क बुझाउन अलि दिन ढिलो भएमा सबैको अगाडि बेइज्जत गरी सजाय दिन्छ । अन्य शिक्षकहरूलाई कक्षामा

नेपाली बोल्नै नदिने बिरालो आफूले कक्षामा पढाउँदा चाहिँ दाँतबाट पसिना निस्कन्थ्यो अनि 'उहिल्यै हो छोडिसकेको, त्यही भएर बिर्सेछु, त्यसैले नबिर्सनुलाई दिनदिनै पढ्नुपर्छ, बुझ्यौं ?' (पृ १९७) । त्यसपछि अरु नै काम नलाग्ने कुरा गर्दथ्यो । स्वाङ भन्दा भ्वाङ ठूलो भने झैं अरु स्कुलका प्रिन्सिपल देखासिकी गर्नका लागि थाइल्याण्ड मसाज गर्न जान्थ्यो । सोझा अभिभावकसँगबाट लिएको चर्को शुल्कले वियर र मासु खान्थ्यो । बाटो नै बसाउने महङ्गो सेन्ट लगाउँथ्यो । गगनका बुबाआमा पनि आफ्ना छोराहरूको उज्ज्वल भविष्यका लागि राम्रो स्कुलमा पढाउन केही कसर छाडेका छैनन् । तर के थाहा उनीहरूलाई त्यही विद्यालय, घर परिवार र समाजले गर्दा गगन असामान्य गगन बन्न पुग्यो । हार्फोर्ड विद्यालयको वातावरण बालमैत्री छैन । विद्यालय त कमाउने भाँडो मात्र बनेको छ ।

विद्यालयका शिक्षक र प्रधानाध्यापकको ध्याउन्न सिकाउने भन्दा पनि परीक्षामा राम्रो अङ्क ल्याउनेमा केन्द्रित छ । खाए खा नखाए घिच भने झैं एस.एल.सी.मा आएर एक्कासी पढाइको बोझ थोपरेर रातभर पढ्न नदिइकन घोक्न लगाइएको छ । तसर्थ उपन्यासकार भन्छन् : 'पाठशालाहरूमा रोजीरोटीका लागि हैन मात्र गुरु हुन आएका हुन्छन्' । हाम्रो देशको परम्परागत शिक्षा प्रणालीको प्रतिनिधित्व गर्ने पात्र विजयराज लोहनी वर्गगत पात्र हो । एउटा बालक सक्षम र सन्तुलित मस्तिष्कको बन्नका लागि परिवार, समाज र विद्यालयको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । अरु सामान्य शिक्षक भएको र पछि पैसाको प्रलोभनले गर्दा दुष्ट र शोषक चरित्रणको लोहनी गतिशील पात्र हो । ऊ नेपालका अधिकांश निजी विद्यालयको प्रतिनिधि पात्र हो । यस उपन्यासमा प्रधानाध्यापकलाई खलपात्रका रूपमा चित्रण गर्न सकिन्छ । महङ्गो शुल्कमा होस्टेल चलाएर विद्यार्थीलाई पेटभरि खान दिएको छैन । चट्नी भनेको चाट्ने, मासु दुई पीस, जाली परेको घिरौलाको तरकारी, सोडा हालेर फुलाएको भात यहाँसम्म कि परीक्षामा थप कापी त सोचेर माग्नुपर्दथ्यो खेर फाल्नु हुँदैनथ्यो । व्यागपाइपरलाई कोकपाइपर बनाएर खाने लोहनीको व्यवहार त्यस स्कुलको यान्त्रिक शिक्षण पद्धति र भयपूर्ण वातावरणले डब्बुको मस्तिष्कमा नकारात्मक भावनाको विकास गरेको छ ।

### (घ) भूपति भट्टराई

भूपति गुरु नेपाली विषय पढाउने शिक्षक हुन् । शिक्षक भएर पनि रक्सी पिउने, चुरोट पिउने, खसी, ठूलो खसी जे को पनि मासु खाने, तास खेल्ने गर्दछन् । उनलाई रिस

उठ्छ । तास खेलेर हार्दाको रिस, बूढीसँग भएको झगडाको रिस, कवितासङ्ग्रह नबिकेको रिस, अरु के-के रिस विद्यार्थीलाई पिटेर शान्त पार्दथे । केटीहरूलाई बोक्सी र केटाहरूलाई डुकुलण्ठक भनेर थर्काउथे । विद्यार्थीलाई पिटे भन्दा बढी दुख्ने गरेर उखान टुक्काको प्रयोग गरेर चोटिलो प्रहार गर्दथे । ऊ गगनको बाबाको मिल्ने साथी हो । ईश्वर थापा र चन्द्रकला थापा बीचको सङ्घर्षमय प्रेमको कहानी गगनलाई भूपति गुरुले बताएरै थाहा भएको हो । गुरुका छ जना छोरीहरू मात्र थिए, छोरा थिएनन् । उनी श्रीमतीलाई दलाउने स्वभावका छन् । आफ्नै हातले पुग्न सक्ने चुरोट पनि बुढीसँग माग्छन् र सल्काई दिनुपर्दछ । 'तैले त छोरीछोरी मात्र दिइस् मलाई' (पृ.६८) । भन्दै छोरा पाउन नसकेको कमजोरीको आरोप श्रीमतीलाई मात्र लगाएका छन् ।

भूपति भट्टराई शिक्षित भएर पनि अशिक्षित जस्तै व्यवहार देखाएका छन् । उनले कविताहरू लेख्छन् । आफ्नै खर्चमा किताब निकालेका थिए । कहिल्यै नअस्ताउने घाम, तर त्यो किताब धेरै चर्चामा आएन । गुरुले आफ्नो साथीको छोरा भएर पनि होला गगनलाई माया गर्दथे । 'हेर गोर्की, असल साथीको सङ्गत गर्नुपर्दछ । विद्यार्थी भएपछि अल्पाहार, स्वान निद्रा, काक चेष्टा, बको ध्यान परिश्रमी हुनुपर्दछ । शरीरलाई हानी गर्ने अम्मलको सेवन गर्नु हुँदैन । जीवनमा केही न केही बन्ने सङ्कल्प राख्नुपर्छ । विष नभएको सर्प र इख नभएको मान्छे एउटै हो । रुढी परम्परा र अरु अन्धविश्वासले समाजलाई जर्जर बनाएको छ । यो देशमा तिमी जस्ता होनहार नौजवानहरूले क्रान्ति ल्याउनुपर्छ ।' भन्दै गगनलाई सम्झाउछन् । स्कुलमा प्रिन्सीपलले एस.एल.सी.को परीक्षामा अरु विद्यार्थीले राम्रो गर्न सक्नछन् भन्छन् तर गगनको नाम नलिँदा गुरुले भाषणको बीचमै सर गगनले पनि राम्रो गर्न सक्छ भनेका थिए । गगनको मानसिकस्थिति असामान्य भई हस्पिटलमा भर्ना भएर बस्ने बेलामा पनि उनले गगनलाई र ईश्वर थापालाई साथ दिइरहेका छन् । पितृसत्तात्मक समाजको रवाफ देखाउने भूपति गुरु आम शिक्षकको प्रतिनिधित्व गर्ने वर्गगत पात्र हो । आफ्नी श्रीमती र घरमा नकारात्मक देखिए पनि गगन र गगनको बाबालाई अन्तिम समयसम्म सहयोग गरेर सत् पात्रको रूपमा आएको गतिहीन पात्र हो ।

अतः पाठशाला उपन्यासमा बहुपात्रको प्रयोग भएको छ । सामाजिक यथार्थको धरातलमा लेखिएको यस उपन्यासमा परिवेश सुहाउँदा पात्रको प्रयोग गरिएको छ । उपन्यासको प्रमुख पात्र गगन थापा अन्तर्मूखी स्वभावको छ । ऊ लजाउने, आफ्नो परिवारको दुःख बुझ्ने, चञ्चल स्वभाव, अस्थिर मन, कल्पनामा डुब्ने स्वभावको देखिएको

छ । उसको बाबा ईश्वर थापा मानवतावादी, उदारवादी राजनीति, कर्तव्यनिष्ठ, स्वावलम्बी र आदर्श पिताका रूपमा चित्रित छन् । एक बालकलाई घर परिवार, समाज र विद्यालयले मनको भावना बुझ्न नसक्दा मानसिक अवस्था नै खलबलिन पुगेको देखाइएको छ । भूपति गुरुलाई पितृसत्तात्मक समाजको प्रतिनिधित्व गर्ने पात्रका रूपमा देखाइएको छ । यस्तै विजयराज लोहनी विगत र वर्तमानको नेपाली शैक्षिक प्रणालीबाट सृजित वेवास्ता र विभेदले जन्माएको एक निजी विद्यालयको अवधारणाको प्रतिनिधि पात्रका रूपमा आएका छन् ।

समग्रमा उपन्यासका पात्रहरू परिवेश सुहाउँदा छन् । यस उपन्यासमा आत्मलाभबाट चरित्रचित्रण गरिएको छ । प्रत्यक्ष र नाटकीय दुवै विधिको उपयोग गरी पात्रको चरित्रचित्रण गरिएकोछ । पाठशाला उपन्यासमा चरित्रको बाहिरी चित्रण गर्दा कथयिताले व्याख्यात्मक पद्धति अपनाएका छन् भने विचार र भावना प्रस्तुत गर्दा नाटकीय पद्धतिको उपयोग गरेका छन् ।

### ४.२.३ परिवेश

तीर्थ गुरुङद्वारा लिखित पाठशाला उपन्यासमा नेपालको पोखराको शहरिया परिवेश देखाइएको छ । उपन्यासको मुख्य कार्यस्थल कास्की जिल्लामा पर्ने पोखराको माटेपानी, अमरसिंह, महेन्द्रपूल, काँहुखोला प्रमुख कार्यस्थलका रूपमा आएका छन् । गगनको घर काठमाडौं टिचिङ्ग अस्पताल, न्यू हार्फोर्ड बोर्डिङ्ग स्कुल, होस्टेलको कार्यपीठिकाका रूपमा आएका छन् । उपन्यासमा सबैभन्दा बढी आएको स्थान गगनको होस्टेल र स्कुल हो । पोखराको एक साँघुरो कोठामा गगन थापाको जन्म भएको छ । गगन बाह्र ठाउँमा डेरा सर्ने प्रक्रिया, त्यो साँघुरो कोठा, हार्फोर्ड बोर्डिङ्ग स्कुलको पक्की भवन, खेल मैदान, होस्टेल, साथीहरूसँग फिल्म हेर्न जाने जस्ता क्रियाकलाप गर्ने शहरी परिवेशमा हुर्किएको केटा हो । गगन एस.एल.सी. दिनका लागि होस्टल बस्दछ त्यसपछि नयाँ परिवेशको सुरु भएको छ ।

सागरमा गाँगर अटाउने भने झैं गुरुङले थोरैमा धेरै भन्न सक्ने कला प्रस्तुत गरेका छन् । एस.एल.सी. दिने बेला र एस.एल.सी. दिएपश्चात्को समयलाई लिएर कथानक तयार पारिएको पाठशाला उपन्यासमा एक किशोरको बालमनोविज्ञान देखाइएको छ । एकातिर निजी विद्यालयहरूको खोक्रो शिक्षाप्रणाली देखाइएको छ भने अर्कातिर २०४६ सालको परिवर्तनको सेरोफेरोबाट गणतन्त्रको यात्रा र २०६२ सालको राजनीतिक चित्र देखाइएको छ

। सानोमा होनाहार विद्यार्थी एस.एल.सी. दिएपश्चात् मानसिकस्थिति बिग्रदै गएपछि अस्पतालका बेडमा असामान्य क्रियाकलाप देखाइएको सन्दर्भ उपन्यासमा आएको छ ।

मध्यमवर्गीय परिवारको गगन आर्थिकस्थिति कमजोर भएको पात्र हो । त्यसका बाबजुद पनि होस्टेल गएपछिबाट एस.एल.सी. दिएपश्चात् उसको अवस्थाको चित्रण नै उपन्यासको मुख्य परिवेश हो । यसले परम्परागत शिक्षण पद्धतिप्रति ठूलो व्यङ्ग्य गरेको छ । एउटा सिजोफ्रेनिक किशोरको माध्यमबाट राजनीति र समाजमाथि कठोर पथप्रदर्शकको काम गरिएको छ । तीर्थ गुरुङको पाठशाला उपन्यास किशोरहरूकै आवाज हो । खासमा शहरीयाहरूको त्यो पनि निजी विद्यालयका । यस उपन्यासका माध्यमबाट गगन थापाले एउटा डायरीबाट परिवार, समाज र स्कुलको साँगोपाँगो तस्वीर कोरेको छ । भूपति गुरुको श्रीमतीलाई दमन गरेको क्रियाकलापले गर्दा पितृसत्तात्मक समाज अझैं पनि विद्यमान छ । हरिश विकलाई विद्यालयमा अरु विद्यार्थीसँग सँगै बसेर खान नदिने र सीता परियार आन्टी गगनको घरमा आउँदा खाना खाएको भाँडा आफैं माझेको जस्ता क्रियाकलापले गर्दा छुवाछुत प्रथा अझैं कायमै छ भन्ने परिवेश देखाइएको छ । यस्तै गगन बिरामी पर्दा अस्पतालका साथै धामीझाँक्रीमा विश्वास गरेका छन् । २०५२/०५३ सालको माओवादी आन्दोलन र २०६२/०६३ सालको जनआन्दोलनको सन्दर्भलाई उपन्यासमा देखाइएको छ ।

गगनको कान्छा मामाका माध्यमबाट नेपाली नौजवानहरू ब्रिटिशमा भर्ती हुने प्रचलन देखाइएको छ । यस्तै एकदिन अचानक प्रेम अङ्कललाई आर्मीका केही मानिसले सुराकी गरेको भनी पक्रेर लैजान्छन् । उसलाई लगेपछि ईश्वर थापालेसमेत आफ्ना राजनीतिसँग सम्बन्धित किताबहरू जलाउँछन् र छोराको नाम नै परिवर्तन गराउछन् । हिजोको त्यो द्वन्द्वकालिन अवस्थामा नेपालका कुनाकुनामा राजनीतिक दलहरूले भूमिगत भएर बस्ने, कर्फ्यु लाग्ने, ५ मिनेटको दुरी पार गर्न चेक जाँच गर्ने परिस्थितिले सन्त्रासमय परिवेशको पनि सङ्केत गरिएको छ । गगनका आमाबाबाका माध्यमबाट अन्तरजातीय प्रेम विवाह गरेको सङ्घर्षमय सन्दर्भ देखाइएको छ ।

मध्यमवर्गीय परिवारको आर्थिक समस्या, हरेक शैक्षिक भ्रमण र पिकनिकमा पेट दुखेको नाटक गर्नुपरेको दयनीय अवस्था, विद्यालयमा शिक्षकले विद्यार्थीको स्तर हेरेर गर्ने व्यवहार, होस्टेलमा वार्डेनको यौनशोषण, घर्ती सरको कुटपिट, होस्टेलको बिरामी बनाउने कुपोषित खान र राजनीतिक आन्दोलनमा गगन पनि सहभागी भएको सन्दर्शहरू मुख्य परिवेश बनेर आएको छ ।

समग्रमा प्रस्तुत उपन्यासको वातावरण दुःख र त्रासले भरिएको छ । विकृति र विसङ्गितले किचोलेको, विथोलेको देखिन्छ । उपन्यासको प्रारम्भमा नै गगनले मानसिकस्थिति खलबलिएर आक्रामक व्यवहारका कारण उसका मामा, भाइ र आमासमेत गाडीबाट बीच बाटैमा झर्नुपरेको छ । गगनको बालापान दुःख, कष्ट र विरहले भरिएको हुनाले पारिवारिक वेमेल, आर्थिक समस्या र विद्यालयको कलुषित वातावरणले महत्त्वपूर्ण स्थान पाएको छ । उपन्यासको शुरुआतदेखि नै गगनको दुःखकष्टले भरिएको जीवन, बिस्तारै असामान्य बन्न गएको उसको मानसिक स्थितिका कारण पाठक भावविह्वल भएका छन् । निजी विद्यालयका खोक्रा आडम्बर, आर्थिक, समस्याले पिछडिएको र जोखिमपूर्ण जीवनशैलीको चित्रण गरिएको छ । यसका साथै तरकारी भैँया र लिलीको मृत्यु भएपछि पागल बनेकी सीता परियारको कारुणिक अवस्था, नीजि विद्यालयमा न्यून तलबमा पढाउन बाध्य ओम सर जस्ता पीडित पात्रको दयनीय अवस्था पनि उपन्यासमा परिवेश बनेर आएको छ ।

### ४.२.४ दृष्टिबिन्दु

पाठशाला उपन्यासको प्रमुख पात्र गगन हो । नीलो नोटबुकको समाख्याता गगन यस उपन्यासको केन्द्रीय पात्र हो । नीलो नोटबुकको पहिलो परिच्छेदमा हा हा हा डब्बु ! भन्ने शीर्षकमा आफ्नो परिचय दिएको छ । यदि माथिका कुराहरू बबाल लागेर तपाईंलाई मप्रति हल्कामात्र पनि रुचि लाग्न गयो भने म मख्ख पर्नेछु तर मलाई माफ गर्नुहोला, माथिका कुराहरू सबै सत्य छैनन् । अरुलाई देखाउनका लागि मात्र त्यस्तो लेख्या हुँ, उदाहरणका लागि रडको बारमा त्यस्तो हार्ड एन फाष्ट नियम हैन, नीलो शान्तिको प्रतीक र त्यस्तै हरियो...' (पृ.८) । आफ्नो विद्यालय र परिवारका बारेमा वर्णन गरेको छ । उपन्यासमा म पात्रले आत्मलाभशैली अपनाएका छन् र गगनले पनि नोटबुकमा गगनको दृष्टिबाट घटनाहरूको बेलिबिस्तार गरिएको हुनाले यसमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उपन्यासमा बसमा मुख्य पात्र गगन र म पात्रको भेट भएको घटना र अन्तिममा गगन मानसिक वार्डमा भर्ना भई बसेको अवस्थाको वर्णन, म पात्रले र नीलो नोटबुकको हरियो अक्षरमा लेखिएको घटनाहरूको वर्णन् गगनले गरेको छ ।

नोटबुकको अन्त्यमा गगनले 'मैले यस्ता कुराहरू ममीलाई, बालाई, कसैलाई पनि भन्या छैन हैन ! अरुले मलाई भेजा भन्न बेर छैन, ममीलाई थप टेन्सन हुने कुरा हैन !'

(पृ.२३९) । भनेर आफ्नो अवस्था असामान्य बन्दै गएको कुरा दर्शाएको छ । उपन्यासको सुरुआतमा म पात्रले 'नमस्कार, नमस्कार नमस्कार छ है सबैलाई अमरसिंह चोकमा बसभित्र पस्नेबित्तिकै एक जना गोरो, अग्लो र दुब्लो युवकले मुसुमुसु हाँसेर सबैतिर हात हल्लायो' (पृ.१) । भन्दै कथानकको शुरु गरेका छन् । त्यसो त उपन्यासमा मुख्य पात्र गगनको नोटबुकको प्रसङ्ग धेरै आएको हुनाले प्रथम पुरुषको प्रयोग भएको छ भने म पात्रले गगनको मानसिक अवस्थाको वर्णन गर्दा तृतीय पुरुषको प्रयोग गरी कथानक टुङ्ग्याइएको छ । यस उपन्यासमा प्रमुख पुरुष दृष्टिबिन्दुको प्रधानता छ ।

### ४.२.५ भाषाशैली

यस पाठशाला उपन्यासमा गद्य भाषाशैलीको प्रयोग गरिएको छ । साथै उपन्यासको कथावस्तुलाई सरल, सहज भाषाका माध्यमबाट अगाडि बढाइएको छ । कथानक अगाडि बढ्ने सन्दर्भमा कतै शहरी किशोरको लवज जस्तै हेब्बी, लास्टै, बोर जस्ता शब्दले रोचक बनाएको पाइन्छ । यसका कारण उपन्यासमा शहरको वातावरण, नीजि विद्यालयका वातावरण र राजनीतिक सन्दर्भलाई देखाइएको छ । उपन्यासमा कथावस्तुको ठाउँमा भाषालाई घुमाई, फिराई नगरी छोटोछरितो ढंगले वर्णन गरिएको छ । यो मात्रै होइन, भाषा र संवादलाईसमेत नचाहिने घुमाइफिराई गरिएको छैन । उपन्यासको भाषा कलात्मक, छोटाछोटा वाक्य गठन, सामान्य बोलीचालीको भाषा, किशोरहरूको चलनचल्तीको भाषा आदिले भाषा आकर्षक बनेको छ । यसमा प्रयुक्त केही मुख्य पात्रले प्रयोग गरेको लवजका नमूनालाई यस प्रकार उल्लेख गर्न सकिन्छ :

- निर्मलाजस्तो च्वाँक केटीहरूले केही गर्न अह्राएमा नाइँ भनेर नमान्ने केटा परिनँ म (पृ.९) ।
- हुन त हेबी ढँटुवा हुँ तर पनि तपाईंलाई पूरा इमान्दार भएर मेरो जीवनबारे, होइन-होइन, मेरो खाते जीवनबारे बताउने प्रयास गर्दछु (पृ.१०) ।
- जसले हेर्दैन भन्छ, त्यो पाखण्डी हो, साच्चैको हेर्दैन भने त्याये छक्का हो, छक्का (पृ.३६) ।
- लेडिज एण्ड जेन्टलमेन, प्लिज वेल्कम मिस्टर चित्राङ्गत सिग्देल, द प्रेसिडेन्ट अफ ( पृ.४१) ।
- ए कुहिएको अदुवा : भैलो । एक घरका सबै पदुवा : भैलो (पृ.१०९) ।

- यू कान्ट टिच एन ओल्ड डग न्यू ट्रिक्स । (पृ.११२) ।
- उदैं बोडल, म उदैं, पा मयाई हेय या !!! (पृ.१६६) ।
- एपेन्डिक्स भनेर मेरो तुन्तुर पो काट्नु होला है ? (पृ.१८७) ।
- मान्छेहरू बाह्र हात उफ्रँदै अगाडि बढे र कराउन थाले, प्रतिगमन मूर्दावाद ! मुर्दावाद ! (पृ.२३२) ।

यसरी यी लगायत अन्य केही वाक्य युनिक, फ्रेस, बोङ जस्ता अङ्ग्रेजी शब्द र विद्रोहको झिल्का, क्रान्तिको ज्वाला जस्ता शब्दले अङ्ग्रेजी तथा राजनीतिक शब्दहरूको पनि प्रयोग भएको भेटिन्छ । भाषाका दृष्टिले कलात्मक बनेको उपन्यासका कतिपय ठाउँमा अश्लिल लाग्ने खालका फोहर-फोहर सन्दर्भ पनि आएका छन् । तारा मिसको पारदर्शी साडी भित्रबाट नाइटो देखेको, हस्तमैथुन गरेको र होस्टेल वार्डेनको यौन शोषण जस्ता शब्दको प्रयोगले भाषाको सौन्दर्यमा असर पारेको छ । यस्ता भाषिक लवजको प्रयोग नगरेको भए पाठशालाको भाषिक शिल्प पक्षलाई उत्तम दर्जामा राख्न सकिने धेरै सम्भावना देखिन्छ । किनकि अश्लिल शब्दको प्रयोगले उपन्यासमा पात्रको सामाजिक वर्गीय तथा चेतनागत हैसियत दर्शाए पनि साहित्यको कला र सौन्दर्य पक्षलाई ठूलो असर पुऱ्याउँछ । साहित्यमा अश्लील शब्दको प्रयोगलाई दोष मानिदै आएको हुनाले आगामी दिनमा लेखक यस्ता सन्दर्भमा सचेत हुन आवश्यक देखिन्छ । अभिव्यक्तिको विशिष्ट कलालाई भाषाशैली भनिन्छ । उपन्यासको भाषा सम्पूर्ण पाठकले बुझ्ने र रुचाउने हुनुपर्दछ ।

## ४.२.६ उद्देश्य

उपन्यासमा पोखरेली जीवनशैली आएको छ । पोखराको रहनसहन, परिवेश, शैली, सांस्कृतिक पक्ष, धार्मिक आडम्बर, राजनीतिक आन्दोलन, निजी विद्यालयको वातावरण आदिले मानवीय जीवनमा पारेको प्रभावलाई उपन्यासमा देखाइएको छ । पारिवारिक समस्या र विद्यालयको वातावरणले गर्दा सामान्यबाट कसरी मानसिक रोगको सिकार हुन पुग्यो भन्ने सामाजिक यथार्थ यस उपन्यासमा उतार्न खोजिएको छ । उपन्यासमा घटना, चरित्र र परिवेश जस्ता कुराका माध्यमबाट लेखकले परम्परागत शिक्षण पद्धतिप्रति व्यङ्ग्य गर्दै एउटा बालक योग्य, सक्षम र सन्तुलित मस्तिष्कको नागरिक बन्नका लागि परिवार, समाज र

विद्यालयको उत्तिकै योगदान हुनुपर्दछ । यदि सहयोग नपाएमा गगन जस्तै मानसिक रोगी हुन अन्य कयौं गगन बाध्य हुन्छन् भन्ने चेतना दिन खोजिएको छ ।

उपन्यासमा नाकाबन्दीको समयमा सर्वसाधारणले खेप्नु परेको दुःख, कर्फ्यु, आन्दोलनले गर्दा त्रसित वातावरणको चित्रण भएको छ । निजी विद्यालयको कक्षाकोठामा विद्यार्थीलाई राम्रोसँग नपढाउने र ३ घण्टे परीक्षामा विशिष्ट श्रेणीको अपेक्षा राखेर विद्यार्थीलाई दबाब दिने शिक्षकप्रति व्यङ्ग्यको तीर प्रहार गर्न खोजिएको छ । असल विद्यालयमा हुनुपर्ने शिक्षक, शिक्षार्थी र अभिभावकको त्रिकोणात्मक सम्बन्धको अभावलाई पनि उपन्यासमा देखाइएको छ ।

उपन्यासमा गगनले भोगेका आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक समस्याको सांगोपांगो केलाइएको छ । गगनको खाजाको टिफिनमा सधैं भुटेको भात हुने भएकाले कहिल्यै प्यारो विद्यार्थीमा नगनिएको, शैक्षिक भ्रमणमा नाटक गरी नगएको, होस्टेलमा सबैको महंगो सुटकेस हुँदा उसको टिनको थोत्रो बाकस, ममीको पुरानो साडी, बाको १२ वर्षे पुरानो कोट जस्ता कारुणिक सन्दर्भलाई उपन्यासमा यथार्थ रूपमा देखाइएको छ । भुक्तभोगी पात्रका माध्यमबाट लेखकले उपन्यासका कथानकमा सजिवता प्रदान गर्न सफल भएका छन् । उपन्यासमा प्रयुक्त घटना, चरित्र, परिवेश जस्ता कुराहरूका माध्यमबाट लेखकले गरिबीका कारण जीवन सङ्घर्ष गर्दै बाँचेका गगनको परिवार सीता परियारको परिवार र माओवादी जनयुद्ध चर्कदै गएपछि पोखराको शिक्षा, स्वास्थ्य, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा के कस्ता समस्याहरू आइ परेका छन् भन्ने कुरालाई देखाउन खोजिएको छ । यसका साथै यस उपन्यासमा  राजनैतिक चेतनाका विषयहरू उठाइएको छ । राजनैतिक विषय उठान भए पनि विषयलाई चरित्र सुहाउँदो गरेर प्रस्तुत गरिएको छैन ।

आफ्नै पाखुरामा विश्वास गर्ने ईश्वर थापा राजनीतिक दलसँग सम्बन्धित भई देशको भलो चाहने व्यक्तिले परिवार चलाउन के कस्ता बोझहरू उठाउनु परेको छ भन्ने कुराको यथार्थलाई देखाउन खोजिएको छ । नीजि विद्यालय सञ्चालन गरी चर्को महशुल लिई विद्यालयलाई अन्तर्राष्ट्रियस्तरसम्म लैजाने चुरीफुरी देखाउने तर अलि दिन शुल्क बुझाउन ढिलो भएमा सबैका अगाडि बेइज्जत गर्ने विजयराज लोहनीको शोषक प्रवृत्तिलाई देखाइएको छ । गल्ती के छ भनी विचारै नगरी निर्धात रूपमा कुट्ने घर्ती सर र गोर्खे लौरीको आडमा विद्यार्थीलाई शारीरिक यातना दिइरहेका अन्य शिक्षकवर्गहरूप्रति पनि व्यङ्ग्य गरिएको छ ।

दुःख जीवनको निर्मूल गर्न नसकिने, अर्थपूर्ण एवम् अपरिहार्य हिस्सा हो । मान्छेले कठिन परिस्थितिमासमेत जीवन जिउन सिक्नुपर्दछ । पुरानो कोट लगाऊ नयाँ पुस्तक किन थोरोको भनाइलाई अबलम्बन गर्ने, आदर्श पिताका रूपमा ईश्वर थापालाई उभ्याइएको छ । नीजि विद्यालयको एकल आकर्षण भनेकै अङ्ग्रेजी माध्यमको पढाइ हो । कक्षामा अन्य शिक्षक तथा विद्यार्थीलाई नेपाली शब्दको प्रयोग गर्न नदिने कट्टर नियम हार्फोर्ड स्कुलमा छ तर प्रिन्सिपललाई यो नियम लागु हुँदैन । हामी अङ्ग्रेजी भाषासँग यति लगाव भइसकेको छौं कि आफ्नो मातृभाषा नेपाली र आफू नेपाली भन्ने कुरा बिर्सिन लागि सक्यौं ।

यस उपन्यासमा करिब एक दशकको विद्यालय शिक्षा आर्जन गर्दाको शिक्षार्थी जीवन भोगाइका आयामहरूलाई नीलो नोटबुकमा उतारी पाठक समक्ष ल्याई अङ्ग्रेजी माध्यमको विजोग, बोली र व्यवहारमा असमानजस्य, शिक्षाको सङ्कुचित दायरा, शिक्षक, विद्यार्थी र अभिभावकको सम्बन्ध, शिक्षालयमा शारीरिक, मानिसक तथा यौन हिंसा र शिक्षालय परिसरभित्र मापसे एवम् सुपसे जस्ता क्रियाकलाप अभिलेख गरी जनमानस समक्ष अभिलेख गर्ने काम उपन्यासकार गुरुङले पाठशालाको माध्यमबाट गरेका छन् । उपन्यासका दोस्रा प्रमुख पात्र ईश्वर थापाले हरेक चुनौतीहरूको सामना गरेको छ । घरभन्दा बाहिर धेरै बसे पनि बाबुको कर्तव्य निभाइरहेको छ । घर, परिवार, समाज र विद्यालयले समयमै साथ नदिनाले जसरी गगन मानसिक रोगी हुन पुगेको छ त्यसरी नै अरु कुनै किशोर किशोरी गगन जस्तै नहोस् भन्ने उद्देश्य उपन्यासमा निहित छ । यस उपन्यासमा उत्तरआधुनिक चेतना पनि पाइन्छ । उपन्यासकारले उपन्यासमा विभेदमा पारिएको पात्र गगनलाई केन्द्रमा ल्याएका छन् ।

समग्रमा विगत र वर्तमानको नेपाली शैक्षिक प्रणालीबाट सिर्जना भएको वेवास्ता र विभेदले जन्माएको एक निजी विद्यालयको अवधारणाप्रतिको चित्रण गरी आगामी पुस्तामा चेतना प्रदान गर्ने काम पाठशाला उपन्यासले गरेको छ । कम आय आर्जनका कारण अभाव हुन्छ । पारिवारिक कलहले आफ्ना सन्तानप्रति नकारात्मक असर पर्दछ भन्ने सार नै उपन्यासको मूल उद्देश्य हो भन्ने बुझिन्छ ।

### ४.२.७ निष्कर्ष

पाठशाला उपन्यासले एक किशोरको विद्यार्थी जीवनमा उनले भोगेका उत्तारचढावका कथालाई बोकेको छ । घर परिवार समाज र विद्यालयका कारण सियोफ्रेनिया

रोगको शिकार हुन पुगेको गगनको उत्पीडन तथा भोगाइलाई मार्मिक ढंगबाट प्रस्तुत गरिएको छ । तीर्थ गुरुङको पहिलो उपन्यास पाठशाला कास्की जिल्लाको पोखराको सीमित परिवेश रहेका छन् । पोखराको माटेपानी, भद्रकाली, अमरसिंह, महेन्द्रपुल, दीप उपन्यासको मूल थलो हो । उपन्यासमा गगन थापाको किशोरवस्थाका उतारचढावलाई हार्फोर्ड विद्यालयका माध्यम बनाई अभिव्यक्ति गरिएको छ ।

गगन थापा मुख्य पात्र हो भने गगनकी आमा, बाबा, भूपति गुरु सहायक पात्र हुन् । तारा मिस, घर्ती सर, ट्रिपल आर सर, प्रणप, मामा, अगम सर, पदम, हरिश, ध्रुव, निर्मला, शान्ति, लिली, सीता परियार, प्रेम अङ्कल, तरकारी भैया आदि गौण पात्रका रूपमा आएका छन् ।

जनआन्दोलनको समयमा भएको राजनीतिक आन्दोलन मट्टितेल नभएर दाउरामा खाना बनाएर खाएको अवस्थालाई देखाउँदै त्यसबेलाको कष्टपद जीवनयापनलाई देखाइएको छ । भूपति गुरुले आफ्नी श्रीमतीलाई आफूँले पुग्न सक्ने चुरोट पनि श्रीमती दिन लगाएर अझ सल्काइदिन लगाएको व्यहोराले पितृसत्तात्मक समाजको चित्रण गरिएको छ । शैक्षिक भ्रमण जानका लागि भन्दा दसैं मनाउने चिन्ता भएको हुँदा गगन नगएको अति नै कष्टकर अवस्था देखाइएको छ । स्कुलमा समयमा शुल्क नबुझाउँदा लज्जित भई भाग्न बाध्य बनाएको मानसिक द्वन्द्व उपन्यासमा मार्मिक भएर आएको छ । भनिन्छ नी साउनमा आँखा फुटेको गोरुले चैतमा पनि हरियो देख्छ भने झैं एकदिन गगन स्कुलबाट घर फर्किदा बाबा र आमाको ठूलो झगडा मात्र हैन हात हालाहालको अवस्था देखेपछि सधैं घर जानुभन्दा अगाडि त्यो दिन देख्न पर्ने त हैन भनेर सोचिरहन्छ ।

उपन्यासकारले कथानकको मध्य भागमा लिली पुसियनलाई चङ्गाले उडाएको प्रसङ्गलाई जोडेर अति रोचकपूर्ण रूपले स्वैरकल्पनाको प्रयोग गरेका छन् । त्यस चङ्गाले लिलीलाई उडाएर भूइँमा खसेर लिलीको मृत्युले गर्दा पनि गननको मानसपटलमा आघात पुगेको छ । विद्यालयमा समयमै पैसा तिर्ने, पैसावाला विद्यार्थीलाई र अन्य साधारण मध्यमवर्गीय विद्यार्थीलाई गरिने विभेदको तीतो यथार्थ उपन्यासमा देखाइएको छ । उपन्यासभित्र बाल मनोविज्ञानका कुरा, लैगिक विभेद, सामाजिक अन्धविश्वास तथा छुवाछुतका कुराहरू चित्रित छन् । साथै माओवादी र राज्य पक्षबाट साधारण जनताले शारीरिक र मानसिक यातना पाएका कुरा पनि उल्लेख गरिएका छन् । कसरी गगन जस्तो होनाहार विद्यार्थीलाई आफ्नो दिमाग र सुर अनुसार मात्र चल्दछ यो, भनेर गलत विश्लेषण

गरिएपछि यस्तै व्यवहारहरूबाट हिनताग्रन्थीको विकास भई चरममा पुगेको अवस्थाको मार्मिक यथार्थ उपन्यासमा चित्रित छ ।

**पाठशाला** उपन्यासको अर्को आकर्षक पक्ष भनेको यसको भाषा हो । गद्य शैली अझ भनु किशोर लवजलाई जस्ताको तस्तै उतारएको यस उपन्यासले पाठकलाई कौतुहलता उत्पन्न गराउने काम गरेको छ ।

प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग गर्दै सशक्त भाषाशैलीको प्रयोग गरेका छन् । आदिदेखि अन्त्यसम्म देखा पर्ने गगनको दृष्टिबाट उपन्यासको मूख्य केन्द्रबिन्दु गगन थापा हो । उसमै नै निहित भएर कथानकले गति लिएको छ ।

समग्रमा यस उपन्यासमा कथानक, चरित्र, पर्यावरण, भाषा र शीर्षकले किशोर जीवनको मनोविज्ञानको यथार्थ चित्रण गरेको छ । आर्थिक अभावका कारण भोग्नुपरेका मध्यमवर्गीय परिवारको दयनीय अवस्थाको चित्रण, मानसिक साथै शारीरिक द्वन्द्वको कुरा आएका छन् । अतः घर, परिवार र समाजले उचित वातावरण नै हो । विगत र वर्गमानको नेपाली शैक्षिक प्रणालीबाट सृजीत बेवास्ता र विभेदले जन्माएको विभेदको शिकार बनेको छ गगन थापा । हो उसैको माध्यमबाट अन्य शिक्षक तथा विद्यार्थी समय जनचेतना फैलाउन खोजिएको छ । नेपाल अविकसित हुनुमा खराब शिक्षा नै जिम्मेवार छ । यसको अर्थ हो सुशिक्षा भएन भने सुशासन कायम हुन असम्भव छ । समाज र देशको हरेक क्षेत्रलाई सुशिक्षा आर्जन गरेका नागरिकले मात्रै त्यही दिशामा हिँडाउन सक्ने भएकाले हामीले सुशिक्षातर्फ कदम अगाडि बढाउनुपर्छ र हाम्रा बालबालिकालाई पनि सुशिक्षाको वातावरण व्यवस्थित गराउनुपर्दछ भन्ने सन्देश यस उपन्यासबाट प्राप्त गर्न सकिन्छ ।

परिच्छेद : पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

२०२९ सालमा कास्की जिल्लाको मादी गाउँपालिका सिक्लेसमा जन्मिएका तीर्थ गुरुङ कवि तथा उपन्यासकार हुन् । आफ्नो बाल्यकाल सिक्लेसमा बिताए पनि हाल पोखरामा रहेका छन् । सोही बसाइँमा उनले साहित्यका माध्यमबाट आफ्ना विचार र अनुभूतिलाई प्रस्तुत गर्दै आएका छन् । नेपाली साहित्यको कविता र आख्यान विधामा रुचि राख्ने गुरुङको पहिलो औपन्यासिक कृति **पाठशाला** (२०७४) बाट नेपाली आख्यान साहित्यमा स्थापित हुने क्रममा रहेका छन् । जुनसुकै विषयवस्तुलाई समसामयिक दृष्टिले हेर्ने क्षमता भएका गुरुङ आफ्नो उपन्यासमा बाल मनोविज्ञान, युद्धकालीन परिवेशको चित्रण, मध्यम वर्गीय परिवारको आर्थिक अवस्था, नेपालको शिक्षा प्रणालीप्रति व्यङ्ग्य गरेका छन् । सरल, सहज, प्रभावपूर्ण शैली, उखान, टुक्का, बिम्ब, प्रतीक, अलङ्कारको प्रयोग गर्दै पात्र उपनुकूलका आँखालाई हेरेर लेखनको उद्देश्यलाई सार्थक पार्ने गुरुङले **पाठशाला** उपन्यास लिएर देखापरेकाले प्रस्तुत शोधपत्र सोही उपन्यासमा केन्द्रित रहेर तयार गरिएको छ ।

**पाठशाला उपन्यासको विधापरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुगठित बनाउन शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । शोधको पहिलो परिच्छेद शोधपत्रको परिचयमा केन्द्रित छ । यस्तै दोस्रो परिच्छेदमा उपन्यासको सैद्धान्तिक चिनारी र विकासक्रमको चर्चा गरिएको छ । उपन्यासको सैद्धान्तिक चिनारी दिने क्रममा विभिन्न विद्वान्ले दिएका उपन्यासका परिभाषा, अर्थ, स्वरूप तत्त्व वा उपकरणको चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा आधुनिक नेपाली उपन्यासका विभिन्न चरण तथा मोडहरूको व्याख्या गरिएको छ । **पाठशाला** आधुनिक उपन्यास भएकाले आधुनिक उपन्यासको स्वरूप र नेपाली औपन्यासिक सिद्धान्तलाई व्याख्या गरिएको छ । यसैगरि चौथो परिच्छेदमा तीर्थ गुरुङको जीवनी व्यक्तित्व र कृतिको व्याख्या गरिएको छ साथै यस शोधपत्रको सबैभन्दा महत्त्वपूर्ण खण्ड **पाठशाला** उपन्यासको तहगत आधारमा अध्ययन विश्लेषण गरिएको छ । सर्वप्रथम उपन्यासको कथावस्तुको वर्णन गरिएको छ । जहाँ एक किशोरको मानसिक द्वन्द्वलाई मुख्य विषयवस्तु बनाई कथानक अघि बढेको छ । यस्तैगरी क्रमश उपन्यास चरित्र चित्रणमा आमा, भूपती गुरु विजयराज लोहनी, अगम सर, घर्ती सर, ट्रिपल आर सर, हरिश,

पदम, लिलि, सीता परियार तथा अन्य सहयोगी पात्रको सङ्क्षिप्त चित्रण गरिएको छ । यसै क्रममा उपन्यासको परिवेश, दृष्टिबिन्दु, उद्देश्य, भाषाशैलीको सङ्क्षिप्त चर्चा गरिएको छ । यस्तै समग्र तत्त्वहरूको निचोड राखिएको छ । यस्तै शोधपत्रको पाँचौं अध्याय अगाडि चर्चा गरिएको कुराहरूलाई नै क्रमशः रूपमा प्रस्तुत गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

**पाठशाला** एउटा स्कुले केटाको डायरी हो । उसले परिवार, समाज र स्कुलको साँगोपाँगो तस्वीर कोरेको छ । उपन्यासले नेपालको स्कुले (महाविद्यालय-विश्वविद्यालयसहित) शैक्षिक परिपाटीमा हामी कहानेर चुकेका छौं भनेर एक भुक्तभोगीका रूपमा दस्ताबेजीकरण गरेको छ । एउटा किशोरको आमाबाबा बीचको सम्बन्ध, अभिभावक र सन्तानबीचको सम्बन्ध स्कुलका शिक्षकहरू, मिल्ने साथीहरू र विपरीत लिङ्गीहरू यी सबैप्रति उसको राग-अनुराग, हुर्कदै गरेको जवानीमा पलाउने सपनाले कसरी चिमोट्छ, प्रेमले कसरी जिस्क्याउँछ जस्ता पक्षहरू गुरुङको उपन्यासमा पाइन्छ । गुरुङले किशोर मनोविज्ञानलाई आत्मसात् गरेर नेपाली साहित्यमा नवीन प्रयोग गरेका छन् । पाठशालामा किशोरहरूको जिज्ञासा, प्रतिस्पर्धात्मक भाव, विद्रोहीपन, समष्टीहरूले प्रक्षेप गर्ने दबाब र उमेर जन्य गुम्फनहरूको सुक्ष्म निरीक्षण पाइन्छ ।

उपन्यासमा हरियो रंगले लेखिएको भाग गगन (डब्बु) गोर्की, थापाको डायरी हो । उसले एस.एल.सी. पश्चात् लेखेको त्यो नीलो रङ्गको डायरी 'म'पात्रले पोखराबाट काठमाडौं जाँदा बसमा भेटेको हुन्छ । डायरीमा गगनले १० कक्षामा अध्ययन गर्दाका प्रसङ्गहरू धेरै लेखेको छ । सँगसँगै उसले आफ्ना अभिभावकले गरेका सङ्घर्ष उनीहरूको झगडाले मनमा पलाएको डर, भाइको जिद्दीपन मामाको सम्बन्ध, साथीहरूसँगको सम्बन्ध स्कुलको वातावरण शिक्षकहरूका विभिन्न रूप मनमा उठ्ने प्रेमभावना एस.एल.सी. परीक्षा र परिणामले उठेको तनाव र ६२/६३ सालको जनआन्दोलनको प्रसङ्ग छ । नेपाली भाषामा लेखे पनि धेरै नै अङ्ग्रेजी शब्दको प्रयोग भएको छ । जुन कुनै ठाउँमा अलि बढी नै भएको छ । नेपाली नौजवानहरू विदेशी सेनामा भर्ती हुने प्रसङ्ग आएको छ । जसको ज्वलन्त उदाहरण उसको मामा र हजुरबा हुन् । पितृसत्तात्मक समाजको प्रतिनिधित्व गर्दै भूपति गुरुलाई उभ्याइएको छ । हरिश विकलाई अन्य विद्यार्थीसँगसँगै खाँदा अभिभावकहरू रिसाउने सन्दर्भले जातीय विभेदको कटु सत्य प्रस्तुत गरिएको छ ।

उपन्यासको सुरुआती खण्डमा रमाइलो छ भने अन्तिम खण्ड रहस्यमय छ । साथै तिथिमितिका संयोगहरू जस्तै गगनको जन्म बहुदल घोषणा भएको दिनमा हुनु, भाइको जन्म माओवादी द्वन्द्व सुरु भएको दिनमा हुनु यी सन्दर्भहरू प्रतीकात्मक छन् । उपन्यासमा गगनको स्कुले वातावरण धेरै आए पनि राजनीतिक परिवेशहरू पनि आएको छ । पञ्चायती व्यवस्थाको पनि चर्चा गरिएको छ । राजतन्त्रको अन्त्य र प्रजातन्त्रको घोषणा, गणतन्त्रका निम्ति भएको जनआन्दोलन विषयवस्तुका रूपमा आएका छन् । सामान्य रूपमा स्वस्थ गगन एस.एल.सी.को नतिजापश्चात् अनौठो किसिमको व्यवहार देखाउँदछ । ऊ आफैले पनि मलाई अनौठा महसुस भइरहेछ तर कसैलाई भनेको छैन भन्ने वाक्यले गगनको मानसिक समस्या चुलिँदै गएको थाहा पाइन्छ । उसलाई सिजोफ्रेनिया भन्ने रोगले ग्रस्त पार्दै लगेको हुन्छ । उसकै कारणले गर्दा लिलीको मृत्यु भएको ठान्दछ । यस्तै साना कुराहरूले उसको मनमा हिनभावनाले जरो गाडेको छ । ऊ एक्लै हास्ने कराउने गर्दछ । आन्दोलनको झण्डाबाट रगत बगेको देख्छ, राजेश हमालसँग कुराकानी गर्दछ । अनौठा व्यवहारहरू देखाउँदा पनि आमा र भाइले गगन सधैं अभिनय गर्न मन पराउने हुँदा त्यति वास्ता नगरिकन बसे । दुखियालाई दुःखले कहिल्यै छोड्दैन भने झैं एक त पहिल्यै दयनीय आर्थिक अवस्था भएको परिवारमा गगनलाई मानसिक रोग लाग्दछ । समय अगावै जन्मिएको बच्चा आमाको दूध खान नपाएको हुँदा एक बालकलाई चाहिने पौष्टिक तत्त्व पुगेको हुँदैन ।

सानोमा बाबा आमाको झगडा र सम्बन्ध राम्रो नहुँदा र अर्को कुरा आर्थिक स्थितिका कारण गगनलाई तनावै तनाव हुन्छ । अझ विद्यालयको वातावरणले गर्दा पनि गगनको स्थिति असामान्य बन्नमा मलजल हाल्ने काम गरेको छ । अन्तरजातीय विवाह गरेको जोडीको जेठो छोरो गगन र कान्छो प्रणय हो । राम्रै स्कुलमा पढाउनका निम्ति उनीहरूले जेनतेन निर्वाह गरेका छन् तर शिक्षक र स्कुलको वातावरण बालमैत्री छैन । स्कुल कमाउने भाँडो मात्र बनेको छ । स्कुलका शिक्षक र प्रिन्सिपलको ध्यान जति सिकाउनेभन्दा पनि परीक्षामा राम्रो अङ्क ल्याउनेमा बढी केन्द्रित छ । यान्त्रिक शिक्षण पद्धति र भयपूर्ण वातावरणले गगनको मस्तिष्कमा नकारात्मक भावनाकै विकास गरेको छ । उसको भित्री मनमा कसैप्रति पनि सम्मानको भावना छैन । टाठो र चलाख केटो हो, तर उचित वातावरणको अभावमा उसमा हीनभावनाले जरो गाड्दै गएको छ ।

लेखक गुरुङले **पाठशाला** लेखेर सम्पूर्ण किशोरावस्थाको कठघरामा घेरिएका हजारौं गोर्कीहरूको प्रतिनिधित्व गरेका छन् । लेख्नलाई कलम होइन, शब्द राम्रो हुनुपर्छ देख्नलाई

रूप होइन, व्यवहार राम्रो हुनुपर्छ । गुरुङले शब्दहरूको कलात्मक रूपमा प्रस्तुत गरेर उपन्यासको आकर्षण बढाएका छन् । उपन्यासमा भाषा, शब्द तथा वाक्यहरूको अति रोचकपूर्ण तवरले प्रयोग गरेका छन् । आफ्ना सन्तानको भविष्य सुनिश्चित पार्नका निम्ति अभिभावकहरूले विद्यालय पठाउँछन् तर विद्यालयमा शारीरिक तथा मानसिक यातना दिइरहेका हुन्छन् । उपन्यासमा पनि गगन थापालाई घर्ती सरबाट बसाइएको निर्मम गोर्खे लौरी नै **पाठशाला** उपन्यासको एक मूल परिघटना हो । प्रिन्सिपल एवम् होस्टेल वार्डेनको हातमा गोर्खे लौरी हुँदा शिक्षालय यातनालय हुने निश्चितै हुन्छ । हार्फोर्ड स्कुलका अभिभावकले समयमा फिस तिर्न नसकेर परीक्षामा बस्न नपाएको मानसिक पीडा पनि जोडदार रूपमा आएको छ । त्यसैगरी कक्षा दुईको आवासीय विद्यार्थी छात्रावासकै पुरुष शिक्षकबाट यौनहिंसामा पर्नु अति नै गम्भीर विषय हो । मानसिक रूपमा घायल विद्यार्थीले होस्टेल छाडेर भाग्नु अति नै पीडादायक छ । यसमा विद्यार्थी, अभिभावक र विद्यालय प्रशासन सजक हुनैपर्दछ भन्ने सन्देश उपन्यासले दिन्छ ।

## ५.३ शोधका लागि केही शीर्षक

बल तथा किशोर मनोविज्ञानमा केन्द्रित भएर लेखिएको यस उपन्यासले समाजका जल्दोबल्दो हामी सबैका समस्यालाई प्रतिनिधित्व गरेको छ । अबको पिँढीले यस्तो अपराध व्यहोर्न नपरोस् भन्ने ध्येयले रचना गरिएको यस उपन्यासको विधापरक अध्ययन भए तापनि अझै प्रस्तुत उपन्यासलाई साङ्गोपाङ्गो अध्ययन र विश्लेषण गर्न सक्ने विभिन्न आधार रहेका छन् । सोही कारण पाठशालामा गरिने दुर्व्यवहार र गलत शिक्षाप्रणालीको असर सम्पूर्ण विद्यार्थी तथा अभिभावकलाई नपरोस् भन्ने ध्येयका साथ प्रस्तुत उपन्यासलाई भावी दिनमा निम्न शीर्षकमा अध्ययन गर्न सक्ने देखिन्छ :

- 'पाठशाला' उपन्यासमा बाल/किशोर मनोविज्ञान,
- 'पाठशाला' उपन्यासमा अभिव्यक्त द्वन्द्व ।

प्रस्तुत उपन्यास बाल समस्यामा केन्द्रित रहेकाले बालमनोविज्ञान र किशोर मनोविज्ञानबाट पनि विश्लेषण गर्न सकिन्छ । त्यस्तैगरी नीजि विद्यालयहरूका विकृतिहरूलाई निर्मूल गर्नका निम्ति पनि शिक्षा प्रणालीहरूको साङ्गोपाङ्गो केलाउन सकिन्छ । त्यस्तै उपन्यासको थप चर्चा, परिचर्चा गर्नका लागि संरचनागत आधारमा विश्लेषण गर्न सकिन्छ ।

# सन्दर्भ सूची


गुरुङ, तीर्थ (२०७४), **पाठशाला,** काठमाडौं : बुकहिल पब्लिकेसन प्रा.लि. ।

............. (२०७४) 'पाठशालाको छोटो आत्मकथा', काठमाडौं: **नागरिक न्यूज**, साउन १९ ।

गैरे, ईश्वरीप्रसाद (२०७१), **आधुनिक नेपाली कथा र उपन्यास,** किर्तीपुर : क्षितिज प्रकाशन ।

धरावासी, कृष्ण (२०६२), **राधा** काठमाडौं : पैरवी बुक हाउस ।

पौडेल, विष्णुप्रसाद (२०६४), **उपन्यास समालोचना,** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** ललितपुर : साझा प्रकाशन ।

फाक्स, रैल्फ (१९८२ सन्), **उपन्यास और लोक जीवन**, नरोत्तम नागर, नई दिल्ली : पिपुल्स पब्लिसिङ्ग हाउस प्रा. लिमिटेड ।

बराल, कृष्णहरि र एटम नेत्र (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन ।

बेनेजर, स्याली सम्पा. (१९३३ सन्), **द अक्सफोर्ड इङ्गलिक्स डिक्सनरी,** भाग-७, बेलायत : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

भट्टराई, गोविन्दराज (२०६१), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

मगर, ठाकुर (२०७५), **सामाजिक र मनोवैज्ञानिक विषय मिश्रित उपन्यास,** काठमाडौं : समालोचना डेक्स ।

लोहनी, राम (२०७४), '२०७४ का आख्यान एक घोत्ल्याई', काठमाडौं : **अन्नपूर्ण पोष्ट** वैशाख १ गते ।

शर्मा मोहनराज (२०६६), **आधुनिक तथा उत्तरआधुनिक समालोचना** काठमाडौं : क्वेयर पब्लिकेसन

शिवाकोटी, रमा (२०६२), **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता,** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०६९), **नेपाली साहित्यको संक्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, लक्ष्मण (२०७४), 'पाठशाला कथा', काठमाडौं : **अन्नपूर्ण पोष्ट,** असोज २१ गते ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** ललितपुर : साझा प्रकाशन ।

**वेबसाइट**

डब्लुडब्लु डट नागरिकन्यूज डट कम ।

डब्लुडब्लु डट अन्नपूर्णपोष्ट डट कम ।

डब्लुडब्लु डट ताण्डवन्यूज डट कम ।

डब्लुडब्लु डट ट्वीटर डट कम ।